मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

ग्राची

संचेतना दैमासिक

पूर्णाङ्क २३ ०५५, असार-साउन

अथक मानवअधिकार योद्धा प्रकाश काफ्ले

मूल्य रु. १०/-

मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

ग्राम्ची

संतेवसा द्वैमासिक

पूर्णाङ्क २३ ०५५, असार-साउन

अथक मानवअधिकार योद्धा प्रकाश काफ्ले

मूल्य रु. १०/-

मानवका लागि मानवअधिकार,
मानवअधिकारका लागि उपयुक्त संस्कृति

प्राची
संचेतना द्वैमासिक

वर्ष ५, पूर्णाङ्क २३, असार - साउन ०५५

प्राची डबली २
प्रस्तुति /समवेत ३
प्रकाश-पुञ्ज कविता / नरनाथ लुइँटेल ४
उहाँ औसत मानिसहरुभन्दा निडर हुनुन्थ्यो/मदन भण्डारी.....५
प्रकाश साँच्चै प्रकाश थियो.....७
प्रकाश रिसाएको मैले कहिल्यै देखिन/सरीता काफ्ले १०
यातनाका अनेक रुप/प्रकाश काफ्ले १२
प्राचीको प्रकाशन र प्रकाश/ सुशील प्याकुरेल १४
प्रकाश काफ्लेलाई फेरि एक पटक सम्झँदा/प्रदीप नेपाल ... १५
प्रकाश बाँचेको भए.../कपिल श्रेष्ठ १७
मैले चिनेको प्रकाश काफ्ले/सुरेश आचार्य.....१८
फरासिलो र आकर्षक व्यक्तित्व/कणाद महर्षि १८
मेरो प्रकाश दाजु / कुन्दन अर्याल १९
अथक मानवअधिकार योद्धा/भीम रावल.....२१
मैले उहाँको समाचार टिप्न पाइन/शार्दूल भट्टराई २३
अपूर्णतामा पूर्णताको खोजी/आत्माराम शर्मा २४
अब प्रकाशलाई प्रकाशमा खोजिनेछ/राजव २५
प्रकाश काफ्लेको त्यो इच्छा/अशेष मल्ल २६
प्रकाश काफ्लेलाई सम्झँदा/कविता अर्याल.....२७
प्रकाश काफ्ले : शब्दचित्रमा.....२८
तस्वीरमा प्रकाश काफ्ले.....३१
प्रकाश काफ्लेले निर्देशन गर्नु भएको मार्ग ३२

संस्थापक : सुशील-प्रकाश

सल्लाहकार :
सुशील प्याकुरेल
डा. राजेश गौतम
कुन्दन अर्याल

सम्पादन : नरनाथ लुइँटेल/देविका तिमिल्सिना

आवरण : गोविन्द थापा, कलाकेन्द्र

ले-आउट : गोविन्द त्रिपाठी

व्यवस्थापन : समीर नेपाल

यस अंकका मुख्य सहयोगी :
आत्माराम शर्मा

अन्य सहयोगी
लेखनाथ भण्डारी, कृष्ण गौतम, प्रकाश ज्ञवाली,
गीता माली, रघुनाथ लामिछाने

मुद्रक : इन्द्रेणी अफसेट, बागबजार

पत्राचार
पत्र मञ्जुषा २७२६, काठमाडौं
टेलिफोन - २७०७७०/२७८७७०
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित

प्रकाश स्मृति विशेष :

प्रकाश काफ्ले र नेपालको मानवअधिकार आन्दोलन



प्रकाश साँच्चै प्रकाश थियो

मदन भण्डारी, मनमोहन अधिकारी, प्रदीप नेपाल, भीम रावल, राधाकृष्ण मैनाली, कपिल श्रेष्ठ, विश्वकान्त मैनाली, सुवास नेम्वाङ्ग, डा. बाबुराम भट्टराई, बद्रिप्रसाद खतिवडा, सुशील प्याकुरेल, मल्ल के सुन्दर र मार्शल जुलुम शाक्य

साथमा

प्रकाश सम्बन्धी विविध लेखहरू

सम्पादकज्यू,
प्राची द्वैमासिक

प्राचीको अंक २२ समयमै हात पऱ्यो। यसको आवरण पृष्ठ हेर्दैमा हृदय अत्यन्त प्रफुल्ल भयो। ०४६ सालको जनआन्दोलनको तस्वीरले पत्रिका सजाउनुभएकोमा मुरीमुरी धन्यवाद। यसका विभिन्न लेख र रचनाहरू पढ्दा खोजेको कुरा भेट्टाएको महसुस भयो। कवि हरिगोविन्द लुइँटेलद्वारा लिखित डाइबरको कविता मलाई निकै मन पऱ्यो। लेखहरूमा साहित्यकार नरनाथ लुइँटेलद्वारा लिखित "बिसँनै नहुने बलिदानको विरासत" ले हामी जनआन्दोलनको प्रत्यक्ष अनुभूति गर्न नपाएकाहरूलाई ०४६ सालको आन्दोलनको ताजा अनुभव पाएको महसुस भयो। त्यस्तै "जनआन्दोलनका शहीद र घाइतेहरू", "अझै खाटा बस्न सकेको छैन" भन्ने लेखमा रघुनाथ लामिछानेले धेरै नै मेहनत गर्नुभएको रहेछ, उहाँलाई धन्यवाद।

– विनोद अधिकारी
दमक, झापा

म मानवअधिकार विविध कुरा जान्न, बुझ्न र सिक्नको लागि सम्भव भएसम्म प्राची पत्रिका खोजेर पढ्ने गर्दछु। विगतका अंकभन्दा यो मोटो निकाल्नु भएकोमा धन्यवाद। यसका आगामी अंक पनि दुब्ला नहुन्। आशा गर्दछु, यसका आगामी अंकहरू पनि यसरी नै मोटाएर जाने छन्। यो अंकका प्रत्येक लेख, विचार, वार्ता अत्यन्त रोचक र ज्ञानवर्द्धक छन्। डा. राजेश गौतमको आलेख र सुशील प्याकुरेलको "जनआन्दोलन र आजको स्थिति" लेखहरूले मेरो मनलाई अति नै छोयो। कमला पराजुलीले लेख्नुभएको "शहादत प्राप्त गर्ने महिलाहरू" भन्ने लेखबाट महिलाहरूको सम्बन्धमा थप जानकारी प्राप्त भयो। यस्तै कथाकार देविका तिमिल्सिनाको कथा अत्यन्त मार्मिक छ। अन्य लेखहरू पनि रोचक र पठनीय छन्।

– महेश गौतम
बौद्ध-६, काठमाडौं

प्राची डबली

निकै मेहनत गरेर निकाल्नुभएको प्राचीको अंक २२ हात पऱ्यो। यस अगाडिका केही अंकहरू पढ्ने अवसर मैले पाइन। त्यो अवसर छुटेकोमा मलाई यो अंक पढ्दा निकै दुःख लाग्यो किनकि मानवअधिकारका सम्बन्धमा यसभन्दा अगाडि छापिएका रचनाहरू अध्ययन गर्न नपाउँदा धेरै कुरा गुमाएको महसुस भयो। आफू अध्ययनको क्रममा काठमाडौंमै रहँदा हराएका प्रभाकर सुवेदीको बारेमा कुन्दन अर्यालले लेख्नुभएको लेखले साथी प्रभाकरको सम्झना गरायो। पत्रकार लेखनाथ भण्डारीले लेख्नुभएको पासाङ्ल्हामु शेर्पासम्बन्धी लेख पनि अत्यन्त रोचक छ। नरनाथ लुइँटेलका दुवै लेख मलाई अति नै मन पऱ्यो। यस्तै अन्य ज्ञानमूलक सामग्रीहरूमा, डा. राजेश गौतम, सुशील प्याकुरेल, रघुनाथ लामिछाने, मीना पौडेलका लेखहरू संकलन योग्य छन्। धन्यवाद।

– विशाल "पर्वते"
नेपालगञ्ज

मानवअधिकार सम्बन्धी स्तरीय प्रकाशन प्राचीको चैत, वैशाख र जेठ अंक हात पऱ्यो। अन्य अंकको तुलनामा यो अंक निकै पठनीय पाएँ। आवरण नै निकै आकर्षक भेटियो। त्यसको लागि धन्यवाद। यस अंकका उल्लेख्य रचनाहरूमा विर्सनै नहुने बलिदानको विरासत अन्तर्गत जनआन्दोलन सम्बन्धी विभिन्न व्यक्तिहरूको भनाई अति नै राम्रो लाग्यो। अन्य रचनाहरू पनि पठनीय पाइयो।

– वासु ढुंगेल
नयाँ वानेश्वर
काठमाडौं

म प्राचीका अंकहरू पाएसम्म खोजेर पढ्ने गर्दछु। हालसम्म मैले सात-आठ अंक पढ्ने मौका पाएँ। यसमा अहिलेसम्म आएका लेख रचनाहरू आफैंमा त ठीक छन्। किनकि मानवअधिकारवादी संस्थाले निकालेको पत्रिकामा मानवअधिकार सम्बन्धी मात्र लेख रचना छाप्नु पनि ठीकै हो। तर यसखालका पत्रपत्रिकामा अन्य खालका लेख, रचना र विषयवस्तु समावेश गरेको मैले उल्लेख्य मात्रामा पाइन्। एउटा पत्रिकामा एकै खालका कुरा र विषय वस्तुमा आधारित लेखहरू पढ्दा अलिनो लाग्दो रहेछ। तसर्थ तपाईहरूले यसका आगामी अंकहरूमा, मानवअधिकारका साथै, साहित्यिक, ऐतिहासिक र विज्ञान सम्बन्धी रचनाहरूलाई पनि यथोचित स्थान दिनु भएमा सुनमाथि सुगन्ध हुने थियो। साथै यस पत्रिकाको स्तर र पाठक संख्या अरू बढ्ने थियो र तपाइहरूका विचार र कुराहरू पनि जनतामा सजिलै पुग्न सक्दथ्यो। पत्रिका खरिद गरेर घरमा लग्यो, खाली एकोहोरो मानवअधिकारका मात्र कुराले पढ्न नै दिक्क लाग्दोरहेछ। तसर्थ म आशा गर्दछु यसका आगामी अंकहरूलाई तपाईहरूले सुधार गर्नु हुने छ भन्ने विश्वास गरेकी छु। कृपया मलाई मित्र मनमा लागेका तीतो कुरा गरे। यसमा मलाई लागेको विचार मात्र व्यक्त गरेकी हुँ।

– लक्ष्मी दुःखी
कन्या क्याम्पस
विराटनगर

कहिल्यै ननिभ्ने प्रकाश

०४६ सालको सफल जनआन्दोलन पछि यो मुलुकको मानवअधिकार आन्दोलन केही समय अन्योलग्रस्त बन्यो । कतिपयले सोचे- अबको प्रजातान्त्रिक व्यवस्था र वातावरणमा मानवअधिकारको कामलाई आन्दोलनकैरूपमा लगिरहनुको के औचित्य छ र । त्यसो भए साँच्चै मानवअधिकार संस्थाहरूको ध्येय पूरा भइसकेको थियो त ? अहँ यस्तो छैंदै थिएन । थियो भने खालि दृष्टिकोणमा, सोचाई र विचारमा केही समस्या थियो । यो समस्यालाई व्यवहारिक ढंगले ठम्याउने र त्यसैलाई मियो बनाउने काममा प्रकाश स्वयं मियो बन्नु भयो । नयाँ परिस्थितिमा उत्पन्न अन्यौल र भमलाई चिरेर जोधाहा ढंगले मानव अधिकार आन्दोलनलाई नयाँ उचाइमा उठाउने र उठाइ छाड्ने काम प्रकाश काफ्लेले गर्नु भयो ।

हामीलाई हिजो पनि लागेको थिएन र आज पनि लागेको छैन कि प्रकाश काफ्ले इन्सेकको मात्रै सम्पति हो । मानवअधिकार संरक्षण मञ्चको संस्थापक महासचिव भएर नै उहाँ इन्सेकको पनि संस्थापक हुनुहुन्थ्यो । मानवअधिकारको सवाललाई जनताको प्रत्यक्ष सरोकारको विषय बनाउन उहाँ कष्ट साध्य प्रयत्नमा लाग्नु भयो र धेरै हदसम्म सफल पनि हुनुभयो । उहाँको यही सफलता इन्सेकको उर्जा हो, बल हो, प्रेरणाको मूल स्रोत पनि हो । यो देशको वस्तुगत धरातलमा उभिएर उहाँले अघि सार्नु भएको मानवअधिकार आन्दोलन सम्बन्धी अवधारणालाई आत्मसात् गर्दै इन्सेकले दश वर्षमा प्रवेश गरिसकेको छ । हामी उहाँलाई देवताको रूपमा होइन एउटा मार्गदर्शक, जीवन्त दृष्टा र कर्मशील मान्छेका रूपमा श्रद्धा गर्छौं । प्राचीको यो अंक कहिलै ननिभ्ने उनै प्रकाशको श्रद्धा र सम्झनामा समर्पित छ ।

समवेत

..... प्रकाश काफ्ले- सामाजिक अन्यायविरूद्ध असंख्य संघर्षको ऊ मेरो साथी, मेरो कमरेड। ऊ घर फर्कंदै थियो तर उसको लागि त्यो फर्काइ अपुरो रह्यो । ..... त्यति नजिक तर पनि धेरै टाढा।

प्रकाशसँग मेरो पहिलो भेट मई १९८९ मा भएको थियो र यतिखेर त्यो क्षण अविश्वसनीय लागिरहेको छ। यसर्थ कि जब त्यो अपर्याप्त तीन वर्षको अवधिमा प्रकाशका कामहरूको म स्मरण गर्छु। मलाई लाग्छ, म उसको जीवनकै उपलब्धिहरूको बारेमा ध्यानमग्न छु। फेब्रुअरी १९९० मा जब नेपाली जनता संयुक्तरूपमा प्रजातन्त्रका लागि संघर्षमा जुटे, प्रकाश संघर्षको अग्रिम मोर्चामा डटेको थियो।

महंगो विजयको रूपमा प्राप्त प्रजातन्त्रको सुरक्षार्थ जब नयाँ संविधानको निर्माण हुँदै थियो। उत्तेजनाका ती महिनामा प्रकाश र उसका साथीहरूले संविधानको सवाललाई जनस्तरसम्म पुऱ्याउन संवैधानिक सचेतनताको अभियान छेडेका थिए। यसर्थ कि, नेपाली जनताले जीवित संविधान पाउन सकून्। मात्र कागजमा मसीले कोरिएको संविधान होइन, अपितु, त्यो संविधान, जुन जनताको हृदयमा सदा सर्वदा बाँचिरहोस्।

नेपाललगायत् दक्षिण एशियामा विद्यमान सामाजिक अन्यायको विरोधमा मानवअधिकारका लागि अनगिन्ति लडाइमा समर्पित प्रकाशका काम कारवाहीको रूखो विवरणले मात्र कदापि त्यो मान्छेको गतिशीलता, मानवता तथा समर्पणलाई समेट्न सक्दैन। ऊ अथक योद्धा थियो .....

"माया गर्नु र मर्न दिनु के यो पर्याप्त छ?" लाग्छ यो चुनौती प्रकाशले बारम्बार हामीलाई दिनेछ। मसंग संस्मरणका लागि अनेकौ दिनहरू छन् जुन दिनहरूमा ऊ आफ्नै भलादमी पाराको हठ्मा हामीलाई थकित पार्थ्यो र जे गर्नु आवश्यक छ त्यो काम फत्ते गरी हाल्न हामीलाई जोताउथ्यो।

हामी मध्ये जसले प्रकाशलाई चिन्ने सौभाग्य पाएका थियौ, वेदना र क्षतिबाहेक अरू महसुस गर्न सक्दैनौ। यद्यपि यतिखेर प्रनि प्रकाश भने चुनौती दिदैछ। शोक मनाउनुभन्दा काम गर। .... म प्रकाशको सन्दर्भमा भूतकालमा सोचन, लेख्न र बोल्न सक्दिन।, यसर्थ कि, अझै पनि ऊ आफ्नो उपस्थिति जनाउने गर्छ। हिजोको त्यो मानवअधिकार कार्यकर्ता आजको त्यो दुःखान्त व्यक्तित्व मेरा लागि भोलिको आख्यान र नेता बनेको छ। मृत्यु, घमण्ड गर्नु व्यर्थ छ। प्रकाशका सपनाहरूलाई तँ निभाउन सक्ने छैनस्। उसका सपनाहरूलाई हामीले जीवित राख्न सकेमा प्रकाश पनि हामीसँगै बाँचिरहने छ।

– डा. क्लियरेन्स जे. डायस

तत्कालीन अध्यक्ष, इन्टरनेशनल सेन्टर फर ल इनडेभलपमेन्ट, न्यूयोर्क

उसको हामीसँगको सम्बन्ध दुई पत्रकार युनियनका कमरेडहरूबीचको जस्तै थियो। हामीले कहिल्यै ऊ पत्रकारिताभन्दा भिन्दै मानवअधिकारको काम गरिरहेको छ भन्ने अनुभव गरेनौं, न त उसले हाम्रो देशका लागि नभएर अर्को देशका लागि काम गरिरहेको छ भन्ने ठान्यौं।

– अनिल शुक्ला

तत्कालीन महासचिव, दिल्ली युनियन अफ वर्किङ जर्नालिष्ट

श्री काफ्लेको निधन नेपालको मात्र हैन, सम्पूर्ण दक्षिण एशियाके प्रजातान्त्रिक आन्दोलनका निम्ति अपूरणीय क्षति हो।

– डी. प्रेमपति

तत्कालीन अध्यक्ष, थर्ड वर्ड स्टडिज सेन्टर, नयाँ दिल्ली

प्रकाश-पुञ्ज

- नरनाथ लुइँटेल

मानवीय सम्वेदनाभित्र जसको मुटु
क्रुरताले सधैंभरि खान्थ्यो कुटु-कुटु
कालाम्य थ्यो धर्ती अनि कालै थियो आकास
अँध्यारोमै पिलिपलायो यौटा तीब्र प्रकाश ।

बोली छेक्न सन्सनाउँदै चल्थ्यो सँधै गोली
मान्छे ढाली मुस्काउँथ्यो रगतको होली
क्रुरताको छिनो लागी ढल्थे भकाभक
विरुद्धमा गर्ज्यो प्रकाश नमानेर धक ।

व्यथा होइन कथा होइन, यो हो एउटा गीत
मात्रै अब सम्झनाले मर्ने छैन धीत
पच्छ्याउँदै छ मान्छे जस्को पैतालाका डाम
प्रकाश हो आन्दोलनको अर्को गाढा नाम ।

राष्ट्रलाई ज्यान भन्दा धेरै माया गर्थ्यो
मानवता बचाउन सधैं अघि सर्थ्यो
न्यानो अनुभूति हुन्थ्यो पुग्दा उस्को छेऊ
ज्योति नै हो प्रकाश भन्नु उज्यालोको बीऊ ।

अहिले पनि आलो रगत उस्तै बगिरेछ
वस्तीभित्र मान्छे पोल्दै आगो लागिरेछ
पीडा खप्न नसकेर फाटेको छ आकास
टोल्हाएर खोजिरेछु, छैन मेरो प्रकाश !

छरे पनि टुक्रा तैंले दुष्ट घोप्टे-भीर
मानवीय गन्धसँगै डुल्छ यतैतिर
यै माटोको उब्जनी हो यही वन-कुञ्ज
दिग्दिगान्त निम्ने छैन मेरो प्रकाश पुञ्ज !

१६ साउन ०५३

उहाँ औसत मानिसहरूभन्दा निडर हुनुहुन्थ्यो

स्व. मदन भण्डारी

कहिले काँही भावना र विवेकको बीचमा अन्तर विरोध हुन्छ नै, भावनामा भित्र पत्यार गर्न गाह्रो छ कि प्रकाश काफ्ले अब हाम्रा बीचमा हुनुहुन्न। तर पनि यो तीतो सत्य हो, १६ गतेको त्रासदिपूर्ण विमान दुर्घटनामा प्रकाश काफ्लेलगायत् एक सय १३ जना स्वदेशी.र विदेशी नागरिकहरूको दुःखद् निधन भएको छ। १६ गतेको विमान दुर्घटनामा परेर आफ्नो अमूल्य जीवन गुमाउने सबै व्यक्तिहरूप्रति मेरो तर्फबाट र पार्टीको तर्फबाट समेत हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु। र, शोकसन्तप्त परिवारजनहरू, विभिन्न संघ-संस्थाहरू र राजनीतिक पार्टीहरू, अरू सरोकारका सम्बन्धित महानुभावहरू जो शोक सन्तप्त हुनुहुन्छ, उहाँहरू सबैको भावनाप्रति, वेदनाप्रति समवेदना व्यक्त गर्न चाहन्छु।

उपस्थित मित्रहरू! मलाई लाग्दैन कि यो कुनै मूल्यांकन सभा हो। यो कोणका बारेमा मूल्यांकन फेरि गर्दै गरौंला। अहिले यो प्रतिकात्मकरूपमा हाम्रा बीचका हाम्रा साथीहरू, प्रिय मित्रहरू, प्रिय सहकर्मीहरू, हाम्रा आफन्तहरू जो यसमा पर्नुभएको छ, उहाँहरूको सम्झना गर्दै एउटा स्वभाविक संस्कारअन्तरगत हामी अन्तिम संस्कारको प्रक्रिया अगाडि बढाउ भन्नाका लागि जो व्यक्तिहरू यहाँ उपस्थित हुनुहुन्छ। उहाँहरूलाई म यतिमात्र भनौं कि- प्रकाश काफ्ले हाम्रो पार्टीको सदस्य भएर, एउटा इमानदार व्यक्ति भएर पार्टीका उद्देश्यलाई, संघर्षका कार्यक्रमलाई कार्यान्वयन गर्नका निम्ति आफ्नो फाँटमा निष्ठावान भएर लागिरहनु भयो। व्यक्तिगतरूपले मैले संगत गर्दा के पाएको छु भने औसत मानिसहरू भन्दा निडर, औसत मानिसहरूभन्दा अली बढी उहाँ निर्मयी पनि हुनुहुन्थ्यो। जुन बेला हामीलाई भारतबाट अवैध साहित्य प्रकाशित गरेर भित्र्याउन पर्दथ्यो, त्यसबेला अरू-अरूले सामान्य २-४ प्रति जिऊमा लुकाएर जसोतसो ल्याउनुहुन्थ्यो भने प्रकाश मार्फत् हामीले धेरै पटक बोराका बोरा ल्याउन, भित्र्याउन सकियो। म यो निर्भयताका सन्दर्भमा उहाँलाई यसरी सम्झना गर्छु।

प्रकाश काफ्ले नेकपा (एमाले) को एउटा इमानदार सदस्य पनि हुनुहुन्थ्यो। उहाँले मानवअधिकारको क्षेत्रमा जिम्मेवारीपूर्वक काम गर्दै आउनुभएको थियो। यस सम्बन्धमा यहाँ अघि नै चर्चा भैसकेको छ। मैले त्यसमा कुनै व्याख्या गरिरहनुपर्दैन तर पनि म के अनुरोध गर्न चाहन्छु भने अझै पनि दुनियाँमा यस्ता धारणाहरू छन्- "कम्युनिष्ट पार्टी र मानवअधिकार भनेको भिन्दाभिन्दै खालका कुराहरू हुन्" मानवअधिकारको क्षेत्रमा त उहाँ काम गर्दै हुनुहुन्थ्यो तर उहाँ कम्युनिष्ट पार्टीमा पनि काम गर्नु हुँदोरहेछ भन्ने कसैलाई लागेको हुन सक्दछ। मैले यहाँहरूलाई यस्तो लागेको छ भनेको होइन। तर दुनियाँमा यस खालका धारणाहरू छन्। नेकपा (एमाले) को कुरा छ- नेकपा (एमाले) ले मानवअधिकारको क्षेत्रमा सम्पूर्णरूपले निष्पक्ष भएर मानवअधिकार उल्लंघन भएको ठाउँमा कुनै पनि किसिमले भेद नगरीकन काम गर्नका निम्ति प्रकाश काफ्लेलगायत् केही आफ्ना सदस्यहरू, सहयोगी र शुभेच्छुकहरूलाई लगाएको थियो। त्यो कार्यक्षेत्रमा उहाँले कुनै निष्ठा कम नगरी, प्रतिबद्धतामा कम नगरी काम गर्नुभयो। यो इमानदारितालाई, निष्ठालाई पनि म अहिले सम्झना गर्न चाहन्छु। एउटा राजनैतिक पार्टी, जो वास्तवमा कुनै धार्मिक, साम्प्रदायिक, कुनै जातीय, कुनै क्षेत्रीय भावना बोकेको छैन भने त्यस्तो साम्प्रदायिकतावादी होइन भने उसले आफ्नो पक्षमा लागेका जनताको मात्र भलो चाहदैन। उसले सबै जनताको भलो चाहनुपर्दछ। यो जनताको परिभाषाभित्र पर्दछ।

त्यसो हुनाले मलाई आश्चर्य छैन कि प्रकाश काफ्लेले मानवअधिकार संरक्षण मञ्चको एउटा जिम्मेवारको रूपमा काम गर्दा कुनै पक्षपात र भेदभाव नगरीकन अति नै धेरै चाँडो-चाँडो काम गर्ने, तत्तपरताका साथ काम गर्ने, कठिन ठाउँमा गएर रिपोर्ट ल्याउने, जाँचबुझ गर्ने, त्यसलाई बाहिर पठाउने, सार्वजनिक बनाउने यी सबै कामहरू उहाँले गर्नुभयो। ०४६ सालको जनआन्दोलन चलिरहेको बेला, हाम्रो पार्टी भूमिगत भएको बेला प्रकाश काफ्लेमार्फत् नै अन्तर्राष्ट्रिय जनमतलाई यो आन्दोलनको पक्षमा ल्याउने सन्दर्भमा हामीले हाम्रो पार्टीको तर्फबाट आफ्नो भूमिका लगाएका थियौ। प्रकाशले त्यतिबेला, यूरोप र अमेरिकामा भ्रमण गर्दा, सम्पर्क गर्दा विभिन्न आन्दोलनका सामाग्रीहरू

प्रकाशित गर्दा पार्टीको एउटा जिम्मेवार व्यक्तिको हैसियतले मलगायत् अरू जिम्मेवार हाम्रा कमरेडहरूले सम्पर्क गर्नुभएको थियो।

मैले अघि नै भनिसकें- यो मूल्यांकनको सभा होइन। त्यसो हुनाले प्रकाशले काम गर्दाखेरी कुनै ठाउँमा अलिकति विलम्बता, अलिकति त्रुटि भएन वा हुँदै भएनन् होला भनेर कसैले दावा गर्न सक्तैन। मलाई विश्वास छ, मानवअधिकार संरक्षण मंञ्चले यस्ता अग्रिम योद्धाको सम्झनामा जरूरत पर्दा योगदानहरूको राम्रो मूल्यांकन गर्नका निम्ति अरू कार्यक्रम गर्ने नै छ। म फेरि पार्टीको तर्फबाट र व्यक्तिगतरूपमा समेत १६ गतेको दुर्घटनामा परेर बिल्नुभएका सम्पूर्ण व्यक्तिहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। र शोक सन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गर्दछु। धेरै परिवारजनहरूले आफ्ना नाता र आफन्तहरू गुमाउनुभएको छ। हामीले एउटा आफ्नो घनिष्ट, प्रिय, सहयोद्धा गुमाएका छौं र मुलुकले नै एउटा प्रतिभा गुमाएको छ। यो राम्रो भो भन्न त मिल्दैन। भवितव्यमा व्यक्तिगतरूपले मलाई विश्वास छैन। तै पनि आखिर निधन त भयो नि! अब यसलाई भवितव्यको हिसाबले हुने नै रहेछ भनेर सन्तोष गर्न सकिएला।

बैंककदेखि या धेरै टाढा-टाढा विदेशी मुलुकदेखि आफ्नो देशमा आफ्नै ठाउँमा आएर आफ्नो अन्तिम रगत र पसिना यही बग्यो। कमसेकम हामीले हाम्रो ठाउँमा फेरि पनि भावनाहरूलाई कहिल्यै मर्न नदिनका निम्ति त्यो ठाउँमा हेर्न सक्दछौं। अरू हाम्रा सम्झनाका कुराहरू ती ठाउँमा गएर गर्न सक्छौं। यो त भविष्यको कुरा हो। कमसेकम भवितव्यमा विश्वास नगर्दा नगर्दै पनि देशभित्रै आएर प्रकाश काफ्लेलगायत् मित्रहरूले, साथीहरूले जुन यहाँ देहत्याग गर्नुभयो, यो राम्रो हो भन्न त नसकिने कुरा हो। तर पनि अलिकति चित्त बुझाउन सकिने कुरा हो। मैले दुई शब्द यतिमात्रै भन्नु छ, मैले अलिकति आफ्नो आपत्ति श्रद्धाञ्जली वक्तव्यमा पनि व्यक्त गरेको थिएँ। उल्लेख गरेको थिए। अहिले पनि मेरो मन मानेको छैन कि १२.४२ मा टावरसँग सम्पर्क बिच्छेद हुँदाखेरी त्यो प्लेनले भनेको थियो प्राविधिक खराबी आयो ।

सरकार भनिरहेको छ, तीन घण्टा हिडेर स्टपमा जानुपर्छ। यो कस्तो लजास्पद कुरा हो कि दुःख र समवेदनामा ती कुराहरूलाई माफी गर्ने हो। मैले, दुःखलाई अभिव्यक्त गर्न उभिरहेको बेला पनि यो दुःख भोग्नुका कारणहरू सन्देहमा छन्। त्यसो हुनाले यसलाई सन्देहमै रहन दिएर जोसुकैलाई फाइदा उठाउन दिनुहुँदैन। गल्ती कतै र काँहीबाट भएको छ भने पनि त्यसलाई फाँसी नै त होइन, तर भविष्यमा गल्ती नदोहोरिऊन् भनेर एकीन गर्नैपर्छ।

हामी आशा गर्छौं, यसमा कुनै राजनैतिक पूर्वाग्रह छैन। सरकारले, सबै सरोकारवाला विभागहरूले, त्यस्तै यो निधनमा, यो दुःखद घटनामा परेर जीवन गुमाउनुभएको छ, उहाँहरूको सरोकारवालाहरूले समेत चासो राख्वेर यो त्रासदिपूर्ण घटनाको खास कारणहरू, खास कुराहरू, खास गल्तीलाई अगाडि ल्याइनेछ भन्ने कुरामा आशा गर्दछु। हाम्रो प्रकाश काफ्ले जो एउटा पार्टीको सहयोद्धा, एउटा सदस्य हुनुहुन्थ्यो, तसर्थ उहाँलाई यतिखेर यो दुःखद् निधन भएकोमा हाम्रो पार्टीको झण्डा प्रदान गर्दछु।

(०४९ साउन १९ गते त्रिभुवन विमानस्थलमा आयोजित श्रद्धाञ्जली सभालाई मदन भण्डारीले सम्बोधन गर्दै व्यक्त गर्नु भएका विचारलाई जस्ताको त्यस्तै यहाँ प्रस्तुत गरिएको छ।)

प्रकाश साँच्चै प्रकाश थियो

नेपालको इतिहासमा भयानक र कहालीलाग्दा दुर्घटनाले धनजनको व्यापक क्षति भएका पाइन्छ। हामीले पढेका छौं, सुनेका छौं, इतिहासका धेरै कालखण्डमा नेपाली नागरिकहरुल ज्यान गुमाउनुपरेको छ । भवितव्यमा र दुर्घटनामा परेर धेरै नेपालीहरुले ज्यान गुमाएका घटनाहरु उतिखेरदेखि नै प्रकाशमा आएका छन्। यस्तै दुर्घटनाहरुमा नेपालमा सानातिना विमान दुर्घटनाहरु नभएका होइनन् । तर ०४९ साउन १६ गतेको सि.जी. ३११ को विमान दुर्घटना नेपालको इतिहासमा बिर्सनै नसकिने त्रासदिपूर्ण घटना हुन पुग्यो। इतिहासमा यस्ता घटना नभएका होइनन्, भइरहेकै छन् । तर नेपालमा जुन विमान दुर्घटना भयो, त्यसले राष्ट्रलाई न ठूलो क्षति पुऱ्यायो । उक्त घटनाले मानवअधिकारका लागि, प्रजातन्त्रका लागि लड्नुहुने स्व. प्रकाश काफ्ले जस्ता अथक मानवअधिकारवादीलाई राष्ट्रले गुमाउनुपऱ्यो । साथै स्वदेशी र विदेशी हाम्रा अभिन्न मित्रहरुलाई पनि करीब एघार हजार फिटको उचाइमा नुवाकोट जिल्लाको सूर्यकुण्डभन्दा तल घोप्टेभीरमा विमानका यात्रु र चालकदलसहित एक सय १३ जनाले आफ्ना प्राण गुमाउनुभयो ।

उक्त दिन विमानको (नेपाली समयअनुसार) दिउँसो १२.४२ बजे सम्पर्क विच्छेद भएको थियो । त्यसपछि हराएको विमान अविरल वर्षा, बाढी र पहिरोका कारणले तत्काल खोजी कार्यमा कठिनाई भयो । विमान दुर्घटना भएको स्थान पत्ता लगाउन पनि मौसमको खराबील गर्दा कठिन पऱ्यो । अन्ततः १८ गतेमात्र विमान दुर्घटना भएको स्थान थाहा भएको थियो । यही दुःखद् दुर्घटनामा पर्नुभएका स्व. प्रकाश काफ्लेको पहिलो श्रद्धाञ्जली कार्यक्रम साउन १९ गते एयरपोर्टमा भएको थियो । त्यसपछि नै उहाँको शवाकृतिलाई अन्तिम संस्कारको लागि आर्यघाट लगिएको थियो । उक्त पहिलो श्रद्धाञ्जलि सभामा विभिन्न व्यक्तिहरुले शब्द श्रद्धाञ्जलि व्यक्त गर्नु भएको थियो । उहाँहरुले व्यक्त गर्नुभएका विचारहरु हामीले यहाँ सान्दर्भिक र प्रासंगिक हुने ठानी प्रस्तुत गरेका छौं :

प्रकाशसंग लामै कुरा गर्ने इच्छा थियो तर ....

– मनमोहन अधिकारी

यो हवाई दुर्घटनामा हामीले हाम्रा आफ्ना मानिसहरू मात्र हैन, धेरै स्वदेशी र विदेशी मित्रहरू खासगरी नेपालप्रति राम्रो धारणा, मैत्रीभाव राख्ने विभिन्न मित्रहरूलाई गुमाएका छौं। हामी सबै कामना गरौं, यस दुःखद् घडीमा शोक सन्तप्त परिवारलाई आफ्नो दुःखद् स्थितिलाई सामना गर्न सक्ने धैर्य प्राप्त होस्। हामी यतिखेर प्रकाश काफ्ले, दोर्जे लामाको जुन चर्चा गर्दैछौं- उहाँहरू भन्नलाई "मानवअधिकार संरक्षण मञ्चको" नेता हुनुहुन्थ्यो। तर उहाँहरूले आफूलाई नेपालभित्र मात्र सीमित राख्नुभएको थिएन। उहाँहरूका गतिविधि र सम्पर्क विदेशमा समेत राम्रो थियो।

मलाई प्रकाश काफ्लेसँग यस मानवअधिकार आन्दोलनका सम्बन्धमा अलि लामो नै कुरा गर्ने इच्छा पनि लागेको थियो। तर त्यो पूर्ण हुन सकेन। उहाँहरू लाग्नुभएको जुन क्षेत्र



छ, त्यो निकै विशाल थियो। जुन देशमा पनि, जुन व्यवस्थामा पनि मानवअधिकार उल्लंघन भएका कुराहरू उहाँहरूले उठाउने गर्नुहुन्थ्यो। आज हामीले त्यस्तो व्यक्तिलाई यति चाडो गुमाउनुपर्दा हामी सबै दुःखी भएका छौं। यो घटनाले आज राष्ट्र पनि दुःखी भएको छ। म यतिखेर शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछु।

बहुमुखी प्रतिभाको धनी

– राधाकृष्ण मैनाली

स्व. प्रकाश काफ्ले मानवअधिकार आन्दोलनका योद्धा हुनुहुन्थ्यो। उहाँले नेपालमा भएका मानवअधिकार हननका कुराहरूलाई देश/विदेशमा प्रचार गराउनुभयो। ०४६ सालको जनआन्दोलनमा विदेशबाट सहयोग र समर्थन जुटाउन उहाँले निकै ठूलो योगदान गर्नुभयो। उहाँ अन्तर्राष्ट्रिय क्षेत्रमा समेत परिचित हुनुहुन्थ्यो। समग्रमा भन्दा उहाँ बहुमुखी प्रतिभाका धनी हुनुहुन्थ्यो। आज त्यस्ता मित्रलाई गुमाउनुपर्दा हामीलाई निकै चोट परेको छ।

काफ्ले जस्ताको योगदान जीवित रहन्छ

– डा. बाबुराम भट्टराई

यस दुःखद् घडीमा सर्वप्रथम संयुक्त जनमोर्चा नेपालको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट पनि यो जहाज दुर्घटनामा दिवंगत हुनुभएका प्रकाश काफ्लेलगायत्का सम्पूर्ण व्यक्तिहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछु। जहाँसम्म मानवअधिकारको प्रश्न जीवित रहन्छ, त्यहाँसम्म हामी भन्छौं- "मान्छेले मान्छेलाई शोषण गर्ने परिपाटी कायम भएसम्म मानवअधिकारको प्रश्न जीवित रहिरहन्छ" र त्यतिबेलासम्म प्रकाश काफ्लेले जस्ताको योगदान जीवित रहिरहन्छ। हामीहरूले उहाँलाई श्रद्धाञ्जली अर्पण गर्नु भनेको सच्चा आदर प्रकट गर्नु भनेको उहाँले लिनुभएको आदर्शलाई हामीले मनन गर्नु हो। उहाँहरूले देखाएको बाटोमा अगाडि बढ्नु हो। म यतिखेर उहाँले देखाएको बाटोमा हिड्ने प्रण गर्दै पुनः एक पटक उहाँप्रति साँचो अर्थमा श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनप्रति धैर्य गर्ने शक्ति मिलोस् भन्ने कामना गर्दछु।

मासम स्थापनामा प्रकाशको योगदान प्रमुख थियो

– बद्रिप्रसाद खतिवडा

स्व. प्रकाश काफ्ले र हामीले मानवअधिकार संरक्षण मञ्च ०४१ सालमा स्थापना गऱ्यौं। यस मानवअधिकारवादी संस्थालाई अन्तर्राष्ट्रिय क्षेत्रमा परिचित गराउन अन्य साथीहरूको योगदान त थियो नै तर प्रकाशको योगदान प्रमुख थियो। उहाँको चाहना के थियो भने- "अन्तर्राष्ट्रिय मानव अधिकारवादीहरूलाई काठमाडौंमा बोलाएर गोष्ठी गर्ने उहाँको चाहना थियो। त्यस कामका लागि उहाँ लागिरहनु भएको थियो। त्यो उहाँको चाहना पूर्ण होला कि नहोला? मलाई चिन्ता लागेको छ।

हामी सबैले एउटा असल मित्र गुमाएका छौं

– सुशील प्याकुरेल

प्रकाशको र मेरो भेट भएको २७ वर्ष भएछ र हामी सँगसँगै रहेर कम गरेको पनि २७ वर्ष बितेछ। यो अवधिमा प्रकाशले सबैतिर जे दियो, त्यो त दियो नै। तर उसले हामीसँगै हुँदा कहिलेकाँही म काम नभएर बिचलित हुन्थ्यें, त कतैबाट आलोचना आउँदा खिन्न हुन्थ्यें, त्यस समयमा उसले नै मलाइ सम्हाल्ने गर्दथ्यो। मलाई के लाग्छ भने जसले प्रकाशलाई राम्रोसँग चिनेको छ, त्यसले सुशीललाई नचिनेको छैन। कसैले पनि प्रकाशको नाम लिंदा त्यहाँ सुशील पनि हुने गर्दथ्यो। यसरी तपाईं हामी सबैले त एउटा असल मित्र गुमाएका छौ तर सुशीलले शारीरिकरूपले नै आफूबाट प्रकाशलाई गुमाएको छ।

यति हुँदाहुँदै पनि तपाईंहरूको यो उपस्थितिले प्रकाशले गरिरहेको कामप्रति



आदरभाव र सम्मान व्यक्त गरेको छ। ऊ के भन्थ्यो भने- "मानवअधिकारको यो लडाइँ, मानवअधिकारको विकास मानवअधिकारप्रतिको अवधारणा पश्चिमा मुलुकले दिने होइन" ऊ भन्थ्यो- "हामी आफै लडिरहेका छौं, हामीले विश्वलाई मानवअधिकार भन्ने के हो देखाउनुपर्दछ। हाम्रो मानवअधिकारको धारणा पश्चिमा मुलुकहरूले जे भनेका छन्, जुन सोच ल्याएका छन्, सही अर्थमा त्यो मानवअधिकारको अवधारणा हुन सक्दैन। त्यसैले यसमा दक्षिण एशिया अगाडि लाग्नुपर्दछ"। त्यही क्रममा ऊ हिम्मतका साथ अगाडि बढेको थियो। यसमा तपाईहरूले जस्तो किसिमले साथ दिनुहुन्थ्यो, मैले पनि उसलाई अलिकति साथ दिएको थिएँ।

आज प्रकाश हाम्रो सामु छैन। उसले छोडेर गएका अनेकौं कामहरू हामीसित छ। भर्खरै भूटानको बारेमा निस्केको किताब तपाईंहरूलाई थाहा होला। यसै सन्दर्भमा दक्षिण एशियाको मानवअधिकारको बारेमा ऊ सदा चिन्तित हुने गर्दथ्यो। त्यस सम्बन्धमा, त्यस आन्दोलनमा हाम्रो देश नेपाल प्रमुख स्थानमा हुनुपर्दछ र यहाँबाट हामीले दक्षिण एशियाकै लागि मानवअधिकारको क्षेत्रमा काम गर्नुपर्दछ भन्ने उसको धारणा थियो। प्रकाशले गरेका कामहरूलाई ज्यूँदो राख्नको लागि हामी मानवअधिकारको क्षेत्रमा काम गर्नेहरू मिलेर मानवअधिकारको क्षेत्रलाई अझ अगाडि बढाउनको लागि एउटा फाउन्डेशनको निर्माण र्ने विचार गरेका छौं। त्यस कामको लागि हामीले तपाईहरूको सहयोगको आशा राख्छौं।

प्रकाश मानवअधिकार आन्दोलनको नेता

- कपिल श्रेष्ठ

यो दुःखद घडीमा आज हामी सबै नै गहिरो चिन्तामा परेका छौं। श्रद्धेय मानवअधिकारवादी योद्धा प्रकाश काफ्लेलाई हामीले गुमाएका छौं। सोच्नै नसकिने हवाई दुर्घटनामा परेर हामीले एउटा मित्रलाई गुमाउनुपरेको छ। यतिखेर सम्पूर्ण राष्ट्र नै यो दुर्घटनाले गर्दा दुःखी बनेको छ। राष्ट्रले अपुरणीय क्षति बेहोर्नुपरेको छ। विशेष गरिकन हाम्रा अभिन्न मित्र मानवअधिकार आन्दोलनका नेतालाई हामीले गुमाएका छौं।

जतिखेर म कलेजमा पढाउने गर्दथे, त्यो समयमा हामीलाई, हाम्रो परिचय दिन सजिलो थियो किनकि हामी पेशामा थियौं। तर उहाँ राजनीतिमा पनि लाग्नुभएकाले मानवअधिकारको क्षेत्रमा काम गर्दा अलि अप्ठेरो थियो। हामी बीच मानवअधिकारका मूल्यगत धारणामा कसरी अगाडि बढ्ने भनेर बारम्बार सल्लाह हुने गर्दथ्यो। साथै हामी विशेष गरेर प्रजातान्त्रिक आन्दोलनको पक्षमा सँगै सक्रिय थियौं। म प्राध्यापक संघको महासचिव हुँदा हामीबीच "मानवअधिकार संरक्षण मञ्च" लाई कसरी अगाडि बढाउने भनेर आङ दोर्जे लामाको घरमा जम्मा हुने गर्दथ्यौं। साँचो अर्थमा हामीहरूबीच पारिवारिक सम्बन्धका साथै आत्मीयता थियो। म यतिखेर उहाँको आत्माको शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति धैर्यप्राप्त होस् भन्ने कामना पनि गर्दछु।



उहाँलाई पत्रकारको रुपमा चिनेको थिएँ

- मल्ल के सुन्दर

प्रकाश काफ्ले मानवअधिकारको आन्दोलनमा त हुनुहुन्थ्यो नै, उहाँको अर्को व्यक्तित्व पत्रकारको रुपमा पनि चिनिएको थियो। मैले उहाँलाई उतिखेर पत्रकारको रूपमा चिनेको थिएँ। त्यसैले यतिखेर म उहाँलाई पत्रकारको रूपमा पनि सम्झिरहेको छु। सम्पूर्ण पत्रकार, पत्रकार संघ र मेरो तर्फबाट उहाँप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु।

हामी रित्तो र खाली भएका छौं

- मार्शलजुलुम शाक्य

प्रकाश, जो हामीलाई छोडेर जानुभयो। उहाँसँग मेरो व्यक्तिगत सम्बन्ध पनि थियो र त्यसको साथसाथै वैचारिक सम्बन्ध पनि थियो। वैचारिक सम्बन्ध यस मानेमा कि "मानवअधिकार संरक्षण मञ्च" खडा गर्दा भनौं, यसको जन्म दिंदा हामीहरू एक साथ लागेका थियौं। मानवअधिकार र प्रजातन्त्र पुनर्वहालीका लागि जति पनि हामीले संघर्ष गऱ्यौं, एक साथ लागेर संघर्ष गऱ्यौं। मलाई अहिले पनि सम्झना छ- दश डिसेम्बरका दिन विश्वभरि मानवअधिकार दिवस मनाइन्छ, त्यही सिलसिलामा रामानन्द बाबु, पद्मरत्न, प्रकाश र म, हामीहरू चार जना काठमाडौंदेखि नै मानवअधिकारको प्रचार प्रसारको लागि केही वर्षअगाडि हिडेका थियौं। यतिखेर म यति मात्र भनौं उहाँको निधनले हामी रित्तो र खाली भएका छौं।

इतिहासमा बिर्सन नसकिने दुर्घटना

- विश्वकान्त मैनाली

आज हामी अत्यन्त दुःखद् घडीमा यहाँ उभिएका छौं। स्व. प्रकाश काफ्लेको श्रद्धाञ्जली सभाका लागि हामी यहाँ उहाँलाई सम्झिरहेका छौं। उहाँको यही श्रावण १६ गते विमान दुर्घटनामा दुःखद् निधन भयो। नेपालको इतिहासमा बिर्सनै नसकिने दुर्घटना भयो किनभने देशका होनहार मानवअधिकारका लागि र प्रजातन्त्रका लागि लाग्नुहुने व्यक्तिलाई हामीले गुमाएका छौं। यति मात्र होइन, आफ्ना क्षेत्रमा क्रियाशील रहनुभएका स्वदेशी तथा विदेशी मित्रहरूलाई समेत हामीले गुमाउनुपर्दा दुःखित छौं। स्व. प्रकाश काफ्लेले प्रजातन्त्र र मानवअधिकारका लागि धेरै योगदान गर्नुभएको थियो। आज उहाँको असामयिक निधनबाट "मानवअधिकार संरक्षण मंचले" जुन दुःख बेहोर्नुपऱ्यो, त्यो हाम्रा लागि अपूरणीय क्षति हो। देशको मानवअधिकारको संघर्षको इतिहासमा स्व. प्रकाश काफ्ले जस्ता निडर, निर्भय र निरन्तर लाग्ने व्यक्तिको आज दुःखद् निधन हुँदा देशलाई नै ठूलो क्षति पुग्न गएको छ। उहाँ मानवअधिकारको आन्दोलनका लागि लागिरहनुहुँदा मेरो पत्रकारका नाताले स्व. काफ्लेसँग सम्बन्ध थियो तसर्थ उहाँको बारेमा मैले धेरै कुरा जान्ने र बुझ्ने मौका पाएको थिएँ। यस दुःखद घडीमा मेरा मित्र र अन्य व्यक्तिहरूको आत्माको शान्तिको कामना गर्दछु।

भयानक दुर्घटनाले .....

- सुवास नेम्वाङ

आज यो विमानस्थलको मैदानमा श्रद्धाञ्जली सभामा उपस्थित हुनुभएका प्रिय मित्रहरू, हामीले श्रावण १६ मा सि.जी. ३११ को विमान दुर्घटनामा परेका हाम्रा मित्र प्रकाश काफ्ले र आङदोर्जे लामालाई गुमाएका छौं। साथै स्वदेशी तथा विदेशी मित्रहरूलाई समेत त्यो भयानक दुर्घटनामा गुमाउन पुगेका छौं। म उहाँहरूप्रति अन्तिम श्रद्धाञ्जली अर्पण गर्नका लागि सम्पूर्ण मित्रहरूलाई यस घडीमा हार्दिक अनुरोध गर्दछु।

●

प्रकाश रिसाएको मैले कहिल्यै देखिन

श्रीमती सरीता काफ्ले



दक्षिण एशियाली मानवअधिकार आन्दोलनका अथक योद्धाको रुपमा स्थापित हुनु भएका स्व. प्रकाश काफ्ले हाम्रा सामु नरहनुभएको आज छैटौं वष सकिएर सातौं वर्षमा प्रवेश गर्दैछ । २००९ पुस ११ गते सिन्धुली जिल्लाका नांगेडाँडामा जन्मनुभएका काफ्ले २०४९ साउन १६ गते नुवाकोट जिल्लाका घोप्टेभीरमा भएको दुःखद् हवाइ दुर्घटनामा परी दिवंगत हुनुभयो । उहाँ नेपालका मानवअधिकार आन्दोलनको चम्किलो ताराको रुपमा सुपरिचित हुनुहुन्थ्यो। स्व. काफ्लेको सम्बन्धमा कुनै ठाउँमा उहाँको बारेमा हृषीकेश शाहले भन्नुभएको छ- "मैले मानवअधिकारका सम्बन्धमा वर्षौं-वर्षसम्म गरेका काम स्व. काफ्लेले दुई वर्षमै गर्न भ्याउनु भयो"। प्रस्तुत छ- तिनै योद्धाकी धर्मपत्नी श्रीमती सरिता काफ्लेसँग गरिएको कुराकानी :

० स्व. प्रकाश काफ्लेज्यूको घर-परिवासँग कस्तो सम्बन्ध थियो? परिवारमा रहँदा कसरी समय बिताउनुहुन्थ्यो? साथै उहाँको व्यक्तिगत स्वभावका सम्बन्धमा केही बताइदिनुहुन्छ कि?

- उहाँको घर-परिवारका हरेक सदस्यहरू आमा, बुबा, भाइहरू र मसँग पनि सम्बन्ध अत्यन्त राम्रो र सुमधुर थियो। घरमा त उहाँ अति नै कम बस्ने गर्नुहुन्थ्यो। खासगरी उहाँ मानवअधिकार आन्दोलनमा लाग्नु भन्दा अगाडिदेखि मृत्युपर्यन्त व्यस्त रहनुभयो। घरमा बस्दा पनि मानवअधिकार आन्दोलनको सम्बन्धमा सोचिरहनुहुन्थ्यो। उहाँले कहिल्यै आफ्नो बारेमा सोच्दै सोच्नुभएन। उहाँले घरमा हामी सबैलाई भन्ने गर्नुहुन्थ्यो- "तिमीहरूले मलाई फ्रि छोडिदिनुपर्छ, तबमात्र मैले केही गर्न सक्छु"। हुन पनि हामीले घरबाट उहाँको उत्साह बढाउने नै काम गर्थ्यौं। जहाँसम्म उहाँको व्यक्तिगत स्वभाव छ। त्यसमा उहाँको व्यक्तित्व अचम्मको र स्वभाव पनि अरूको भन्दा म फरक पाउँथें। जस्तो कि- उहाँ मलगायत कोही कसैसँग कहिल्यै रिसाएको मैले बाचुन्जेल देखिन। रिसाउन भनेको जानेको नै रहेनछ। एक पटक परिचय भइसकेको मानिसलाई उहाँ कहिल्यै बिर्सनु हुन्थ्यो। कसैले गल्ती वा नराम्रो काम गऱ्यो भने त्यो व्यक्ति कुनै पनि दिन उहाँको सामुन्ने पर्नै सक्दैनथ्यो। उहाँको व्यक्तित्व विकासका क्षणलाई सम्झदा पनि उहाँले ९ वर्षको उमेरमा क, ख चिनेर १३ वर्षके उमेरमा एस. एल. सी. पास गर्नुभएको कुरा अझै आमा बुबा भन्ने गर्नुहुन्छ। हुन पनि उहाँ निकै ट्यालेन्ट हुनुहुन्थ्यो र मलाई उहाँको दिमाग कम्प्युटर जस्तो लाग्थ्यो। समग्रमा उहाँको सम्बन्धमा भन्नुपर्दा छोटो समयमा धेरै कुरा गर्न भ्याउनु भयो। अरू १०-१५ वर्ष बाँच्नुभएको भए यो राष्ट्र र मानवअधिकार आन्दोलनलाई निक्कै योगदान गर्न सक्नुहुन्थ्यो।

० मानवअधिकार सम्बन्धी संस्थागत कामको सिलसिलामा तपाईसँग पनि व्यक्तिगत सर-सल्लाह र सुझाव लिने गर्नुहुन्थ्यो?

- उहाँ मानवअधिकारको आन्दोलनका सम्बन्धमा धेरै सोच्ने गर्नुहुन्थ्यो, चिन्तन गर्नुहुन्थ्यो, नयाँ ढंगले कसरी विकास गर्ने भनेर घरमा रहँदा सोचिरहनु हुन्थ्यो। हामीसँग इन्सेकको सम्बन्धमा घरमा कहिल्यै कुरा गर्नुभएन। त्यस संस्थाको विकासका लागि घर-परिवारमा कुनै पनि दिन के गर्ने? कसो गर्ने? भनेर सोध्नुभएन। जे निर्णय गर्नुपर्ने हो, उहाँ आफै गर्नुहुन्थ्यो। उहाँले गरेका सबै काम कुराहरू हामीलाई राम्रो लाग्ने गर्दथ्यो। उहाँ जे काम गर्नुहुन्थ्यो, त्यसमा दृढताका साथ निरन्तर लाग्नुहुन्थ्यो।

मूलतः मानवअधिकारका विषयमा

सम्पूर्ण नेपालीहरूलाई शिक्षा दिन सकियोस्, मानवअधिकारका आधारभूत अवधारणाको सम्बन्धमा ज्ञान दिन सकियोस्। यसको नेतृत्व इन्सेक जस्तो संस्थाले गर्नुपर्छ। र, यो संस्थालाई अरू कसैले हस्तक्षेप नगरून, स्वतन्त्ररूपले मानवअधिकारका पक्षमा लडिरहोस्, अगाडि बढिरहोस् भन्ने उहाँको चाहना थियो। हाल उहाँको सोचअनुरूप काम भएको छ कि छैन, त्यस सम्बन्धमा मलाई थाहा छैन। त्यसमा बुझ्न र लागेर हिड्न मसँग समय पनि छैन।

० तपाईं इन्सेकसँग टाढै बस्न खोज्नुभएको हो कि?

- म आफैं आफ्नो काम गर्ने भएकाले, त्यहाँ गएर केही सल्लाह दिने, त्यसको विकासको लागि सोच्ने भन्दा पनि मेरो आफ्नै कारणले गर्दा सयम दिन सकेको छैन। हुन त त्यो संस्थालाई केही गर्नुपर्ने मेरो दायित्व हो तर समय दिन नसकेकोले म मौन बसेकी छु।

० उहाँले स्थापना गर्नुभएको इन्सेकले स्व. काफ्लेलाई कत्तिको सम्मान र आदर गरेको छ जस्तो लाग्छ यहाँलाई?

- म यसमा कुनै जवाफ नै दिन सक्दिन।

० स्व. प्रकाश काफ्लेको इतिहासलाई मानवअधिकारवादी संघ-संस्था र हामी कार्यकर्ताहरूले मिचेका छौं कि? होच्याएका छौं कि? जस्तो त लाग्दैन?

- उहाँको सोच भनेको मानवअधिकारवादीहरू स्वतन्त्र हुनुपर्छ उनीहरूलाई कसैले पनि हस्तक्षेप गर्नुहुँदैन र नगरोस्। ऊ स्वतन्त्र भएर हिड्न सकोस् भन्ने हो। उहाँले यस सम्बन्धमा स्पष्टसँग लेख्वेर, बोलेर विचार राख्नुभएको छ। उहाँको त्यो स्पष्ट अवधारणाअनुरूप मानव अधिकारवादीहरूले काम गरेको मैले पाइरहेको छैन। तर केही संस्था र व्यक्तिहरूले त्यही सोचअनुरूप काम गरेका पनि होलान् भन्ने मलाई लाग्छ। केही मानवअधिकारवादीहरूले गलत काम पनि गरेका छन्। उहाँको भावनाअनुरूप काम गरेका छैनन् भन्ने मलाई लागेको छ। धेरै मानवअधिकारवादीहरू आफ्नै हिसाबले एकपक्षीयरूपमा अगाडि बढेका पनि छन्। स्व. काफ्लेलाई होच्याउने पनि होलान् तर मलाई यस सम्बन्धमा थाहा छैन।

० अहिले स्व. काफ्लेको सोच, दृढता, लगनशीलता र प्रष्ट अवधारणाका सम्बन्धमा उहाँलाई अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सम्झिरहन्छ। संस्थाको कामको दौरानमा के त्यो अपूर्णता पूर्णतामा परिणत होला?

- इन्सेकले काम गर्ने दौरानमा उहाँको पूर्णता महसुस गर्न पाउला वा नपाउला म अहिले केही भन्न सक्दिन, त्यो पछि काम गर्दै जाँदा देखिने कुरा हो।

० मानवअधिकारवादी संघ संस्था र व्यक्तिहरूले स्व. काफ्लेलाई साउन १६ गतेमात्र सम्झिएको जस्तो यहाँलाई लाग्छ कि?

- हेर्नुहोस्, सम्झिन त उहाँलाई राष्ट्रले नै सम्झिरहेको छ र अरू सबैले पनि सम्झन्छन्। सधैं उहाँलाई सम्झन हामी परिवारले त साध्य छैन भने कुनै संस्थाले सँधै सम्झिरहन्छ कसरी भन्नु? मूलतः उहाँलाई सम्झनु भनेको स्व. काफ्लेको विचार, भावना र कामलाई अगाडि बढाउनु हो।

० इन्सेकले स्व. काफ्लेलाई उहाँको हैसियतभन्दा माथि उठाएको छ, उचालेको छ भन्ने कोही कोही टिप्पणी गर्छन् नि? यहाँलाई के लाग्छ?

- कसैले पनि राम्रो र नराम्रो दुवै काम कुराको टिप्पणी गर्नु स्वभाविक नै हो। तर उहाँलाई जसले हैसियत नभएको भनेर टिप्पणी गर्छन् भने उनीहरूले स्व. काफ्लेलाई चिन्न र बुझ्न सकेनन् भन्ने मलाई लाग्छ।

० स्व. काफ्लेसँग तपाईको बिसंनै नसक्ने घटना र क्षणहरू केही छन् कि?

- जतिखेर उहाँ कोलम्बो जानुभयो, जानुभन्दा केही दिनअगाडि हामी सपरिवार आमा, बुबा यही कोठामा बसेका थियौं। त्यस दिन उहाँले आमासँग जिस्कँदै अचानक भन्नुभयो- "आमा तपाईको छोरा सधैं भुर्र उडेर बाहिर विदेश गइरहन्छ, कुनै दिन भुर्र उड्दा उड्दै फुस्स हुन्छ। तपाईहरूले तीन चार दिनसम्म पनि म मरेको थाहा पाउनुहुन्न"। आखिरी उहाँले जे भन्नुभयो भयो त्यही। उहाँको मृत्यु भएको तीन-चार दिनपछि मात्र टुङ्गो लाग्यो, स्थान थाहा भयो। अर्को घटना त्यही दिन बिहान कहिल्यै मलाई एयरपोर्टमा लिन आउ भनेर नभन्ने मानिसले त्यस दिन मलाई एयरपोर्टमा लिन आउनु भनेर फोनमा कुरा गर्दै भन्नुभयो- "फोन कार्ड सक्न मन लाग्यो र फोन गरेको।" त्यसपछि सुशील दाजु र म उहाँलाई लिन एयरपोर्ट गयौं। यसरी उहाँ बाहिर जाँदा आउँदा लिन, पुऱ्याउन जाने हाम्रो चलनै थिएन। तर त्यस दिन उहाँले दाजुलाई पनि बोलाएको हुनाले हामी लिन गयौं, तर उहाँ आउनुभएन .....। यस्तै अर्को घटना- उहाँ हामीलाई बारम्बार भन्ने गर्नुहुन्थ्यो- "म ४० वर्षभन्दा बढी बाँच्दिन", आखिर उहाँले भनेजस्तै उहाँ ३९ वर्षको उमेरमा नै बित्नुभयो। यिनै घटनाहरू म बारम्बार सम्झिरहन्छु।



यातनाको अनेक रूप

प्रकाश काफ्ले

विश्वमा विद्यमान अमानवीय यातना विरूद्ध विश्वभरि सचेत मानिसहरूको एक स्तरको जनमत तयार हुँदै आएको छ। त्यसैले संयुक्त राष्ट्र संघले समेत मानवअधिकारको संरक्षण र सम्वर्द्धनको निम्ति एउटा घोषणापत्र (U.N. Declaration Against Torture) जारी गरी कानून पालना गराउने अधिकारीहरूका लागि आचरण संहिता (Code of conduct for law Enforcement officer) समेत सबै देशसामु प्रस्तुत गरेको छ।

आजको बदलिंदो विश्वमा भिन्न-भिन्न देशमा यातनाको भिन्न-भिन्न स्वरूप पनि देखिंदै आएको छ। त्यसैले यातना देख्ने र भोग्नेहरूबाट सर्वसम्मतरूपमा यातनाको विरूद्ध सशक्त आवाज उठ्न थालेको छ। नेपालमा यातनाको विषयलाई त्यति प्रमुखता दिइएको छैन। तर सामान्यतः प्रहरीले अभियुक्तबाट उसको वकपत्र यातनाको माध्यमबाट लिने प्रचलन हाम्रो देशमा आज पनि विद्यमान छ। यसले गर्दा थुप्रै निरपराधी व्यक्तिहरूले आफ्नो जीवनको महत्वपूर्ण अंश जेलमा बिताउनुपरेको उदाहरण सिन्धुपाल्चोक निवासी पद्म न्यौपानेले भोग्नुपरेको कुरालाई लिन सकिन्छ। पद्म न्यौपानेलाई आफ्नो पत्नी मारेको अभियोगमा २० वर्षको कैद सजाय भएको थियो र उनी आफ्नो कैद भुक्तान गर्ने क्रममा काठमाडौंको भद्रगोल जेलमा जीवन व्यतीत गर्दै थिए। एक दिन जेल बाहिर केही कार्यवश निस्कदा उनले आफ्नो सालीलाई भेट्छन्- यो भेट ०३४ सालमा भएको थियो। न्यौपाने प्रहरीको साथमा थिए। त्यसैले उनको सालीले जिज्ञासावश किन प्रहरीसँग हिडेको भनेर सोधिन्। न्यौपाने श्रीमतीको हत्याको अभियोगमा ०२० सालदेखि जेल जीवन बिताइरहेको बताए। साली जिल्ल परिन् "दिदी" त सिन्धुपाल्चोकके एउटा ठाउँमा अर्को व्यक्तिसँग पोइल गएर जीवन बिताइरहेको कुरा जानकारी दिइन्। न्यौपानेले यो कुरा सुनेपछि राजालाई दरखास्त हाली न्यायको निम्ति गुहार मागे। राजदरबारबाट के भएको हो बुझ्न आदेश दिएपछि न्यौपानेको श्रीमतीलाई अदालतमा झिकाइयो। तर श्रीमतीले भने आफू न्यौपानेको श्रीमती भएको व्यहोरा अस्वीकार गरे तापनि न्यौपानेले श्रीमतीको छातीमुनिको खतदेखि लिएर शरीरका विभिन्न भागका दागहरू रहेको तथ्य बताए। प्रहरीले जाँच गर्दा सो सावित भयो। तर अदालती कारवाही टुंगिन धेरै समय लाग्यो। अन्त्यमा १८ वर्षको कैद भुक्तान गरिसकेपछि न्यौपाने मुक्त भए।



श्रीमतीको मृत्यु नै नभई कसरी हत्याको निम्ति दण्डित भए भन्ने न्यौपानेले उक्त जेलमा बन्दी जीवन बिताइरहनुभएका मनकुमार गौतमलाई यस प्रकार बताए :

एक दिन न्यौपाने आफ्नो दैनिक कार्य सिध्याएर साँझ घर पुग्दा श्रीमती माइत गएकी रहिछन्। श्रीमतीलाई नभेट्दा रीसले नजिकैको भट्टीमा गएर रक्सी पिए र मात्तिएर ससुराली पुगे। ससुरालीबाट श्रीमतीलाई लछारपछार पार्दै घर ल्याए र कुटपिट गरे। त्यस बेला उसले "नमारी छोड्दिन" भन्ने शब्द प्रयोग गरेछन्। कुटपिट पश्चात् रक्सीले मातिएका न्यौपाने घरमा सुते र श्रीमती राति नै भागेर माइत फर्किछन्। भोलिपल्ट

विहान श्रीमतीलाई घरमा फेला नपारेपछि पुनः ससुराली पुगें। ससुरालीमा श्रीमती ससुराले रिसाएर छोरी हराएको भनी प्रहरीलाई उजुरी दिए। न्यौपाने गिरफ्तार भए र प्रहरी हिरासतमा स्वास्नीको हत्या गरेको हुँ भन्ने बयान दिनुपर्छ भने। तर उनले इन्कारी गरे। जब यातना दिन शुरू गरियो सहन नसकेर प्रहरीले तयार गरेको कागजमा सही गरी श्रीमती मारेको कुरा स्वीकार गऱ्यो र यसरी उनी जेल परे। पछि बुझ्दा छोरीलाई ससुराले लुकाएर जाल गरेका थिए। यसरी यातनाको कारण एक निरपराध मानिसको जीवनको १८ वर्ष जेलमा बित्यो।

यस्ता सत्य कथाहरू देशभित्र र बाहिर प्रचार प्रसार नभए पनि थुप्रै व्यथाहरू बोकेर नेपालका जेलहरूमा धेरै मानिसहरूले नगरेको अपराधको सजाय भोगिरहेका छन् भन्न सकिन्छ।

नेपालले संयुक्त राष्ट्र संघको यातनाविरूद्धको घोषणाको अनुमोदन गरिसकेको छैन। त्यसैले नेपाली कानून पनि सभ्य संसार सुहाउँदो भइसकेको छैन। झन् गत तीस वर्षको पंचायती कालमा त राजनीतिक प्रतिशोधको निम्ति यातना र कानून एक दोस्रोको पुरक जस्तै भयो। यातनाबाट हुने मृत्यु एउटा सामान्य विषय थियो। यस्तै कुरालाई इङ्गित गर्दै संयुक्त राष्ट्र संघको मानवअधिकार आयोगको १९८९ को पुस्तिकामा हेटौंडाका एक मजदूर सुरेन्द्र के.सी. को मकवानपुर प्रहरी कार्यालयमा प्रहरीका यातनाबाट मृत्यु भएको विषयलाई उल्लेख गरेको छ। यातनाको विरूद्ध संयुक्त राष्ट्र संघले १९४८ को घोषणापत्रमा स्पष्ट पारेको छ- "कुनै व्यक्तिलाई पनि शारीरिक यातना दिइने छैन औं निर्दयी, अमानुषिक वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन।"

श्री ५ को सरकारले पनि संयुक्त राष्ट्र संघको उपर्युक्त बुँदा स्वीकारेको छ। तापनि व्यावहारमा भने ठीक त्यसको उल्टो गर्दै आएको छ। नेपालमा राजनैतिक प्रतिशोधको लागि यातनालाई हतियार बनाएको ज्वलन्त उदाहरण ०४५ सालमा भक्तपुर हैंजु काण्डको सिलसिलालाई लिएर गरेको व्यावहारले पनि छर्लङ्ग पार्दछ। उक्त काण्डमा नेपाल मजदूर किसान संगठनका सबै नेताहरूलाई प्रहरीले निर्मम र अमानवीय यातना दिइएको कुराको प्रमाण केन्द्रीय कारागार अस्पतालले २०४५ चैत ३० को पत्रमा बन्दी लक्ष्मीभक्त कवाङको शरीरमा कुनै घाउ नभएको तर एक्स-रे बाट हाड चर्किएको देखिएको र बन्दी ओमचरण अमात्यको घाउ जाँच सम्बन्धमा बायाँ टिबियाको अगाडि दुईवटा निल डाम र दायाँ टिबियामा एक एक वटा नीलडाम भएको उल्लेखले दिएको छ। यी दुवै बन्दीहरूले अदालतमा यातनाद्वारा उनीहरूको बयानमा बजरजस्ती हस्ताक्षर गराइएको र डाक्टरहरूद्वारा यातनाको स्वरूप जाँच परीक्षण गराइयोस् भनी माग राख्नेका थिए। डाक्टरको उपयुक्त परीक्षणपछि पनि यस्तो यातना दिने व्यक्तिमाथि कुनै पनि कारवाही गरिएन साथै ती दुवै बन्दीहरूको प्रहरी बयानलाई नै स्वीकार गरी कारवाही गरियो। यस घटनामा फसाइएका राजबन्दी नारायणमान बिजुक्छे, तत्कालीन वामपन्थी रा.पं.स. गोविन्द दुवाललगायत् सबैलाई यस्तै अमानुषिक यातना दिइएको तथ्य उहाँहरूको बयानमा उल्लेख छ। बहुदलीय व्यवस्थाको घोषणापश्चात् उक्त मुद्दासँग सम्बन्धित सबैलाई रिहा गरियो।

टाउको तल पारी झुण्डाएर बयान लिने, नङमा पिन वा सियो घोच्ने, मार्मिक ठाउँमा काठ कोच्ने, साइकल ट्युबले हिर्काउने र जुडो कराँते जान्ने व्यक्तिहरूबाट प्रहार गराउने, धेरै दिनसम्म अँध्यारो कोठामा खान नदिएर मानसिक यातना दिने, जेलको गोल घरभित्र बन्द गर्ने, जेलभित्र पनि नेल र हतकडी लगाउने, आँखामा खोर्सानी हाल्ने आदिका अतिरिक्त पनि जनआन्दोलनताका यातनाका स्वरूपहरू नियालेर हेर्दा हाम्रो देशको न्यायिक प्रक्रिया, राजनैतिक प्रतिशोधको कार्य, प्रहरी शिक्षा शताब्दियौंभन्दा अगाडिको जस्तो लाग्छ। जनआन्दोलनको क्रममा दिइएका यातनाहरूको केही उल्लेख यहाँ गरिन्छ।

फागुन ७ गते हेटौंडामा गोली चल्यो। फलस्वरूप केही व्यक्तिहरू घाइते भए। ती घाइतेहरूलाई हेटौंडा अस्पतालमा उपचार गर्न नसकिने भएकोले एउटा गाडी लिएर हेटौंडा सिमेण्टका ड्राइभर दामोदर लामिछानेले घाइतेहरूलाई भारत रक्सौलको डंकन अस्पतालमा पुऱ्याउन गए। तर हेटौंडा फर्कनासाथ दामोदर लामिछानेलाई गिरफ्तार गरी प्रहरी कार्यालयमा राखियो। ती बहुदल समर्थकहरूलाई डंकन अस्पताल किन पुऱ्याएको भनी उनलाई लगातार सात दिनसम्म गुदद्वारमा हिर्काएर पीडा दिने, कुनै पनि नातेदारलाई भेट्न नदिने, टायरले पिट्ने, खान नदिने, खोर्सानी सुँघाउने आदि कार्य गरियो। परिवारलाई समेत भेटघाट र सूचना नदिएकाले उनको मृत्युको पनि हल्ला चलेको थियो, जसले गर्दा उनको परिवारमा एउटा ठूलो त्रासले ठाउँ लियो र स्पष्ट भन्ने हो भने सिङ्गो परिवारलाई मानसिक यातना दिइयो।

त्यसैदिन अर्थात् फागुन ७ गते १६ जना महिलालाई चितवनमा पक्राउ गरियो। तिनीहरूमध्ये एक महिलाले पेट बोकेकी थिइन्। प्रहरीले पेटमा जबरजस्ती लातले हिर्काउँदा उनको रक्तश्राव बढ्दै गयो र पछि गर्भ पतन भयो।

जनआन्दोलनको क्रममा दिइएको यातनाबाट धेरै मानिसहरूको मानसिकतामा समेत असर परेको छ। खासगरी टाउकोमा हिर्काउने र पाइतालामा दिइने यातनाको सम्बन्ध सोझै दिमागसँग हुने गर्दछ। यसै सन्दर्भमा मानवअधिकार संरक्षण मञ्चको चिकित्सा टोलीले चितवनमा दश वर्षको एक बालकको स्वास्थ्य परीक्षण गर्दा प्रहरीद्वारा दिइएको यातनाबाट बालकको मानसिकतामा नराम्रो असर परेको निर्णय निकालेको छ। उक्त बालक अर्थात् बुद्धकान्त न्यौपानेका बाबु र दाजु राजनीतिसँग सम्बन्ध राख्ने र उनीहरू जनआन्दोलनमा सरिक भएका थिए। त्यसैले उनीहरू भूमिगत पनि थिए। दैनिकरूपमा प्रहरीले आएर बुद्धकान्त न्यौपानेलाई उसको बाबु र दाजु कहाँ छन् भनेर सोध्ने गर्दथे। बालकले थाहा नभएको जवाफ दिए पनि प्रहरीले बालकलाई गिरफ्तार गरी यातना दिन शुरू गरे। लगातारको पिटाइको कारण रिहाइपश्चात् पनि बुद्ध न्यौपाने "पुलिस पुलिस .." भनेर बर्बराउने गर्छन्। यसैगरी चितवनको घटना हो, फागुन ७ गते बहुदलवादी प्रदर्शनमा भाग लिंदा तेह्र वर्षीय कमल कँडेल पनि गिरफ्तार भए। हिरासतमा राख्दा प्रहरीले एउटा हात भाँचिदियो।

काठमाडौंका विभिन्न गोदाम घरमा राखिएका राजबन्दीहरूलाई खान नदिने, राति चिसो पानीमा चोपल्ने, राति १२ बजे ती बन्दीहरूलाई बूटले हिर्काउँदै तिमीहरू बहुदले हैनौं? कम्युनिष्ट कि कांग्रेस भन्दै हिर्काउने। दिउँसो पानी पिउन नदिने किसिमका यातना भने सामान्य भए, त्यसबाहेक लठ्ठीले तिघ्रामा हिर्काएर हाड भाँचिदिने, औंलाका नङमुनि सियो घोच्ने आदि प्रक्रिया अपनाइएको पनि हिरासतबाट रिहा भएपछि मानवअधिकार संरक्षण मञ्चले लिएको अन्तर्वार्ताबाट स्पष्ट हुन्छ।

यातनाका किसिमहरूकै छानबिन गर्ने क्रममा झापा जिल्लामा भने एउटा नौलो तरिकाको यातना दिइएको पाइएको छ।

यातना दिने व्यक्तिलाई घुँडासम्म पानी आउने कोठामा तीन चार दिन उभ्याएर राख्ने, फलतः पानीले खुट्टा फुलाउनेदेखि लिएर दिमागमा सम्म असर पार्न थाल्दछ। तीन चार दिन लगातार उभिनुपर्दा मूर्छा परेर मानिस लड्छन् पनि। यसै यातनाका शिकार भएका इलाम निवासी एक व्यक्तिलाई हाल पनि सिलगुडीमा उपचार गराइरहनुपरेको छ।

माथि उल्लेख गरिएका यातनाका किसिमबाहेक इलेक्ट्रिकको पनि प्रयोग गरेको पाइन्छ। तर आजसम्म यातना दिएबापत अथवा यातनाको कारण मृत्यु भएबापत जिम्मेवार कसैलाई पनि अर्थात् यातना दिनमा संलग्न कुनै पनि अधिकृतविरूद्ध कुनै कारवाही भएको छैन।

आज जनआन्दोलनले नव नेपाल निर्माण गर्ने अभिभारा अन्तरिम सरकारलाई सुम्पेको छ। अन्तरिम सरकारले सोअनुरूप यातनाविरूद्ध नयाँ कदम चाल्नुपर्दछ। प्रजातन्त्रमा बिना प्रमाण कसैलाई पनि दोषी ठहऱ्याउन मिल्दैन। यातना दिएर जबरजस्ती कसैलाई कुनै विषयमा बकाउने पाशविक प्रवृत्ति त्याग्नुपर्दछ। साथै यस्ता प्रवृत्तिको अवलम्बन गर्ने सम्बन्धित व्यक्तिमाथि न्यायिक कारवाही गरिने व्यवस्था संयुक्त राष्ट्र संघको कानून पालना गराउने अधिकारीहरूका लागि आचारसंहिता नेपालको कानूनभित्र पार्नुपर्दछ। अन्यथा जनताले यति ठूलो यातना खपेर ल्याएको व्यवस्थाले जनताकै विरूद्धमा काम गर्नेछ।

(मधुपर्क, वर्ष २३, अंक ५ असोज २०४७ बाट साभार)

●

प्राचीको प्रकाशन र प्रकाश

– सुशील प्याकुरेल

प्रकाशको सार्वजनिक जीवनको सुरूवात् "प्राची" मासिक पत्रिकाबाट भएको हो। त्यसबेला करीब चार वर्षको काठमाडौंको बसाईपछि प्रकाश सिकारू भएर पाँचथर जिल्लाको मेलबोटे हाई स्कूलमा विज्ञान शिक्षकको रूपमा काम गर्न थाल्यो। शिक्षण पेशाको अवधि लामो नभएता पनि प्रकाशको जीवनको एउटा महत्वपूर्ण समय भने त्यो भएको छ। प्रकाशले मेलबोटेबाट मलाई लेख्वेको पत्रको मलाई राम्रो सम्झना छ, उसले नेपाली गाउँले जीवन, जनताका समस्याको बारेमा वर्णन गर्दै जनताको हक अधिकारको लागि हामी जस्ता युवाहरूले केही गर्नुपर्छ र जीवनलाई खेर नफालौं भन्ने आग्रहका साथ सल्लाह मागेको थियो।

प्रकाश, मसित छुट्टिएर काठमाडौं बाहिर जाँदा र ऊ शिकारू भएपछि, उसले लेख्वेको पत्रमा भिन्नता थियो। त्यसै बेलादेखि प्रकाश वामपन्थी विचारतिर आकर्षित भएको थियो। केही समयपछि प्रकाश धनकुटा आयो। उसले मलाई जनतामा चेतना ल्याउन एउटा साहित्यिक पत्रिका प्रकाशित गर्ने विचार गरेको र त्यसमा मेरो सल्लाहभन्दा पनि सहमतिको आशयमा चिठी लेख्यो। त्यसताका म भरखर व्यापार प्रवर्द्धन केन्द्र भन्ने कर्यालयमा सहायक भै काम गर्न थालेको थिएँ।

यो कुरा ०२८ सालको हो। त्यसो त हामी त्यस बेलासम्म केही राजनैतिक कुरामा चासो राख्ने, त्यसमा पनि बढीरूपमा पंचायत विरोधीको रूपमा आफूलाई प्रस्तुत गर्न थालिसकेका थियौं। तर पनि साहित्यको बारेमा र साहित्यबाट पनि चेतनाका कुरा जनतामा पुऱ्याउन सकिन्छ भन्नेमा म भने अनभिज्ञ नै थिएँ। मेरो विचारमा साहित्य मात्र सुन्दरताको लागि हुन्छ र यो राजनीति निरपेक्ष हुन्छ भन्ने थियो। मैले आफूलाई लागेको कुरा लेखी पठाएँ। प्रकाश काठमाडौं आयो। हाम्रो बीचमा पत्रिकाको स्वरूपबारे निकै छलफल भयो। प्राचीलाई वर्गीय साहित्यिक पत्रिकाको रूपमा प्रकाशन गर्नुपर्छ भन्ने प्रकाशको प्रस्ताव थियो तर म भने साहित्यलाई राजनीतिको सीमाभित्र नराख्नुँ भन्थें। प्रकाशको र मेरो बीचमा एउटा आश्चर्यको प्राकृतिक समझदारी थियो। त्यो के भने हामी प्रत्येक विषयमा छलफल र विचार गर्थ्यौं तर जिद्दी भने गर्दैन थियौं। हामीमध्ये कसैले कुनै विषयमा आग्रह राखिहाल्यो भने त्यसलाई सजिलै ग्रहण गर्थ्यौं। "प्राची" को स्वरूपबारेमा भएको छलफलमा हाम्रा मित्र गोविन्द गजुरेलले पनि प्रशस्त भाग लिएको छ। गोविन्दलाई उसबेला हामीमध्येको साहित्यिक व्यक्ति भन्ने रूपमा हामीले लिएका थियौं। ऊ बढी मेरो तर्कको नजिक थियो।

मैले प्राचीको स्वरूपमा प्रकाशको इच्छाअनुरूप नै चल्ने निधो गरें। प्रकाशले प्राचीको सम्पादक आफू रहने र प्रकाशकमा रहनुपर्ने प्रस्ताव गऱ्यो। एउटा सरकारी जागिर, अनि राजनैतिक/साहित्यिक पत्रिकामा प्रकाशक बस्ने कुरो, सजिलो भने थिएन। प्रकाशको आग्रह प्राचीलाई वाम राजनीति बोक्ने साहित्यिक पत्रिकाको स्पष्ट चिनारीसहित प्रकाशन गर्नुपर्छ भन्ने थियो। तत्कालीन स्थितिमा पत्रिका प्रकाशनकै लागि जागिर छाड्ने कि नछाड्ने बारेमा पनि हाम्रो छलफल भयो। अन्ततोगत्वा मैले "सुशील बन्धु" भन्ने नामबाट प्रकाशक रहनुपर्ने निर्णय हाम्रो बीचमा निर्णय भयो र प्राचीको जन्म भयो।

प्रकाशको इच्छा र सपनाअनुरूप नै प्राची वाम साहित्यिक पत्रिकाको रूपमा नै बाहिर आयो। चे ग्वेभाराका कवितादेखि क्रान्तिकारी कविता, कथा नै उसको प्रारम्भिक पहिचान भयो।

प्रकाशको विचार मात्र पत्रिका प्रकाशित गर्ने थिएन, ऊ त त्यसको माध्यमबाट एउटा सक्रिय जीवनबाट कार्यकर्ताको रूपमा प्रवेश पाउन खोजिरहेको थियो। हामी त्यसबेला भरखर स्थापना भएको साहित्यिक पत्रकार संघमा पनि सक्रिय हुन थाल्यौं। सोल्फेनित्सिनले सोभियत संघबाट निर्वासित भएर वस्नुपरेको कुरो लिएर हामी सोभियत सरकारको कटु आलोचक भयौं। हाम्रो सोभियत संघको आलोचना गर्ने कामले गर्दा साहित्यिक पत्रकार भवानी घिमिरे ज्यादै आक्रोशित हुनुभएको थियो। उहाँलाई दुई खेमामा बाँडिएको तत्कालीन वाम आन्दोलनमा हामी उही सोभियत विरोधी खेमामा पुग्छौ कि भन्ने डर रहेछ, जुन कुरो उहाँले हामीलाई डिल्लीबजारमा रहेको उहाँको डेरामा एक रात भन्नुभयो र त्यसो नगर्न आग्रह गर्नुभयो। सोल्फेनित्सिन "समाजवाद" विरोधी भएको र त्यसैले ऊ निर्वासित हुनुपरेको भन्ने कुरा बताउनुभयो तर हामी त्यस भनाइबाट सहमत भएनौं, त्यसो त हामीले सोल्फेनित्सिनलाई पढेका थिएनौं तापनि विचार मिलेन भन्दैमा कसैलाई उसको आफ्नो मुलुकमा समेत बस्न नदिने नीतिसित भने हामी सहमत भएनौं। अन्ततोगत्वा "प्राची" ले वाम आन्दोलनमा पनि सोभियत विरोधी धार अर्थात् नेपालमा त्यसताका भूमिगतरूपमा संचालित वाम आन्दोलन, जसले माओत्सेतुङ विचार धारा मान्दै थियो, को नजिक बन्न पुग्यो। त्यसबेला हामी "प्राची" लाई सामन्तवाद-साम्राज्यवाद र सामाजिक साम्राज्यवाद विरोधी धार बोकेको पत्रिकाको रूपमा राख्नुपर्छ भन्ने निधोमा पुग्यौं। ●

प्रकाश काफ्लेलाई फेरि एक पटक सम्झँदा

– प्रदीप नेपाल

"मलाई लाग्छ– कम्युनिष्टहरू मूलरूपमा मानवअधिकारका पक्षपाति हुन्छन्। कम्युनिष्टको विचारधारा र मानवअधिकार पर्यायवाची शब्द हुन्। ... अब हेर्नुहोस्, नेपाली कांग्रेसका मानिसले मानवअधिकारको कार्य गर्नुहुने र कम्युनिष्टले नहुने भन्ने केटाकेटी कुरा अब विगतको कथा भइसक्यो।"

– स्वर्गीय प्रकाश काफ्ले (२०४४ कार्तिक १८ गतेको छलफल साप्ताहिक)

मानिसको मृत्यु पीडादायी त हुन्छ नै। त्यसमाथिको अकाल मृत्यु कहिल्यै विस्मृतितिर नजाँदोरहेछ। प्रत्येक वर्ष त्यो ताजा घाउ भएर बल्झिदोरहेछ, मानिसहरूको मनमा। प्रकाश काफ्लेलाई जीवित छउन्जेल गाली गर्नेहरूको पनि अभाव थिएन। पत्रिकाहरूमा उहाँका बारेमा नानाभाँतीका टिप्पणीहरू पनि नछापिएका होइनन्। त्यस्ता क्षणहरूमा कालिमाटीको सानो अफिसमा, उहाँ र सुशील प्याकुरेलको दिक्दारीपूर्ण सुस्केरा सुन्दै गफ गरेको हिजो अस्ती हो जस्तो लाग्छ। तर त्यसो भएको पनि आधा दशक बितिसकेछ। ती पत्रिकाहरू जीवितै छन्। गाली गर्ने र आरोप लगाउने मानिसहरू पनि जीवितै छन्। तर तिनको झुटो आरोप पढेर दिक्दार हुने प्रकाश काफ्ले हामीसित हुनुहुन्न। अहिले त आरोपहरू पनि विस्मृतितिर गइसके होलान्। किनभने तिनै पत्रिकाहरूले प्रकाशको प्रशंसा पनि छापेका छन् र आफूले गरेको अन्यायलाई सच्याएका छन्। यही प्रवृत्तिलाई हेर्दा लाग्छ– मृत्युपछि नै मानिसको मूल्यांकन शुरू हुन्छ र उसका गुणहरू समाजको सम्पत्ति बन्दछन्। यस्तै व्यावहारको पीडाबाट सायद शताब्दियौं पहिले यो आह्वान जन्मिएको होला– कर्मण्यवाधिकारस्ते मा फलेषु कदाचन।

जे होस्, भावनामा बग्नुभन्दा पहिले हामी जीवितहरूले प्रकाश काफ्लेका दुईवटा गुणहरूलाई पटक-पटक दोहोऱ्याइरहनु पर्छ र मानवअधिकार आन्दोलनमा उहाँले दिनुभएको देन पहिलो हो। प्रकाश नभएको भए मानवअधिकारवादी आन्दोलन अगाडि बढ्ने थिएन त म भन्दिन, तर आजको मानवअधिकार आन्दोलनको निर्माता भनेको प्रकाश नै हो भन्न पनि मलाई संकोच लाग्दैन। प्रकाश मानवअधिकारको क्षेत्रमा काममा लाग्नुअघि पनि नेपालमा मानवअधिकारवादी संघसंस्थाहरू थिए। मलाई लाग्छ– अरू केही नभए पनि एमनेष्टी त थियो। तर त्यो आन्दोलन थिएन। त्यसले नेपाली जनता र विदेशी मित्रहरूलाई नेपालमा मानवअधिकारको र त्यससँग सम्बन्धित आन्दोलनको अनुभूति दिन सकेको थिएन। यस्तै अरू केही कोठे संगठनहरू पनि थिए होलान्– तर मुलुकमा आन्दोलनको निर्माण हुनसकेको थिएन। प्रकाशको आगमनसँगै मानवअधिकार एउटा आन्दोलनको रूपमा अगाडि आयो। गोष्ठी र सभाहरू हुनथाले, मानवअधिकार पृष्ठभूमि बोकेका राजनीतिक गतिविधिहरू हुनथाले। मुलुकमा हुने कुनै पनि राजनीतिक प्रकृतिका आन्दोलनहरूमा मानवअधिकार संरक्षण मंच एउटा विश्वसनीय मित्र बन्न थाल्यो।

प्रकाश काफ्ले तत्कालीन नेकपा (माले) को एउटा कार्यकर्ता हुनुहुन्थ्यो र उहाँले पार्टीले दिएको जिम्मेवारी पूरा गर्ने क्रममा नै मानवअधिकार आन्दोलनलाई अगाडि बढाउने काममा महत्वपूर्ण भूमिका निभाउनुभएको थियो भनेर प्रकाशको पक्षलाई कमजोर पार्न त सकिन्छ तर यसबाट नेपाली राजनीति र नेपाली मानवअधिकार आन्दोलनको क्षेत्रमा उहाँको भूमिकालाई कमजोर पार्न सकिदैन। अहिले पनि क्रियाशील मानवअधिकार संरक्षण मंच तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माले) को मानसपुत्र थियो भन्ने कुरा सत्य हो। नेकपा (माले) को केन्द्रीय कमिटीकै बैठकमा उक्त मंचको बारेमा, मंचको नाम र मंचमा समावेश गरिनुपर्ने मानिसहरूका बारेमा विस्तृत छलफल भएको थियो र पार्टीको तर्फबाट प्रकाश काफ्ले, पाण्डवराज घिमिरे जस्ता कार्यकर्ताहरूलाई त्यसमा लगानी गर्ने निर्णय भएको थियो। पार्टीको तर्फबाट प्रदान गरिएको जिम्मेवारी पूरा गर्ने कार्यकर्ताको विशिष्ट ढंगले मूल्यांकन गर्नु भनेकै तत्सम्बन्धमा उसले गरेका कामहरूको मूल्यांकन हो। जिम्मेवारी धेरै मानिसहरूले पाउँछन् तर त्यसलाई पूरा गर्नेहरूको संख्या भने निकै सानो हुन्छ। त्यसैले पार्टीको निर्णय र टेवासँग जोडेर हेर्ने हो भने पनि मानवअधिकार आन्दोलनको क्षेत्रमा प्रकाशको योगदान माथि नै जान्छ, त्यसलाई तल झार्न सकिन्न। उहाँ एउटा यस्तो पार्टी कार्यकर्ता बन्नुभयो, जसले दिएका सबै जिम्मेवारीहरूलाई पूरा गर्दछ। अहिले मानवअधिकार आन्दोलनमा लागिरहेका पार्टीका कार्यकर्ताहरूले उहाँबाट सिक्ने भनेको पनि यही हो। नेपालको इतिहासको मानवअधिकारवादी आन्दोलनमा लुकाउनै नसकिने सच्चाई भनेको के हो भने

नेकपा (माले) जस्तो बहुआयामिक प्रतिभा भएको पार्टी हुँदैनथ्यो र प्रकाश काफ्ले जस्ता पार्टीका सिपाही हुँदैनथे भने नेपालको मानवअधिकार आन्दोलनको छाती यति फराकिलो हुने थिएन। अहिले नेकपा (एमाले) का प्रत्येक कार्यकर्ताले यो सच्चाइलाई जस्ताको तस्तै राख्न सक्नुपर्छ। अहिले पनि नेकपा (एमाले) ले मानवअधिकार आन्दोलनमा चासो नराख्ने हो र प्रकाश जस्ता कार्यकर्ताहरूलाई त्यहाँ लगानी नगर्ने हो भने नेपालमा आन्दोलनका रूपमा मानवअधिकार समाप्त हुन्छ र त्यो दस्तावेज र अखबारका वक्तव्यहरूमा सीमित हुन्छ। यो सच्चाइलाई बुझ्दा पनि प्रकाश काफ्लेको योगदान माथि नै जान्छ।

प्रकाशको अर्को देन भनेको मानवअधिकारसम्बन्धी दक्षिण एशियाली अवधारणाको विकास हो। लामो समयसम्म मानवअधिकार पश्चिमा साम्राज्यवादको विषालु हतियार मात्र थियो। भाषण गर्न र निर्देशित मान्यताका आधारमा संगठन बनाउनु नै मानवअधिकार थियो र त्यसैले लामो समयसम्म त्यो मानवअधिकार एशियाका लागि, आम जनसमुदायका लागि, उत्पीडित राष्ट्र र स्वाभिमानी राष्ट्रियताका लागि कामलाग्दो पनि थिएन। त्यो अक्टोपसरूपी पश्चिमा साम्राज्यवादको एउटा विषालु पञ्जा मात्र थियो। इमानदार भएर भन्नुपर्दा, भोको पेटको सारंगीले स्वतन्त्रता र स्वाभिमानको गीत गाउन सक्दैन। भाषणको मानवअधिकार अमेरिकामा निग्रोहरूले भोग्नु परेको उत्पीडन हो, यूरोपमा एशियाली मूलका मानिसहरूले भोग्नुपरेको सामाजिक अपमान हो। वास्तवमा मानवअधिकार जीवनको अधिकार हो र पश्चिमा साम्राज्यवादले दिलोज्यानले मानवअधिकारको यो पक्षलाई लुकाएर राख्नेको थियो। दक्षिण एशियाली मानवअधिकार आन्दोलनलाई ठोस र एकीकृत बनाउने सन्दर्भमा प्रकाश काफ्लेले जीविकाको अधिकारलाई मानवअधिकारको अभिन्न अंग बनाउने अभियान थाल्नुभयो। अहिले मानवअधिकारको आम अवधारणामा जीविकाको अधिकार स्थापित हुँदै गएको छ। यसलाई पुष्ट पार्न बाँकी नै छ। तर यसको थालनीमा प्रकाश काफ्लेले दिनुभएका योगदानहरूलाई बिर्सन भने कहिल्यै पनि सकिँदैन।

मैले माथि नै छरक्क चर्चा गरें, प्रकाश काफ्ले एउटा कम्युनिष्ट हुनुहुन्थ्यो। त्यो कठिन कालमा, साह्रै थोरै मानिसहरूले पार्टी सदस्यता पाउने कालमा पनि उहाँ तत्कालीन नेकपा (माले) को सदस्य हुनुहुन्थ्यो। पार्टीको निर्देशनमा उहाँले जनकपुर र हेटौडामा जनकार्य गर्नुभएको थियो। त्यसपछि पार्टीले उहाँलाई पत्रकारिताको क्षेत्रमा लगाउने निर्णय गऱ्यो र उहाँ काठमाडौं आउनुभयो। काठमाडौंमा पत्रकारिता गरिरहँदा पनि उहाँ पार्टीकै एउटा सिपाही हुनुहुन्थ्यो र समाचार सम्पादन वा लेखन गर्नुअघि सम्बन्धित पार्टी कमिटीसँग सल्लाह गर्ने गर्नुहुन्थ्यो। पछि पार्टीले उहाँलाई पूर्णरूपले मानवअधिकारको क्षेत्रमा लगाउने निर्णय गऱ्यो। त्यहाँ पनि उहाँले पार्टी सदस्यको जिम्मेवारी पूरा गर्नुभयो। कार्यक्रमहरू बनाउने, कार्यक्रमहरूका विविध पक्षका बारेमा पार्टीसँग रायसल्लाह लिने, पार्टीको निर्देशनअनुसार आवश्यक संशोधन गर्ने र निर्णय भैसकेपछि निर्णय लागू गर्न दिलोज्यानले लाग्ने उहाँको एउटा अनुकरणीय चरित्र थियो। नेपालमा मानवअधिकार आन्दोलनलाई एउटा सशक्त आन्दोलनका रूपमा विकास गर्नमा उहाँको यो चरित्रले गम्भीर भूमिका निर्वाह गरेको छ। वास्तवमा जहिले-जहिले मानवअधिकार आन्दोलनको क्षेत्रबाट नेकपा (माले) भनौ या नेकपा (एमाले) लाई अलग राख्ने कोसिस गरियो, तहिले मानवअधिकारको अवधारणालाई बुझ्ने र मानवअधिकारको सम्मान गर्ने राजनीतिक पार्टी भनेको नेकपा (एमाले) मात्रै हो र त्यसको सहयोग, समर्थन र टेवाको अभावमा सबै मानवअधिकारवादी आन्दोलनहरू या त निस्कृय हुन्छन् या राजनीतिक पूर्वाग्रहका शिकार बन्दछन्। मानवअधिकारवादी आन्दोलनको क्षेत्रमा नेकपा (एमाले) को दृष्टिकोणलाई खार्न र नेपाली कम्युनिष्टहरूलाई मानवअधिकार आन्दोलनको अगुवा बनाउन वास्तवमा प्रकाश काफ्ले र उहाँ जस्ता योग्य कार्यकर्ताहरूले ठूलो भूमिका निर्वाह गर्नुभएको छ। अहिले मानवअधिकार आन्दोलनमा लागिरहेका कम्युनिष्ट होउन वा गैर कम्युनिष्ट, सबैले प्रकाश काफ्लेको यो गुणबाट सिक्नुपर्दछ र उनीहरूले कम्युनिष्ट भएरै यो गुण सिक्नुपर्दछ।

यहाँनेर मैले कोट्याउन खोजेको अर्को एउटा पक्ष पनि छ। मलाई लाग्छ- प्रकाश काफ्लेबाट जीवनकालमा कसैप्रति कुनै राजनीतिक पार्टीप्रति पूर्वाग्रहपूर्ण व्यावहार भयो भनेर आरोप लगाउन कसैले पनि सक्दैन। उहाँको कार्यक्षेत्रमा उहाँ सबै पार्टीका लागि बराबर हुनुहुन्थ्यो। पार्टीगतरूपमा उहाँ आन्दोलन वा गतिविधिको मूल्यांकन गर्नुहुन्नथ्यो। उहाँका लागि आन्दोलनको चरित्र नै आन्दोलनको मूल्यांकनको आधार हुने गर्थ्यो। तर यसरी काम गर्ने उहाँको के आधार थियो? यो आधार कम्युनिष्ट पार्टीको सदस्यता मात्र थियो। कम्युनिष्ट भइसकेपछि कसैप्रति अन्याय गर्न मिल्दैन भन्ने उहाँको आदर्श थियो। पार्टीको सदस्यता शुल्क तिर्नु, पार्टीलाई लेभी बुझाउनु, पार्टी प्रकाशनहरूको अध्ययन गर्नु, विविध विषयमा पार्टीलाई आफ्नो राय दिनुका साथै मानवअधिकार क्षेत्रमा पार्टीले कस्तो नीति लिनुपर्छ भन्ने राय बनाउनु उहाँका सामान्य गतिविधिहरू थिए र मानवअधिकारको सवाल उठ्ने बित्तिकै उहाँ ती सबै (जो मानवअधिकारबाट वञ्चित छन्) लाई समेट्ने कार्यक्रम दिनुपर्छ भन्नुहुन्थ्यो र आफू कम्युनिष्ट पार्टीको सदस्य भएकै हुनाले आफ्नो दृष्टिकोण त्यति फराकिलो हुनसकेको कुरा गर्वसाथ अगाडि सार्नुहुन्थ्यो।

एउटा सानो प्रसंगको चर्चा गर्न मन लाग्छ, त्यतिबेला मानवअधिकार संरक्षण मंचको कार्यालय कालिमाटीमा थियो र म बेला मौकामा त्यहाँ जाने गर्थे। आन्दोलनको सम्भावना र सफलताका बारेमा हामी कुराकानी गर्न थालिसकेका थियौं। त्यतिबेला आफ्नो क्षेत्रको कामको चर्चा गर्दै प्रकाशले भन्नुभयो- "कमरेड, अहिले हामी नेपाली कांग्रेसका लागि पनि काम गरिरहेका छौं। उनीहरूमाथि परिरहेका प्रत्येक मारका विरूद्ध आवाज उठाइरहेका छौं। तर केही समयपछि यही नेपाली कांग्रेस नै हाम्रो सबैभन्दा ठूलो दुश्मन हुनेछ। राजनीतिकरूपमा मात्र होइन, यो मानवअधिकार विरोधी पनि हुनेछ। यसले नै मानवअधिकारको सबैभन्दा बढी उल्लंघन गर्नेछ र हामीले यसैका विरूद्ध चर्को लडाइँ लड्नुपर्नेछ।"

मैले प्रकाश काफ्लेको भनाइलाई सिंगारेर यसो भनेको होइन। उहाँको यो कुरा सुन्ने अरू पनि अहिले जीवित छन्। साथै उहाँले यस्तो भविष्यवाणी गर्नुभएको थियो भनेर मैले चर्चा गर्न खोजेको पनि होइन। मैले के मात्रै भन्न चाहेको हो भने- एउटा निश्चित दृष्टिकोण र मान्यतालाई नसमाती कुनै पनि मानिसले सही ढंगले काम गर्न सक्दैन र जीवनमा सफलता प्राप्त गर्न सक्दैन। प्रकाश काफ्ले एउटा कम्युनिष्ट नहुनुभएको भए, नेकपा (माले) र पछि (एमाले) को एउटा जोधाहा सिपाही नहुनुभएको भए उहाँले मानवअधिकारको क्षेत्रमा यति ठूलो सम्मान र सफलता पनि प्राप्त गर्न सक्नुहुने थिएन।

हामी जो जीवित छौं र अलग-अलग क्षेत्रमा क्रियाशील रहेर राजनीतिक अभियानका सहयात्री भएका छौं- के उहाँबाट सिक्न सक्छौं?

(बुधबार साप्ताहिक, ०५३ साउन १६, वर्ष १, अंक ३७)

●

प्रकाश बाँचेको भए अहिलेको स्थितिमा के हुन्थ्यो होला

- कपिल श्रेष्ठ, अध्यक्ष
नेपाल मानवअधिकार संगठन



आज असंख्य नेपाली जनताका बलिदानीपूर्ण संघर्ष र त्यागबाट पुनः स्थापना भएको प्रजातान्त्रिक व्यवस्थाको बितेका नौ वर्षको अवधिमा हाम्रो प्रजातान्त्रिक व्यवस्था र मानवअधिकारको समग्र स्थिति परिवर्तन र संक्रमणको अत्यन्त संवेदनशील संघारमा उभिएको छ। प्रकृति र प्रवृत्ति र जनताका सोचाइ मात्र होइन, राष्ट्रिय/अन्तर्राष्ट्रिय परिवेशमा समेत ठूलो परिर्वतन आएको छ। यसैले नेपालमा मानवअधिकार र मानवअधिकार आन्दोलनको स्थिति तथा यसका भावी गन्तव्य बारे विवेचना वा मूल्यांकन गर्दा यी परिवेशबाट एकांकी रूपमा अलग्याएर हेर्न कदापि मिल्दैन। आज यो कुरा पनि उत्तिकै मननयोग्य छ कि हाम्रो प्रजातान्त्रिक व्यवस्था हाम्रा राजनीतिक दल तथा तिनका नेताहरू तथा हाम्रो आफ्नै अनुभवहीनता, हेलचेक्र्याई र स्वार्थन्धताका कारण विकृत र रोगग्रस्त हुन पुगेको छ भने अर्कोतिर परम्परागत राजनीतिक प्रक्रियालाई सचेत र जीवन्त बनाउन प्रमुख संवाहकको भूमिका निर्वाह गर्नुपर्ने मानवअधिकार आन्दोलन तथा नागरिक समाजको आन्दोलन पनि वैचारिक परनिर्भरता, आपसी अन्तरद्वन्द्व, विरोधाभाष र अन्यौलको भुमरीमा फसेको छ। परिणामस्वरूप हाम्रै आँखाअगाडि प्रजातान्त्रिक व्यवस्था, यसका क्रियाकलाप र प्रक्रियाहरूको गुणस्तर, क्षमतामा र त्यसप्रतिको जनविश्वासमा ठूलो ह्रास आई यसको औचित्यमाथि नै प्रजातन्त्र विरोधीहरू, ०४६ सालले पारवा लगाएका पुनरूत्थानवादी तथा प्रतिक्रियावादी तत्वहरू तथा अन्तर्राष्ट्रिय वैचारिक द्वन्द्वमा ओझेल परिसकेका उग्र वामपन्थीहरूले क्रमशः चुनौती दिने साहस गर्न थालेका छन्।

यसैगरी प्रजातन्त्र प्राप्तिका प्रारम्भिक कालमा मानवअधिकारका मूल्य-मान्यताप्रतिका अकुण्ठित प्रतिबद्धता र इमानदारीका कारण विश्व रंगमंचमा समेत सम्मानित हुँदै आएको नेपाल मानवअधिकारको निरन्तर हनन र एक पछि अर्को सरकारहरूको यसप्रतिको बेवास्ता तथा असंवेदनशीलताका कारण देशवासीका लागिमात्र नभै देश-विदेश स्थित हाम्रा मित्र र शुभेच्छुकहरूका लागि समेत फेरि ठूलो चिन्ता र पीडाको कारण भएको छ। हाम्रो प्रजातान्त्रिक व्यवस्थाको कार्यान्वयनको यति छोटो अवधिमा नै जुनरूपमा प्रजातान्त्रिक तथा मानवअधिकारका मूल्य-मान्यताको सुनियोजितरूपमा अवमूल्यन र उल्लंघन गर्ने निरन्तर प्रयासहरू भएका छन्, त्यसले प्रजातन्त्र र मानवअधिकार एक अर्काका पूरक र पर्याय हुन् भन्ने शाश्वत र विश्वव्यापी अवधारणामा समेत गहिरो चोट पुगेको छ। यो कुनै मानवअधिकारको व्यक्तिगत धारणा वा चिन्ता होइन। ०४८ सालको पहिलो आमनिर्वाचनपछि हालसम्म गठन भएका जति पनि सरकारहरू छन्, उनीहरूका यस क्षेत्रमा देखिएका उपलब्धि र क्रियाकलापका तथ्य र तथ्यांक हेरेमा मानवअधिकारको ह्रासोन्मुख स्थितिको एउटा डरलाग्दो चित्र प्रस्तुत हुन्छ। कुख्यात तस्कर, अपराधी तथा ज्यानमाराहरूलाई राजनीतिक संरक्षण दिएर कैदबाट छुटाउनेदेखि संसदसम्म पुऱ्याउने, शान्ति सुरक्षाका नाममा सानातिना समस्यालाई पनि ठूलो धनजनको क्षति हुने गरी प्रहरी कारवाही गर्ने, आफू सत्तामा छउन्जेल सत्ताको दुरूपयोग गरी विरोधी पक्षलाई दबाउन खोज्ने प्रवृत्ति, अदृश्य शक्ति केन्द्रहरूको निर्देशनमा तथाकथित आतंकवाद विरोधी नियन्त्रण तथा सजाय विधेयक ०५४ जस्तो धुन्धकारी फासिष्ट प्रकृतिको ऐन-कानून तथा अन्य छद्मभेषी अप्रजातान्त्रिक ऐन-कानून वा संशोधनहरू जबरजस्ती ल्याउन खोज्ने कार्यलाई कस्तो प्रवृत्ति हो भन्ने? यसलाई कुन चाहीं प्रजातान्त्रिक प्रवृत्ति र आचरण अन्तर्गत राख्ने? त्यसमाथि आज एकातिर केही वर्षयता उग्रवामपन्थी माओवादीहरूले चलाएको कथित "जनयुद्ध" का कारण वर्वर र जंगली तरिकाले मारिएका, अंगभंग बनाइएका, फरक आस्था बोक्ने व्यक्तिहरू तथा विस्थापित भएका कैयन् परिवारहरूका चित्कार र वेदनाहरूले हाम्रो मानवीय संवेदनशीलता आहत भएको छ भने अर्कोतिर यी माओवादीहरूको क्रियाकलाप नियन्त्रणका नाममा संचालित अनियन्त्रित राज्य आतंक र हत्याको कुचक्रले हाम्रो जस्तो सरल, शान्त, सहिष्णु ग्रामीण समाजको मनोवैज्ञानिक तथा सामाजिक सुव्यवस्था नै ठूलो आघात पुऱ्याउन सक्ने सम्भावना बढ्दैछ। प्रजातन्त्र र मानवअधिकारको यस्तो डरलाग्दो स्थितिप्रति कसले जिम्मेवारी बहन गर्ने? कुन दूरदृष्टि भएको साहसिक व्यक्ति वा संस्थाले यस्तो मिसावट र गिरावटलाई रोक्न सक्षम छ?

हाम्रो यही काकाकूल अवस्थामा हामी हाम्रा बिर्सन चाहेर पनि बिर्सन नसकिने विलक्षण तथा अद्वितीय मित्र जो अब हाम्रो स्मृतिमा मात्र सीमित छ- स्व. प्रकाश काफ्लेलाई सम्झिन पुग्छौं। अब हामी आफ्नै तर्कना मात्र गर्न सक्छौं- यदि प्रकाश बाँचेको भए, यदि प्रकाश र अरू मित्रहरू त्यो घोप्टेभीरमा ठोकिएको थाइ विमानमा नलढेको भए उनले अहिलेको स्थितिमा कस्तो प्रतिक्रिया जनाउने थिए होलान्? हाल देखिएका समस्या र विकृति निवारण गर्न कस्तो क्रियाशीलता देखाउने थिए होला? हामीले प्रकाशका संभावित क्रियाकलापका बारेमा यस्ता तर्कना र प्रश्नहरू उठाउनु अत्यन्त स्वाभाविक र सामयिक छ। किनभने, ऊ हाम्रो प्रजातान्त्रिक तथा मानवअधिकार आन्दोलनको क्षेत्रमा एक सहभागी र सहयोद्धा मात्र नभै हाम्रो नेता, सचेतक, चिन्तक र संवाहक पनि थियो। हामीमा नैराश्यता छाएको बेला र अन्यौलग्रस्त भएको बेलामा ऊ हाम्रो मार्गदर्शक तथा दिशासूचक थियो। उ हामीबाट बिदा भएको छ वर्षका लामा-लामा अवधि बितिसके पनि उसका आत्मविश्वासले पूर्ण विश्लेषण, भविष्यवाणी हामीमा पनि संचार गर्ने साहस र विश्वासलाई हामी कसरी बिर्सन सक्छौं र?

हुन त कतिपय मानिसलाई प्रकाशका बारेमा मेरा अभिव्यक्ति अस्वाभाविक तथा अतिशयोक्तिपूर्ण लाग्न सक्ला। कहाँको प्रकाश, कहाँ म। दुई अत्यन्त भिन्दा-भिन्दै पारिवारिक, वैचारिक र पेशागत पृष्ठभूमि भएका जीवहरू। ऊ वामपन्थी आन्दोलनको एक अथक योद्धा, अनि म प्रजातन्त्रवादीहरूको सम्झौताहीन लडाइँको एक

कार्यकर्ता। तर ऊ र मबीचका विषम र विपरीत ध्रुवहरूलाई जोड्ने एक अत्यन्त बलियो सम्बन्ध-सेतु विद्यमान थियो। त्यो सेतु भनेको यो मुलुक र यहाँका जनताप्रतिको समर्पण, यहाँ विद्यमान सामन्ती तथा प्रतिक्रियावादी, अर्थ-राजनीतिक व्यवस्थाप्रतिको तीव्र वितृष्णा तथा मानवअधिकार र प्रजातन्त्रका शाश्वत तथा विश्वव्यापी मूल्यप्रतिको अटल विश्वास नै थियो। यिनै समान तथा साझा दृष्टिकोणले गर्दा हाम्रा बीचका मतभेद र भिन्नताहरू सँधै नै गौण भए। न त उनले मलाई कहिल्यै पराइ भावले हेरे न त मैले नै।

अँ, म अहिलेको स्थितिमा प्रकाशका संभावित रेस्पन्स अर्थात् रचनात्मक प्रत्युत्तरका बारेमा कुरा गर्दै थिएँ। एउटा के कुरामा म अत्यन्त विश्वस्त छु भने यदि ऊ अहिलेसम्म बाँचिरहेको भए समस्त प्रजातन्त्रवादी तथा मानवअधिकारवादीहरूको आत्मविश्वास, स्वरको सशक्तपना, संगठनात्मक सुदृढता, आपसी समझदारी तथा हाम्रा राष्ट्रिय-अन्तर्राष्ट्रिय विश्वसनीयता अरू बढी जीवन्त र सुदृढ अवश्यै हुन्थ्यो। किनभने उसमा आफ्ना विरोधीलाई समेत मनाउने र समाहित गर्न सक्ने क्षमता थियो। यो अद्भुत गुण उसले नेपालभित्र मात्र होइन, दक्षिण एशिया तथा अन्य क्षेत्रका मानवअधिकारवादी विद्वान् तथा कार्यकर्ताहरूलाई एउटै फोरममा एउटै उद्देश्यका लागि पटक-पटक उभ्याउन सकेबाट पनि प्रमाणित हुन्छ। यस्तै ऊ बाँचेको भए निश्चय पनि मानवअधिकार आन्दोलनका अधिकांश सहभागीहरू अहिले जस्तो कुनै न कुनै राजनीतिक दलहरूको पछौटे नबनी निरर्थक कुरामा विभाजित नभै एक स्वतन्त्र र सशक्त पहिचान तथा व्यक्तित्व भएको आन्दोलनका रूपमा विकसित भै एक सही किसिमको नागरिक समाजको आन्दोलनका रूपमा क्रियाशील हुन्थे र मानवअधिकारका बारेमा हाल देखिएका भ्रम र अन्यौलबाट समाज धेरै हदसम्म मुक्त नै हुन्थ्यो होला। हाम्रा कुरालाई कसैले अहिलेजस्तो हल्कारूपमा लिने हिम्मत गर्दैनथे होलान्। निश्चय पनि आजको जस्तो स्थिति उनको क्षमता, दूरदृष्टि र सिर्जनशील विचारका लागि एक चुनौती पनि हुन्थ्यो र एक आकर्षक अवसर पनि।

हामी प्रकाशको अनुपस्थितिमा उनको व्यक्तित्व र क्षमतालाई सम्झेर यस्तै संभावनाहरूको तर्कना र कल्पना मात्र गर्न बाध्य छौं। उनको असामयिक निधनले गर्दा समस्त मुलुक, दक्षिण एशिया र विश्वभरि नै एक अपुरणीय शून्यता व्याप्त भएको छ। र, हामी उनका अनन्य प्रशंसक तथा मित्रहरू साँच्चिकै "मणि हराएको" नागजस्तै भएका छौं। तर पनि हामी एउटा कुरामा दृढ विश्वस्त छौं- प्रकाशको प्रेरणा र उनीप्रतिको अगाध आस्थाको कारणले हामी केही क्षणका लागि त्यो प्रजातन्त्र र मानवअधिकाररूपी मणि हामीबाट ओझेल हुन खोजे पनि हामी त्यसलाई सँधै-सँधैका लागि प्राप्त गर्न र संरक्षण गर्न अवश्यै सफल हुनेछौं।

●

मैले चिनेको प्रकाश काफ्ले

- सुरेश आचार्य

प्रकाश काफ्ले मानवअधिकारवादी कार्यकर्ता हुनुहुन्थ्यो। उहाँको निधनपछि मात्र धेरैले यो कुरा थाहा पाए होलान्, जस्तो मैले पाएँ। तर जतिबेला प्रकाशलाई मैले चिनें, उहाँ पत्रकार नै हुनुहुन्थ्यो। हामी दुवै सिन्धुलीमा हुर्केका थियौं। त्यो पनि राजधानीमा आएपछि दुवैलाई यो कुराको जानकारी भयो। ठीक वल्लो पल्लो गाउँमा हुर्किदा हामी अपरिचित हुनुको कारण थियो- उमरको अन्तराल। तर पेशाले फेरि हामी एकै ठाउँमा भयौं, यो बसाई पनि लामो हुन सकेन।

प्रकाश काफ्लेसँग मेरो निकट सम्बन्ध रहेन। यसको एउटा कारण राजनीतिक आस्था हुन सक्छ। तर हामी कहिल्यै राजनीतिक आस्थाका आधारमा एक अर्काबीच अप्रिय पनि रहेनौं। त्यसो त मेरो भेट हुँदासम्म उहाँको आस्थामा नरमपन आइसकेको थियो। उहाँको गैर पार्टी सक्रियतालाई पार्टीले विभिन्न खोल ओढाइसकेको थियो।

एउटा जुझारू र केही नयाँ काम गर्न खोज्ने स्वभाव मैले उहाँमा पाएको थिएँ। मानवअधिकारलाई आफ्नो विषय वस्तुबाट बाहिरै राख्न खोज्ने तत्कालीन कम्युनिष्ट परिपाटीमा मानवअधिकार अभियान चलाउने सोच पनि नयाँ नै थियो। त्यसबेला उहाँले कम्युनिष्ट पार्टीबाट आलोचना खप्नुभएको थियो भने त्यसको साझेदार सुशील प्याकुरेल हुनु होला।

केही गर्न खोज्नेहरूलाई प्रकृतिले पनि धेरै टिक्न दिंदोरहेनछ। शायद केही अनर्थ नै गर्छन् भन्ने ठानेर होला, प्रकाश काफ्ले त्यही नियतिबाट टाढिनुभयो- मलाई अरू कतिपयको प्रसंगमा यस्तो पनि लाग्ने गर्छ।

फरासिलो र आकर्षक व्यक्तित्व

- कणाद महर्षि

वर्षको क्यालेण्डर फेर्नु त कता हो कता, हप्ता नै नबिती आज दोस्रो पटक बन्दको कार्यक्रम छ। बन्द गर्नु संस्थाहरूको मानवअधिकार होला तर काठमाडौंको एक भागबाट अर्को भागमा जागिर खान बाध्य जागिरे मानिस वा कुनै कामको चटारोले चाँडै पुग्नुपर्ने समय नै बितिसक्दा बाटो सकिएको हुँदैन भने त्यसरी हिंड्नुपर्ने बाध्यतामा पारिएको बटुवाको मानवअधिकार उल्लंघन भएको मानिन्छ कि मानिंदैन? संभवतः प्रकाशले मान्नुहुन्थ्यो जस्तो लाग्छ।

प्रकाश काफ्लेसँग मेरो भेट हेटौंडामा निकै अगाडि भएको हो। म एउटा बैंक कर्मचारी र उहाँ औद्योगिक ग्राहक हुनुहुन्थ्यो। उहाँले बैंक सेवाबाहेक मेरो अर्को व्यक्तित्व अर्थात् साहित्यिक व्यक्तित्वको पहिचान पाइसक्नुभएको रहेछ। यो कसरी थाहा पाउनुभयो? मैले कहिल्यै सोधिनँ तर जब उहाँले कणाद मिश्र अर्थात् कवि कणाद महर्षि तपाई नै हुनुहन्छ होइन? भनेपछि मात्र म झसक्क भएँ। एउटा अप्ठेरो र द्विविधाको मनस्थितिमा मैले हाँस्दै भनें- हो।

प्रकाश काफ्ले मसँग नजिक नजिक हुन थाल्नुभयो। उहाँ उतिखेरको पत्रिका निकाल्नुहुन्थ्यो। मसंग रचनाहरू माग्नु हुन्थ्यो। म लेख्खेर सहयोग गर्न थालें। उहाँले मलाई देवासुर संग्राम पुस्तक दिनु भयो र पढेर केही लेख्खेर दिनुहोस् भन्नुभयो। जुन पुस्तक मैले एक-दुई पटक त्यसअघि नै पढिसकेको थिएँ।

मान्छेहरूसँग अति छिटै घुलमिल हुनसक्ने, अरूको मनको कुरालाई सजिलै बुझ्ने र आफू सँधै हँसमुख र ठट्यौलीमार्फत् पेश हुने प्रकाश काफ्ले रिसाएको भने कहिल्यै देखिनँ। उहाँको फरासिलो र स्पष्टवादिता मेरा लागि आकर्षक व्यक्तित्व थिए। तिनै व्यक्तित्वले काठमाडौं आएर मानवअधिकार संरक्षण मञ्चको नेतृत्व गर्नुका साथै अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को स्थापना गरेको खबरले म हर्षित थिएँ। उहाँ एक कुशल सक्कली मानवअधिकारवादी व्यक्ति हुनुहुन्थ्यो। उहाँको मृत्युले मेरो एउटा साथी गुमेको थियो भने राष्ट्रको लागि मानवअधिकार तथा प्रजातन्त्रको योद्धा गुमेको थियो।

प्रत्येक वर्ष साउन १६ गते उहाँको पुण्य स्मृतिमा विभिन्न संघ-संस्थाहरूले स्मृति दिवस मनाउने गर्छन्। म जनताको मानवअधिकार तथा प्रजातन्त्र संरक्षण गर्ने त्यस महान् व्यक्तित्वलाई आफ्नो श्रद्धा सुमन यी शब्दहरूबाट चढाउन चाहन्छु।

●

मेरो प्रकाश दाजु

– कुन्दन अर्याल

त्यो बेला मैले उहाँलाई चिन्तित देखेको थिएँ। मदन भण्डारी र कृष्णप्रसाद भट्टराई दुवै जना संसदमा पुग्नुपर्छ भन्ने उहाँको चाहना थियो। एक दिन भन्नुभयो उहाँले- भट्टराईलाई हार्न दिनुहुँदैन, हामीले केही गर्नुपर्छ। त्यतिखेर सुशील दाजु "खै के होला र!" भन्ने मनस्थितिमा कुरा सुनिरहनुभएको थियो।

केही दिनपछि थाहा पाएँ- सुशील-प्रकाशको पहलमा तत्कालीन स्वास्थ्य मन्त्री डा. मथुरा श्रेष्ठकहाँ एउटा रात्रिभोजको आयोजना गरी मदन भण्डारी र कृष्णप्रसादबीच भेटघाट गराइएछ। कुराकानीका क्रममा भट्टराईले "मदनबाबु तपाईले मलाई छोडिदिनोस्" भन्नुभएछ। मदन भण्डारीले उत्तर दिनुभएछ- "तपाईले हाम्रो पार्टीलाई एउटा आधार त दिनोस्। कांग्रेस र एमालेले एक अर्काको पार्टी अध्यक्षलाई छाड्ने संयुक्त घोषणा गरौं, म तपाईंलाई छाडिदिन्छु।" भट्टराई त्यसपछि "म गिरिजाबाबुसँग सल्लाह गर्छु" भन्दै निस्कनुभएछ। तर फेरि मदन भण्डारीले जवाफ पाउनुभएको कसैले थाहा पाएन। मदन भण्डारीले भट्टराईको जवाफ कहिल्यै पाउनुभएन।

प्रकाश दाजुमा भण्डारी र भट्टराई "दुवै भ" लाई संसदमा पुऱ्याउने उत्साह त्यसै पलाएको थिएन। भस्वँरे जनआन्दोलन सकिएको थियो। प्रजातान्त्रिक अधिकारहरू फेरि गुम्लान् कि भन्ने त्रास निकै बढी थियो। गिरिजाप्रसाद कोइरालाको "कम्युनिष्ट विरोधी" अभियान पनि शुरू भइसकेको थियो। तर प्रकाश दाजु बहुदलीय व्यवस्था र प्राप्त अधिकारहरूको सुदृढीकरणका लागि संक्रमणकाल भरि कम्युनिष्ट-कांग्रेसको हातेमालो तोडिनुहुँदैन भन्ने धारणा राख्नुहुन्थ्यो। त्यही धारणाको प्रवल पक्षपाती भएका नाताले उहाँ "दुई भ" को घमासान भिडन्तबाट जनआन्दोलनका दुई सहयात्रीहरू बीचको सम्बन्ध नबिग्रियोस् भन्ने चाहनुहुन्थ्यो।

पञ्चायत विरोधी अभियानका सहभागीहरूलाई थाहा छ- प्रकाश दाजु छयालीसको संयुक्त जनआन्दोलनका सक्रिय योद्धाहरूमध्ये एक हुनुहुन्थ्यो। जनआन्दोलनताका उहाँ मानवअधिकार संरक्षण मञ्चको महासचिवका हैसियतले पञ्चायत विरोधी आन्दोलनलाई मानवअधिकारप्रतिको लडाइँका रूपमा अघि बढाउन सक्रिय हुनुहुन्थ्यो। पञ्चायतलाई नउखेलेसम्म मानवअधिकारको कुनै रेशासम्म देख्न पाइने छैन भन्दै उहाँले मानवअधिकार आन्दोलनलाई जनआन्दोलनसँग एकाकार गराउनुभएको थियो। युरोप र भारतमा उहाँले नेपालको भीषण मानवअधिकार उल्लंघनका विरूद्धमा अभियान सञ्चालन गर्नु भएको थियो।

अथक मेहनत गरेर ल्याएको बहुदलीय व्यवस्थाको मायाका कारण नै उहाँ जनआन्दोलनकारी शक्तिहरूबीच संक्रमणकालभरि संयोजन आवश्यक छ भन्नुहुन्थ्यो। आज प्रकाश दाजुको मृत्यु भएको ६ वर्षपछि पनि यो बहुदलीय व्यवस्थालाई शिशु प्रजातन्त्र भन्न छाडिएको छैन। परिवर्तन यही छ- उग्र कम्युनिष्ट विरोधीहरू समेत राष्ट्रिय सहमतिको कुरा गर्दै "असभ्य" कम्युनिष्टहरूसँग नजिकिएको अभिनय गर्न बाध्य छन्।

नेपाली राजनीतिमा देखिएको यस्तो उल्टोपना नौलो होइन। अघि-अघि पनि यस्तो देखिन्थ्यो। र, प्रकाश दाजु यस्ता उल्टा कुराहरूको कटु आलोचक हुनुहुन्थ्यो। मैले धेरै चोटी उहाँसँग लामो-लामो बहस यस्तै कुराहरूमा पनि गरेको थिएँ।

जाडोको याममा विहान इन्सेक कार्यालय शुरू हुनुअघि हामी दुई जना प्रायः दिनहुँ लामो-लामो बहस गर्थ्यौं। उहाँ मलाई मायामिश्रित स्वरमा हप्काउनुहुन्थ्यो- "तँ हार्न पनि सिक!" त्यतिबेला इन्सेकमा अहिलेको जस्तो भीडभाड हुँदैन थियो। सानो कार्यालय-एउटै कोठामा आमने-सामने सुशील-प्रकाशको टेबुल हुन्थ्यो। दुवै जनाको ज्यादातर समय कार्यालयमै बित्थ्यो। थोरै थिए इन्सेकमा। र, संस्था पूरै घर जस्तो थियो।

प्रकाश दाजु र मेरो बीचको चर्काचर्कीमा व्यवधानको पर्खाल तेर्स्याइदिनुहुन्थ्यो-सुशील दाजु। उहाँ प्रकाश दाजुलाई लिएर भित्र जानुहुन्थ्यो। बहस सुशील दाजुलाई मन परेको छैन भन्ने म बुझ्दथें। तर सुशील-प्रकाशबीच कुनै कुरामा मतान्तर भएको भने कसैले शायदै कहिल्यै थाहा पायो होला। मलाई त दुवैजना एउटै मुखले कुरा गर्दै हुनुहुन्छ कि जस्तो लाग्थ्यो।

अड्चालीस सालको आमनिर्वाचनपछि एउटा साप्ताहिकले एकजना बिग्रेको कम्युनिष्टलाई उद्धृत गर्दै सुशील-प्रकाशलाई भारण्ड पक्षी लेख्यो। पौराणिक कल्पनाअनुसार भारण्ड पक्षीको मुख र पेट एउटै हुन्छ। सुशील-प्रकाशलाई नकारात्मकरूपमा चित्रण गर्दै त्यस्तो लेखिएको थियो। र, दुवैले अघि बढाएका केही मानिसहरू नै भित्रभित्रै नकारात्मक प्रचारवाजीमा लागेका थिए। तीमध्ये कतिपयले प्रकाश दाजु जिउँदै हुँदा र कतिले प्रकाश दाजुको मृत्यु भएपछि आफ्नो गल्ती महसुस गरे। आज प्रकाश दाजु नरहनुभएको दुःख एकातिर हुँदाहुँदै पनि उहाँको तस्वीरमुनि झुक्ने गरेका टाउकाहरू देख्दा मलाई खुशी लाग्छ। मैले हिजो तीमध्ये कतिपय टाउकाहरूले अनाहकमा प्रकाश दाजुलाई दुःख दिने सोच निःसृत गरेको देखेको थिएँ।

प्रकाश दाजु खुला हुनुहुन्थ्यो। र, ढोंग उहाँ मन पराउनुहुन्न थियो। साँच्चै भन्ने हो भने छयालीसअघिको कम्युनिष्टहरूको परम्परागत सोचको कसीमा उहाँ कतिपय बेला खरो साबित हुनुहुन्न थियो। तर उहाँ परिवर्तनको प्रवल पक्षपाती हुनुहुन्थ्यो। मानवअधिकारहरूको आधुनिक अवधारणाहरूको सुस्पष्ट व्याख्या सहित स्थापित नेपालको पहिलो मानवअधिकार संस्थाको संस्थापकहरूमध्ये उहाँ अगाडि

हुनुहुन्थ्यो। यो देशमा मानवअधिकार दिवस मनाउने प्रचलन उहाँले नै आफ्ना मित्रहरूसँग मिलेर हेटौंडाबाट शुरू गर्नुभयो।

हेटौंडामा एकदिन एकजना आफन्तकहाँ राति ककटेल चल्यो। दरीको छेउमा म पनि थिएँ। गिलासहरू भरिंदै आए, मनेर आइपुगेपछि मैले नकारात्मक सूचक टाउको हल्लाएँ। "बियर त चल्छ हाला नि बाबु!" कसैले त्यतिमात्र के भनेको थियो प्रकाश दाजुले हस्तक्षेप गरिहाल्नुभयो, "हुँदैन, हुँदैन, यो केही खाँदैन, यसलाई खान दिनु पनि हुँदैन।" म निमेषभर अल्मलिएँ र तत्कालै मलाई साँच्चै आनन्द आयो। प्रकाश दाजुसँग म असफलताका र मनमा त्यसै रहेका कति कुराहरू राख्थें। उहाँ मजाले कुरा सुन्नुहुन्थ्यो। त्यसपछि मलाई सम्झाउन थाल्नुहुन्थ्यो, म खुब राहत महसुस गर्थें। त्यस्तै आनन्द महसुस गर्थें।

छलफल साप्ताहिकबाट बिदा भएपछि म के गरू? भन्ने सोच्दै थिएँ। ज्यादै मेहनतका साथ म खट्थे छलफलमा। गोपाल थपलिया बिरामी भएर कोरिया जानुभएको बखतमा मलाई कामको केन्द्रमा राखेर छलफल पुनः शुरू गरिएको थियो। तर पौने दुई वर्ष हुँदा नहुँदै कार्यकारी सम्पादकबाट सम्पादक पनि भए पछि म छलफलमा टिक्न सकिन। त्यतिबेला मेरो मन एमालेका केही नेताहरूका कारण कुँडिएको थियो। म आक्रोशित र निराश थिएँ। मैले पत्रकारिताको आम प्रचलनलाई पछ्याउँदै वक्तव्यबाजी चाहीं गरिन। अनि मन जो-जोसँग कुँडिएको थियो, समयक्रममा उनीहरूले नै मल्हमपट्टि लगाइदिए। तर त्यसबखत मेरो निराशालाई नजिकबाट नियाल्नेमा प्रकाश दाजु हुनुहुन्थ्यो। एकदिन उहाँ मलाई संकेत गर्दै सुशील दाजुसँग भन्दै हुनुहुन्थ्यो- "यसले पनि हामी जस्तै अनाहकमा दुःख पाउने भयो।"

पत्रकारिता नामको शोख पूरा गर्न कत्ति गाह्रो हुन्छ र सम्पादक भई टोपल्नु कति महंगो पर्छ भन्ने कुरा प्रकाश दाजुलाई राम्रोसँग थाहा थियो। आफैले भोगेर उहाँले यस्तो यथार्थ हात पार्नुभएको थियो। उहाँले देखेको बेलासम्म नेपालमा पत्रकारिता महंगो शोख बाहेक केही थिएन। त्यसैले उहाँ मेरोबारेमा चिन्ता गरिरहनुहुन्थ्यो।

छलफल साप्ताहिकबाट बिदा भएपछि प्रकाश दाजुले एकदिन सुशील दाजु पनि हुनुभएको बेला मसँग सोध्नुभयो- "अब के गर्छस् त?" "माससमा काम गर्छस्?" उहाँले भनिरहनुभयो। र, मचाहिं पत्रकारिताबाट आफूलाई अलग गर्न चाहिरहेको थिइन। इन्सेकके बुलेटिन निकाल्ने काम पनि त पत्रकारिताबाट त्यति टाढाको विषय होइन भन्ने निष्कर्ष निस्कियो। "मानवअधिकार वर्ष पुस्तकको तयारीमा पनि जुट!" प्रकाश दाजुसँग त्यति कुरा भएको केही दिनपछि उहाँ श्रीलंका जानुभयो।

एक दिन म सोचिरहेको थिएँ- प्रकाश दाजु आउनुभएपछि विस्तारै म भन्नेछु- साप्ताहिक खबर पनि निकाल्छु। साप्ताहिक खबर प्रकाश दाजुको नामको पत्रिका थियो। एक समय त्यसलाई पाक्षिकरूपमा गोपाल गुरागाईले पनि निकाल्नुभएको थियो। मेरो मनमा साप्ताहिक खबरको सोच कसरी आयो मलाई थाहा छैन। तर कस्तो अचम्म! बाटोमा त्यस्तो सोच्दै घरमा पस्दा मैले अम्मीलाई एकदम दुःखी देखें! प्रकाश चढेको प्लेन अझै हराइरहेको छ, बाबु!" हामी सबै तत्कालै प्रकाश दाजुको निवास मण्डिखाटार पुग्यौं। सुशील दाजु र सरिता दिदीको हालत चिन्ताजनक भइसकेको थियो।

हवाई जहाज पालुङतिर झऱ्यो भन्ने हल्ला फिजियो। म आफूभन्दा ठूला केही मानिसहरूसँग रातभरि पालुङभन्दा माथि डाँडाकाँडामा भौंतारिए। मिर्मिरमा हामीले जहाजको खोजीमा खटिएका शाही सेनाका टोलीहरूलाई पनि देख्यौं। एउटा ढिस्कोमा क्याप्टेन मदन के.सी को खोजी हेलिकप्टर पनि उत्रिएको देखियो। मलाई कता-कता लागिरहेको थियो- पहरा, रूख कतै अल्झिएको प्लेन भेट्टाइन्छ कि!

विहान हामी केही गैरसैनिक मानिसहरूले पनि सेनाको जंगलको भान्सामा पाकेको गुन्द्रुक-भात खायौं। हामीले थाहा पायौं- जहाज घोप्टेभीरमा ठोक्किएको रहेछ। मध्याह्नपछि हामी फर्किन थाल्यौं। रातभरको हिंडाइ अनिन्द्रा, जुकाको टोकाइ, साउने झरी, चिप्लो बाटो अनि पटक-पटक चिप्लिएर हिलाम्मे भएको शरीर! म थकान महसुस भने गरिरहेको थिइन। शून्य, एकदम शून्य महसुस गरिरहेको थिएँ म। प्रकाश दाजु अब हुनुहुन्न, भन्ने सत्यसँग साक्षात्कार गर्ने हिम्मत पटक्कै जुटाउन सकिरहेको थिइन।

तर सत्य आखिर सत्य नै थियो। त्यही सत्यले दिएको पीडालाई ऊर्जामा बदलेर म इन्सेक नेपाली बुलेटिनको पहिलो अंक, यस संस्थाको संस्थापक महासचिवको श्रद्धाञ्जली अंकका रूपमा निकाल्न जुटें। तर अनायासै विचार आयो- कुनै बेला प्रकाश काफ्लेको सम्पादन र सुशील "बन्धु" को प्रकाशकत्वमा निस्कने प्राचीलाई पुनर्जीवन किन नदिने? प्रकाश दाजुको एउटा स्मृति प्राची पनि त हुनसक्छ।

अनि मेरो सम्पदनमा प्राचीको पहिलो अंक प्रकाश स्मृति अंकका रूपमा निस्कियो। त्यसपछि मैले प्राचीलाई काठमाडौं जिल्ला कार्यालयमा मानवतावादी द्वैमासिकका रूपमा दर्ता गरें। सम्पादक- कुन्दन अर्याल/प्रकाशक अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)। मानवअधिकारवादी द्वैमासिक भनेर दर्ता गर्ने सोचाई थियो। तर त्यस बेलासम्म पनि नेपालका सिडियोहरू "अधिकार" भन्ने शब्दसँग डराउँथे। त्यसपछि फेरि म "अधिकार" जोडेर कुनै पत्रिका दर्ता गर्न सिडियो अफिस गएको छैन।

प्राचीको प्रकाशनपछि त्यस बेलाको इन्सेकका हामी केही सुबोध दाजुको नेतृत्वमा मानवअधिकार वर्ष पुस्तकको तयारीमा लाग्यौं। सुबोध दाजु प्रकाश दाजुलाई गुरू भन्नुहुन्थ्यो। र, दुवैजना कुनै बेला विराटनगरमा रातिराति रिक्सामा चढेर क्रान्तिकारी कम्युनिष्ट संगठनको पर्चा पनि छर्नुहुन्थ्यो।

सुबोध दाजुले दिनरात एक नगरेको भए मानवअधिकार वर्ष पुस्तकको पहिलो अंक निस्कने थिएन। वर्ष पुस्तकको तयारीका क्रममा डा. राजेश गौतम पनि इन्सेकमा आबद्ध हुनुभयो। पछि डा. गौतम इन्सेकको महासचिव हुनु भयो। र, कार्यकारिणीका तर्फबाट वर्ष पुस्तक तयारी समितिमा रहेर काम गर्न थाल्नु भयो। वर्ष पुस्तकको पहिलो अंक हामीले प्रकाश दाजुमा समर्पण गर्ने निधो गऱ्यौं। मैले समर्पणका निम्ति दुई लाइन खेस्रा गरें। त्यो खेस्रा लिएर एकदिन बिहानै म कवि श्यामलको डेरामा पुगें। हामी दुईले एकछिन दिमागी कसरत गऱ्यौं। र, समर्पणको चार हरफ तयार भयो-

"जसले यो वर्ष पुस्तकको स्वप्न मात्र देख्न भ्यायो।

तर जसको प्रेरणादायी स्मृति र मार्गदर्शनले वर्ष पुस्तकको !!

तयारीका निम्ति हरेक पल ऊर्जा प्रदान गरिरह्यो।

नेपालको मानवअधिकार आन्दोलनका तिनै ध्रुवतारामा !!"

पछि प्रकाश दाजुलाई मैले अथक मानवअधिकार योद्धा भनेर लेखेपछि सबैले मन पराए। इन्सेकको कार्ड र पुस्तकहरूमा त्यही लेख्न थालियो। मेरो विचारमा इन्सेक, मासमलगायत् नेपालका सबै मानवअधिकार संस्थाहरूले संयुक्तरूपमा प्रकाश दाजुलाई अथक मानवअधिकार योद्धाकारूपमा सम्मान गर्ने निर्णय गर्नु राम्रो हुन्छ। प्रकाश काफ्ले अथक मानवअधिकार योद्धा हुनुहुन्थ्यो भन्ने कुरालाई नेपालको कुनै मानवअधिकार संस्थाले नकार्ने प्रश्नै उठ्दैन। मासम र इन्सेक त प्रकाश दाजुले स्थापना गर्नुभएका संस्थाहरू नै भए।

प्रकाश दाजु हामीबाट सदाका लागि बिदा हुनुभएको यतिका वर्षपछि पनि हाम्रो राजनीतिमा उल्टा सोचहरूकै बिगबिगी छ। देशको मानवअधिकारको अवस्था पनि राजनीतिका कारण विथोलिएको छ। उहाँलाई चिन्तित जे जस्ता कुराहरूले बनाउँथे, ती कुराहरूको अस्तित्व आज पनि छ। आजको यो बहुदलीय व्यवस्था ज-जस्ले मिलेर ल्याएका थिए, उनीहरूले एक ठाउँमा बसेर खुला हृदयका साथ भाँडिएको अवस्था बारे चिन्ता गर्न सकेका छैनन्। प्रकाश दाजुको अवशानपछि धेरै कुराहरूमा परिवर्तन भएका छन्, मूल कुरा भने उस्तै छ।

●

अथक मानवअधिकार योद्धा

- भीम रावल

०४९ साउन १६ गतेका दिन नेपालमा थाई विमान दुर्घटना भएको कुरा न्होमपेन्हमा मैले सोही साँझ बी.बी.सी.द्वारा थाहा पाएँ। खबर सुन्नासाथ म झसँग भएँ। दुईजना मित्रहरूका अनुहार अनेक आशंकाका साथ मेरो सामु तँछाड-मछाड गरी आउन थाले। ती दुई जनामध्ये एकजना हुनुहुन्थ्यो- प्रकाश। अर्को साथीको नाम म यहाँ लिन चाहन्न, उहाँ अर्कै दिन फर्किनुभएछ। प्रकाशजीले आफ्नो श्रीलंका यात्रा जम्माजम्मी दश-एघार दिनको हुने कुरा मलाई नेपाल छोड्नुअघि बताउनुभएको थियो। साउन ५ गतेका दिन हामीले बैंककमा भेट्ने सल्लाह गरेका थियौं। मेरो साउन ४ गते बैंकक पुग्ने योजना थियो भने प्रकाशजीको त्यसको भोलिपल्ट। तर बैंकक पुगेपछि त्यहाँ दुई दिन बस्ने मेरो पूर्व निर्धारित कार्यक्रम बदलियो। मैले साउन ५ गते बिहान बैंककबाट न्होमपेन्ह प्रस्थान गर्नुपर्ने भयो। प्रकाशजीसँग मेरो भेट भएन। उहाँ सोही दिन अपराह्नतिर बैंकक पुग्नुहुने थियो। यसरी छ-सात घण्टाको फरकले उहाँसँगको मेरो भेटघाट हुन सकेन।

विमान दुर्घटनाको खबर दुःखदायी थियो नै। त्यसमा को-को परे भन्ने कुरा बढी तनावयुक्त र प्रतीक्षाको विषय थियो। मेरो मनमस्तिष्कमा घुम्ने दुई जना मित्रहरू उक्त विमानमा नपरून् भन्ने कामना जतिसुकै गरे पनि अनिष्टको बादल भने मनमा मडारिंदै रह्यो। चार-पाँच दिनपछि बैंकक पोष्ट पत्रिका हात पऱ्यो। दुर्घटनामा पर्नेहरूको नामावलीमा पी.आर. काफ्ले लेखिएको देखेर म खंग्रङ्ग भएँ। तर पी.आर. काफ्ले भनेको प्रकाशजी नै हुनुपर्छ भन्ने केही छैन भन्दै मनलाई क्षणिकरूपमै भए पनि सान्त्वना प्रदान गरें।

एक हप्तापछि नेपाल प्रहरीको पचास सदस्यीय दल कम्बोडिया आयो। त्यो दलले नेपाली पत्रिकाहरू ल्याएको थियो। पत्रिकामा दुर्घटनामा पर्ने व्यक्तिहरूको नामावली थियो। प्रकाशजीको नाम पनि त्यहाँ समावेश थियो। पत्रिका पढिसकेपछि मेरो मन रोयो। प्रकाशजीसँग चिनजान भएको करीब डेढ दशकयता उहाँको गतिविधिहरू र उहाँको हँसिलो अनुहार झल्झली मेरो सामुन्ने एक-एक गरी आयो। मैले एक दिन बिहान उहाँकी पत्नी र छोरीहरूसँगै उहाँको घरमा खाना खाएको सम्झें। उहाँकी पत्नी र छोरीहरूको अवस्थाको कल्पना गरें। आफ्नो घरमा फोन गरेर प्रकाशजीको परिवार र सुशीलजीमा मेरो समवेदना व्यक्त गरिदिन संजितालाई भन्दा प्रकाशजीकी पत्नीको अझै अर्ध-बेहोशको अवस्थामा उपचार भइरहेको थाहा भयो। त्यस कुराले मेरो कल्पनालाई झन् संवेदनशील तुल्यायो।

प्रारम्भमा मैले प्रकाशजीलाई पत्रकारको रूपमा चिने पनि उहाँसँगको मेरो सम्बन्ध र सम्पर्क पछि मूलतः मानवअधिकारको क्षेत्रमा भयो। पंचायतीकालमा मानवअधिकारको पक्षमा खासगरी राजबन्दी रिहाई, राजनीतिक दमनविरूद्ध जनमतको सिर्जना र विभिन्न पंचायतइतर, राजनीतिक समूहहरूलाई एउटै थलोमा ल्याउने कार्यमा उहाँ सक्रिय हुनुहुन्थ्यो। यही सिलसिलामा मानवअधिकार संरक्षण मंचको स्थापना भएको थियो। प्रकाशजी त्यसको प्रथम महासचिव हुनुभयो। तत्पश्चात् उहाँ मूलतः मानवअधिकारकै क्षेत्रमा क्रियाशील रहनुभयो। ०४६-४७ सालको पंचायत विरोधी आन्दोलनको पक्षमा अन्तर्राष्ट्रिय जनमतको सिर्जना गर्न उहाँले विशेष भूमिका खेल्नुभएको थियो।

म एउटा अध्ययन कार्यक्रममा नेदरल्याण्ड पुगेको थिएँ। त्यसैबीचमा एउटा मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी हुन प्रकाशजी नेदरल्याण्ड पुग्नुभयो। उहाँले फोन गरेर मलाई खबर गर्नुभयो। उहाँ उट्रेष्ट भन्ने शहरमा एभलीन वोल्टकहाँ बस्नुभएको थियो। हाम्रो भेट भयो। कुराकानीका अवसरमा उहाँले मलाई जर्मनीको बोनमा नेपाल-जर्मन मैत्री संघद्वारा आयोजना गरिने सम्मेलनमा मासमको तर्फबाट सहभागी हुन आग्रह गर्नुभयो। म, त्यसबेला मासम, केन्द्रीय समितिको सदस्य थिएँ। मैले उहाँको प्रस्ताव स्वीकारें। सम्मेलनको सहभागिता निकै उपयोगी रह्यो। सम्मेलनमा जानुअघि उहाँले मलाई नेपालमा मानवअधिकारको रक्षा गरौं भन्ने आह्वान अंकित केही टी-शर्टहरू बिक्री-वितरण गर्न दिनुभयो। ती बिक्री भए र उहाँ स्वीजरल्याण्ड गइसक्नुभएकोले बिक्रीबाट प्राप्त रकम एभलीन वोल्टमार्फत् मैले उहाँलाई पठाइदिएँ।

नेपालमा नयाँ संविधान निर्माण र आमनिर्वाचनको तयारीका संक्रमणकालीन दिनहरूमा प्रकाशजी ती प्रक्रियामा व्यस्त रहनुभयो। नेपालका पिछडिएका र भौगोलिकरूपमा विकट जिल्लाहरूमा पनि निर्वाचनसम्बन्धी जागरण कार्यक्रम र निर्वाचन पर्यवेक्षण संचालन गरिनुपर्छ भन्ने उहाँको धारणा थियो। आमनिर्वाचन सम्पन्न भइसकेपछि पनि ग्रामीण जनचेतना कार्यक्रम जारी राख्न उहाँ दृढ रहनुभयो। सो कार्यक्रम सुदूर पश्चिमाञ्चलमा पनि संचालन गर्न उहाँ उत्सुक हुनुहुन्थ्यो। अछाममा सो कार्यक्रम संचालन गर्न एक जना समर्पित समाजसेवीको नाम प्रस्तावित गर्न प्रकाशजी र सुशीलजीले मलाई आग्रह गर्नुभयो। नाम अगाडि सारियो। उहाँले तत्परताका साथ स्वीकार्नुभयो।

आम निर्वाचनपश्चात् अछामबाट फर्केको केही महिनापछि मासम केन्द्रीय समितिको निर्णयअनुरूप मैले मासमको कार्यकारी निर्देशकको कार्य सम्हालें। यो जिम्मेवारी मैले लिनुपर्छ भन्ने कुरामा प्रकाशजीको विशेष जोड थियो। मासमलाई अझ प्रभावकारी ढंगले अगाडि बढाउनुपर्छ भन्ने उहाँको विचार थियो। मैले उक्त जिम्मेवारी सम्हालेकै दिन उहाँले खुशी प्रकट गर्दै भन्नुभएको थियो, अब ढुक्क भइयो। तपाईले मासमलाई अवश्य पनि अगाडि बढाउनु हुनेछ। हाम्रो सम्पूर्ण सहयोग रहनेछ। यो ०४८ साल भदौतिरको कुरा हो।

मासमलाई अघि बढाउने सन्दर्भमा म जे-जस्ता प्रस्तावहरू अघि सार्थें, त्यसमा प्रकाशजीको पूर्ण सहयोग रहन्थ्यो। मासमलाई पुनर्व्यवस्थित गर्ने क्रममा उहाँ महासचिवको पदबाट खुशीसाथ हट्नुभयो। सेक्रेटरियट सदस्यको रूपमा उहाँ हाम्रो करबलले रहनुभएको थियो। किनकि उहाँ एकातर्फ आफ्नो कारणबाट मासमबारे बजारमा विवाद

नफैलियोस् भन्ने चाहनुहुन्थ्यो। अर्कोतर्फ, अधिकांश समय इन्सेकलाई दिन चाहनुहुन्थ्यो। मासम सबै मानवअधिकारसम्बन्धी संस्थाहरूको साझा संघ बनाइनुपर्छ भन्ने उहाँको धारणा थियो।

मासमका अगाडि देखिएको आर्थिक कठिनाइप्रति प्रकाशजी निकै सम्वेदनशील हुनुहुन्थ्यो। मासमका गतिविधिहरू अगाडि बढाउन आवश्यक रकम जुटाउने प्रयास जारी राख्नेमा उहाँको सहमति थियो। मासमले आर्थिक कठिनाइ मात्र होइन, एक हदसम्म निर्णयहरू कार्यान्वयनको क्षेत्रमा पनि अप्ठ्याराहरूको सामना गर्नुपरिरहेको थियो। यसैबीच माघ महिनामा काठमाडौंको क्षेत्र नं. ५ र सुनसरीको क्षेत्र नं. ३ मा संसदीय उपनिर्वाचन हुने भयो। निर्वाचन पर्यवेक्षणको निम्ति उपयुक्त मानिस र आर्थिक स्रोतको परिचालन गर्ने निर्णय भयो। त्यसैबखत भूटानमा मानवअधिकारको उल्लंघनसम्बन्धी तथ्य संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिसमक्ष प्रस्तुत गर्न प्रकाशजी जेनेभा जाने कुरा थियो। उहाँसँग समय थिएन। सुनसरी जाने निर्वाचन पर्यवेक्षण टोलीलाई सघाउन मासमको तर्फबाट को जाने भन्ने प्रश्न उठ्यो। मैले केन्द्रीय कार्यालयका साथै काठमाडौंमा रहने निर्वाचन पर्यवेक्षण टोलीलाई सहयोग पुऱ्याउनुपर्ने भयो। अन्तमा प्रकाशजीले अगाडि सर्दै भन्नुभयो- ठीक छ, मै जाउँला सुनसरी, उता अर्थात् जेनेभाको समय छोट्याउनु पर्ला। अन्ततः सुनसरी उहाँ नै जानुभयो। मैले हलुंगो महसुस गरें। सुनसरी उपनिर्वाचनमा सत्ताधारी दल र प्रशासनबाट निकै अनियमित कार्यहरू भएको कुरा व्यापकरूपमा बाहिर आयो। प्रकाशजीले अबिलम्ब विराटनगरबाट पर्यवेक्षण प्रतिवेदन फ्याक्स गरेर मासम, केन्द्रीय कार्यालयमा पठाउनु भयो। स्वतन्त्र पर्यवेक्षण टोलीको ठहरसहितको प्रतिवेदन तुरुन्तै जनसमक्ष राख्न मासम सफल भयो।

मासमको तर्फबाट सबैतिर सम्पर्क सम्बन्ध बिस्तार गर्ने कार्य मैले जारी राख्नेको थिएँ। तर आर्थिक सहयोग प्राप्त गरिहाल्ने कुरामा विशेष सचेत थिएँ। तर पनि मासमले झेल्नुपर्ने आसन्न आर्थिक संकटलाई त टार्ने पर्‍यो भन्नेमा म विश्वस्त थिएँ। यस सन्दर्भमा हंगकंगस्थित एउटा संस्थालाई पत्र लेख्नुपर्‍यो भन्ने मेरो प्रस्ताव प्रकाशजीले तुरुन्तै स्वीकार गर्नुभयो। उहाँकै हस्ताक्षरमा पत्र पठाइयो। मासमले १० हजार डलर पाउने कुरा उक्त संस्थाले केही दिनपछि नै खबर गऱ्यो। हामी दुवै जना ढुक्क भयौं। किनकि उक्त रकमको प्रयोगले मासमलाई अन्य सम्भावनाहरूको खोजीका निम्ति पर्याप्त समय प्राप्त हुन्थ्यो। तैपनि यसपश्चात् विभिन्न प्रस्तावहरू विभिन्न ठाउँमा पठाउने कार्य जारी राख्यौं।

मासमलाई नयाँ चरणमा लैजाने र आर्थिकरूपमा समस्यायुक्त बनाउने कुरा एकहदसम्म पूरा भएपछि मैले अब मासमको कार्यकारी निर्देशकको पदमा नरहने विचार प्रकाशजीसमक्ष व्यक्त गरें। सुशीलजी पनि हुनुहुन्थ्यो। मासमको उक्त कार्यभार आफूले छोटो समयका निम्ति मात्र सम्हाल्ने इच्छा प्रारम्भमै व्यक्त गरेको कुरा उहाँहरूसमक्ष व्यक्त गरें। यसबाट प्रकाशजी खुशी हुनुभएन। उहाँले हाँस्दै तर जोरदाररूपमा मलाई मासम नछोड्न आग्रह गर्नुभयो। मासमको प्रगतिबारे उहाँ दिनहुँजसो सरोकार राख्नुहुन्थ्यो।

त्यसबीच अछाममा एक महिना बसेर फर्केपछि राष्ट्रसंघीय योजनाअन्तर्गत मेरो कम्बोडिया जाने विचार प्रबल भएर आयो। लामो समयसम्म राष्ट्रिय मुक्ति युद्ध, क्रान्ति र उथलपुथलबाट गुज्रेको देश कम्बोडियालाई प्रत्यक्षतः अध्ययन गर्ने मेरो तीव्र आकांक्षा थियो। अतः मैले प्रक्रिया आरम्भ गरें। प्रकाशजीलाई सो कुरा बताएपछि उहाँले गम्भीर भएर मलाई भन्नुभयो- "तपाई जानें नै हुनुभयो त? जानुअघि मासमको सम्मेलनले गर्नुपर्ने कार्यमा सघाउनु त पर्‍यो नि, के सोच्नुभएको छ? सोसम्बन्धी कार्यमा आफ्नो तर्फबाट गर्नुपर्ने कार्य अवश्य गर्ने विचार व्यक्त गरेपछि उहाँ प्रसन्न हुनुभयो।

मेरो काठमाडौंबाट प्रस्थान गर्ने समय नजिकिंदै थियो। प्रकाशजीको कोलम्बो जाने निधो भएपछिका दिनहरूमा त हाम्रो भेटघाट र कुराकानी नियमितरूपमै हुन थाल्यो। भेट र कुराकानीका अवसरमा प्रायः मासमलाई जनअधिकार रक्षाको निम्ति एउटा सुदृढ एवं अविछिन्न संस्थाको रूपमा कसरी विकास गर्ने, यसको पक्षमा राष्ट्रिय अन्तर्राष्ट्रिय समर्थन तथा सहयोगमा अभिवृद्धि कसरी गर्ने एवं इन्सेकको भूमिका कस्तो रहन सक्छ भन्ने विषयमा छलफल हुन्थ्यो। मासमको सम्मेलनबारे प्रकाशजी विशेष चिन्तित हुनुहुन्थ्यो। मासमले जनअधिकारको पक्षमा खेल्दै आएको भूमिका अझै सबल र सुनिश्चित हुनुका साथै मासमसँग भएको साधन र स्रोतको समुचित उपयोग होस् भन्ने उहाँको आकांक्षा थियो। यसको निम्ति उहाँ आफ्नो तर्फबाट हरसम्भव सहयोग गर्न तत्पर हुनुहुन्थ्यो। यद्यपि, मासमको नेतृत्वदायी स्थानमा रहन भने उहाँ अनिच्छुक हुनुहुन्थ्यो। किनकि जनआन्दोलनपश्चात्, खासगरी आम निर्वाचनपश्चात् केही विवादास्पद कुराहरू पत्रिकामा छापिएका थिए। त्यसको साथसाथै मासम र इन्सेक एउटै संस्थाको रूपमा मिश्रित भए भन्ने पनि जोडिएको हुन्थ्यो। यस्तो कुरा उठ्न थालेपछि उहाँले "मासम केन्द्रीय समिति नै नयाँ बनाउने र त्यसमा विवादमा नाम गाँसिएका कुनै पनि व्यक्ति नरहने" प्रस्तावको पक्षपोषण गर्नुभएको थियो। तर बेलाबेलामा उहाँ भन्नुहुन्थ्यो, "काम गर्ने मान्छे गाली पनि खान्छ, हात बाँधेर बस्ने मान्छेको मात्रै कसैले वास्ता गर्दैन, गाली खानुपर्‍यो भन्ने मलाई पीर छैन। मासम संस्था नै कमजोर हुन्छ कि भन्ने कुरा चिन्ताको विषय हो।" उहाँको नाम जोडेर पत्रपत्रिकामा छापिएका विवाद र आलोचनाबाट प्रकाशजी कहिल्यै विचलित हुनुभएन। काम गर्दै जाँदा समयको अन्तरालमा सबैले साँचो कुरा मान्नैपर्छ भन्ने उहाँको विचार थियो।

इन्सेकको निर्देशकको हैसियतले थुप्रै काममा संलग्न भए पनि मासमका बैठकहरू र मैले छलफलका निम्ति आग्रह गरेका बखत प्रकाशजी तत्परताका साथ उपस्थित हुनुहुन्थ्यो। उहाँ मानवअधिकारको क्षेत्रमा यति गहिरिएर क्रियाशील हुँदै जानुभएको थियो कि प्रायःजसो बिहान, साँझ वा सार्वजनिक बिदाका दिनहरूमा पनि उक्त कार्यमा व्यस्त हुनुहुन्थ्यो। उहाँले वास्तवमा महत्वपूर्ण थालनीका निम्ति एउटा सुदृढ र व्यापक पृष्ठभूमि तयार पारिसक्नुभएको थियो। तर त्यो थालनीको अझ महत्वपूर्ण चरणमा उहाँ रहनुभएन। जीवनको अन्त्यन्त क्रियाशील अवस्थामा उहाँ विमान दुर्घटनाको शिकार हुनुभयो। यसबाट प्रकाशजीसँग परिचित जसलाई पनि गहिरो दुःख लाग्नु स्वाभाविक छ। प्रकाशजीको सम्झना गर्दा अहिले पनि मलाई उहाँ जीवितै हुनुहुन्छ जस्तो लाग्छ। कम्बोडियाको निर्वाचन पर्यवेक्षण कार्यमा र सम्भव भए नागरिक जागरण कार्यक्रममा सामेत समेल हुने उहाँको इच्छा थियो। तर उहाँको त्यो इच्छा निर्दयी मृत्युले चुँडेर लग्यो।

मृत्युबाट कुनै पनि मानिस बाँच्न सक्दैन। जहाँ रहे पनि, जहाँ गए पनि। यो कटु सत्य हो। तर मृत्यु जब असामयिक भएर आउँछ त्यो क्रूर हुन्छ। प्रकाशजी जुन उमेर र अवस्थामा विमान दुर्घटनामा पर्नुभयो, त्यो मृत्यु क्रूर एवं हृदयविदारक छ। मानवअधिकारको क्षेत्रमा प्रकाशजीले गरेको योगदान सदैव अमर रहनेछ। यी योगदानहरूले उहाँहरूलाई सदैव जीवित राख्नेछन्।

(बुधबार साप्ताहिक, वर्ष २, अंक ३७, ०५४ साउन १५ गते) ●

मैले उहाँको समाचार टिप्न पाइन

– शार्दूल भट्टराई

हामी चार-पाँच जना थियौं। चिया र चुरोटका साथ साहित्यिक टीका-टिप्पणी चलिरहेको थियो। त्यो ठाउँ थियो- दृष्टि साप्ताहिक पत्रिकाको कालिमाटीस्थित त्यति बेलाको कार्यालय। समय २०४४ सालको माघ महिनाको कुनै दिनको बेलुकी हुनुपर्छ।

हाम्रो साहित्यिक गफको बीचमा एक जना शालीन पुरूष झोला बोकेर कोठाभित्र प्रवेश गर्नुभयो। केहीबेर उहाँ पनि हाम्रो गफमा सहभागी बन्नुभयो। बिस्तार-बिस्तार त्यो साहित्यिक गफ राजनीतिक बहसमा परिणत हुन पुग्यो।

वामपन्थी आन्दोलनको वर्तमान र भविष्यका बारेमा बहस चलिरहेको थियो। त्यसै सन्दर्भमा शालीन पुरूषले भन्नुभयो- "नेपालमा वामपन्थी आन्दोलनको भविष्य अत्यन्तै उज्ज्वल छ। तर अहिलेको प्रमुख काम भनेको निरंकुश पञ्चायती व्यवस्थाको अन्त्य हो। त्यसका लागि वामपन्थी शक्तिहरू र नेपाली कांग्रेस एक हुनुपर्छ।"

आफ्नो यस्तो धारणा राख्नेबित्तिकै शालीन पुरूष झोला बोकेर सबैलाई नमस्कार गर्दै निस्किनुभयो।

" को हो- उहाँ?" - मैले नजिकै बसेको साथीसँग खुसुक्क सोधें।

"लौ, थाहा छैन? प्रकाश काफ्लेलाई चिन्या छैन?"

साथीको उत्तरले म अलिकति झसङ्ग भएँ। २०३५/०३६ सालदेखि नाम सुन्दै आएको प्रकाश काफ्ले उहाँ नै हुनुहुँदो रहेछ। त्यसबेला नेपालमा जनस्तरबाट मानवअधिकार आन्दोलनलाई उठाउन नेतृत्वकारी भूमिका खेलिरहनुभएका प्रकाश काफ्लेको नाम मैले पत्रकार, शिक्षक र क्रान्तिकारी कार्यकर्ताको रूपमा सुन्दै आएको थिएँ। त्यसैले त्यस दिन आपसमा औपचारिकरूपले परिचित हुन नपाएर पनि उहाँलाई एकतर्फी ढंगले नै भए पनि चिन्ने मौका पाएकोमा म खुशी भएँ।

यद्यपि त्यो दिन प्रकाश काफ्लेले राजनीतिक कुराकानीका क्रममा व्यक्त गर्नुभएका धारणालाई भने मैले सहज रूपमा लिन सकिन। उहाँको धारणाप्रति तत्काल कसैले नकारात्मक टिप्पणी नगरे पनि "पञ्चायतको अन्त्यका लागि कम्युनिष्ट र कांग्रेस मिल्नुपर्छ" भन्ने कुरालाई "ठीक हो" भनेर कसैले भन्दा पनि भनेन। किनकि त्यतिबेला कांग्रेसहरू कम्युनिष्टहरूप्रति निकै आक्रामक थिए। कम्युनिष्टहरूसँग सामान्य सम्बन्ध राख्नसमेत कांग्रेसहरू चाहँदैनथे। उनीहरू कम्युनिष्ट पार्टी र तिनका नेता तथा कार्यकर्तालाई प्रजातन्त्रका पक्षधर हैन विरोधीका रूपमा बुझ्ने गर्थे। कांग्रेसहरूको यही नीतिकै कारण कम्युनिष्टहरू पनि कांग्रेसप्रति आक्रामक बन्न बाध्य थिए। त्यसैको प्रभावले हुनसक्छ, प्रकाश काफ्लेले व्यक्त गर्नुभएको विचार त्यतिबेला सहज र सुपाच्य बन्न सकेन।

उहाँलाई सडकमा हिँडिरहेको र आफ्नो जिम्मेवारीका विभिन्न गतिविधिमा सक्रिय भइरहेको देखिन्थ्यो। परिचय एवं कुराकानीको मौका पारेर उहाँको धारणाप्रति विमति जनाउने र प्रतिवाद गर्ने इच्छा हुँदाहुँदै पनि अनुकूल अवसर प्राप्त हुन सकेन। समय बित्दै गयो।

करीब डेढ वर्षपछि २०४६ साल भदौको तेस्रो सातातिर उही दृष्टि साप्ताहिक कार्यालयमा हामी केही साथीहरू थियौं। तत्कालीन नेकपा (माले) ले आफ्नो चौथो महाधिवेशन भर्खरै सम्पन्न गरेको थियो र त्यस सम्बन्धी समाचारहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भइरहेका थिए। पञ्चायतको अन्त्यका लागि संयुक्त जनआन्दोलन गर्ने तत्कालीन नेकपा (माले) को निर्णय बढी चर्चामा थियो र हामी पनि त्यही विषयमा चर्चा गरिरहेका थियौं। पार्टीको त्यो निर्णयको सर्वत्र प्रशंसा भइरहेको थियो। हामी पनि त्यसैको प्रशंसा गर्दै थियौं।

उही शालीन व्यक्तित्व प्रकाश काफ्ले झोला भिरेर करीब डेढ वर्षपछि फेरि त्यही ठाउँमा भेट हुनुभयो। हामी बसिरहेको कोठाभित्र प्रवेश गर्दै भन्नुभयो- "अब जनता जाग्छन्, देश तात्छ, निरंकुश पञ्चायतको आयु अब धेरै छैन। पार्टीले अत्यन्तै राम्रो निर्णय गऱ्यो।"

त्यसदिन उहाँ झण्डै दुई घण्टा जति बस्नुभयो र कुराकानीका क्रममा मैले औपचारिक परिचय प्राप्त गर्ने मौका पनि पाएँ। डेढ वर्षअघि त्यही ठाउँमा उहाँले व्यक्त गर्नुभएको कुरालाई मैले सम्झें। प्रकाश काफ्लेको राजनीतिक दूरदर्शितावाट म प्रभावित बनें। यद्यपि उहाँ त्यतिबेला मानवअधिकार आन्दोलनको एउटा योद्धाको रूपमा स्थापित हुनुहुन्थ्यो।

के कम्युनिष्ट र कांग्रेस मिलेर संयुक्त आन्दोलन हुने निश्चित नै भएको हो त? यस्तो सम्भव मैसकेको छ त? आन्दोलन सफल नै हुन्छ त? आन्दोलन असफल भयो भने के होला?

यस्ता थुप्रै प्रश्नहरू त्यहाँ उठे। प्रकाश काफ्लेले आत्मविश्वासका साथ आफ्ना भनाइहरू राख्नुभयो। उहाँले कम्युनिष्ट-कांग्रेसको मिलनलाई अनिवार्य मात्र बनाउनुभएन आन्दोलन कुनै पनि अर्थमा असफल नहुने ठोकुवासमेत गर्नुभयो। उहाँले भन्नुभयो- "निरंकुश पञ्चायत विरूद्धको यो आन्दोलन अन्तिम, ऐतिहासिक र सफल आन्दोलन हुनेछ।"

तत्कालीन नेकपा (माले) को निर्णयअनुसार संयुक्त वाममोर्चा बन्यो र आन्दोलनको घोषणा गऱ्यो। नेपाली कांग्रेसले पनि वाममोर्चासँग मिलेर संयुक्त जनआन्दोलनको घोषणा गऱ्यो। आन्दोलन शुरू भयो। सबै आ-आफ्नो ठाउँबाट त्यसमा सक्रिय भए। प्रकाश काफ्ले निरंकुश पञ्चायती शासकहरूले गरेका मानवअधिकार उल्लंघनका घटनाहरू प्रचार-प्रसार गर्दै प्रजातान्त्रिक आन्दोलनमा अन्तर्राष्ट्रिय समर्थन बटुल्ने महत्वपूर्ण जिम्मेवारीमा लाग्नुभयो।

जनआन्दोलन सफल भयो। तत्काल प्रकाश काफ्लेसँग भेट हुन सकेन। २०४७ सालको जेठ, असारतिर कुनै एउटा कार्यक्रममा उहाँसँग भेट भएको थियो। त्यो भेटमा मैले भनेको थिएँ- तपाईहरूको मानवअधिकार आन्दोलनको एउटा चरण राजनीतिक आन्दोलनसँगै टुंगियो हैन?

उहाँले त्यो कुरालाई स्वीकार गर्नुभएन। मानवअधिकार आन्दोलन र राजनीतिक आन्दोलन कतिपय सन्दर्भमा एक अर्काका परिपूरक भएको तर मानवअधिकार आन्दोलन निरन्तरको आन्दोलन हो भन्ने पुष्टि उहाँले गर्नुभयो। उहाँको भनाइ थियो- "प्रजातन्त्रमा मानवअधिकार उल्लंघन लज्जाजनक कुरा हो। त्यसकारण हामीले अझ सचेत र जागरूक हुने बेला आएको छ।"

अपूर्णतामा पूर्णताको खोजी : स्व. प्रकाश

– आत्माराम शर्मा

"जतिसुकै राम्रा कानुन् किन नबनुन, जबसम्म तल्लो तहका जनताले कानूनका व्याख्या र मर्म बुझ्दैनन् तबसम्म मानवअधिकारको स्थिति सुदृढ पार्नका निम्ति एउटा माध्यममात्र हुन सक्दछ, यसले नै मानवअधिकारको सुरक्षा पूर्णरूपमा गर्दैन।"

यी मर्मस्पर्शी भनाइ र विचार सव. प्रकाश काफ्लेका हुन्। उहाँको मानव जगतका लागि मानव हक, अधिकारका कुरा निरन्तर उठाइरहँदा रहँदै देहान्त भयो। स्व. काफ्ले मानव जगतको, मानवअधिकारको उच्चतम विचारबाट कहिल्यै तल ओर्लिनुभएन। उच्च चुलीबाट तल नओर्ली, जतिसुकै सहज वा असहज परिस्थितिमा समेत उहाँ मानवरूपी दानवहरूसँग कहिल्यै झुक्नुभएन। निरन्तर, निरन्तर झन् शिखर चढिरहनुभयो। विडम्बना! ०४९ साउन १६ गते नमीठो, कहालीलाग्दो तर भन्न करै लाग्छ, सत्य घटनाले घोप्टेभीरको खोंचमा लगेर, एउटा आततायी, भयानक, आँधी र हुरीले उहाँको शरीरलाई क्षत-विक्षत पारिदियो। त्यस दिनदेखि हामी र घोप्टेभीरको सम्बन्ध सदा-सदाका लागि मानवअधिकारको आन्दोलनमा कालो इतिहास भएर आजपर्यन्त अंकित छ। हामी घोप्टेभीरलाई बिर्सन चाहन्छौं। हामी त्यो आततायी आँधी र हुरीलाई घृणा गर्छौं। तर बारम्बार साउन १६ आउने गर्छ र हामी स्व. काफ्लेलाई स्मरण गर्छौं, मौनधारण गर्छौं, उहाँको नामबाट स्थापित पुरस्कार उहाँका अनुयायी सुपात्रलाई प्रदान गर्छौं, र त्यसै दिन हामी उहाँको तस्वीरमा फूलका गुच्छा चढाउँछौं। हो, अनि त्यही दिन हामीलाई कसैले प्रश्न गर्छ- उहाँलाई दबाएको, पचाएको, निलेको घोप्टेभीरले होइन त? यो प्रश्नले हामी र घोप्टेभीरको कालो इतिहासलाई परन्तु जोडिदिन्छ, र हामी मात्र मुन्टो हल्लाउन विवश हुन्छौं।

आज एक दिनमात्र हामी किन स्व. प्रकाश काफ्लेलाई सम्झन्छौं? किन एक दिनमात्र उहाँको नाम लिंदै त्यो दिन बिताउँछौं? मलाई कसैले प्रश्न गऱ्यो, प्रश्न ठीकै हो। हामीले ३ सय ६५ दिनमध्ये एक दिनमात्र उहाँलाई छुट्याएका छौं। उहाँ नहुँदाको ३ सय ६४ दिनका अभाव, रीक्तता, न्यास्रो र शून्यपनको अनुभव हामी सबै मिलेर एक दिन चर्चा गर्छौं। पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म उहाँका अनुयायीहरू, उहाँकै विचार, भावना र मानवअधिकारको प्रकाश बोकेर ३ सय ६४ दिन हिडिरहनुहुन्छ। उहाँले शहादत प्राप्त गर्नुभएको साउन १६ गतेको दिन निस्फिक्रीसँग हामी सम्झने गर्छौं, र अपूर्णतामा पूर्णताको खोजी गर्छौं।

किन सम्झिरहन्छौं? यो प्रश्नले हामी मानवअधिकार आन्दोलनमा लागेर हिड्नेहरूलाई घोचिरहन्छ, घच्घचाइ रहन्छ। हामीलाई उहाँले निर्देश गर्नुभएको मूल्य, मान्यता र मार्गदर्शनको आत्मसात गर्दै उहाँले निर्माण गर्नुभएको अधिकाररूपी चक्रपथमा हामी हिडिरहेका छौं। अहिले हामी जुन मार्ग हिडिरहेका छौं, यो राजमार्गको निर्माण नै उहाँले गर्नुभएको हो। आज मानवअधिकारका क्षेत्रमा स्व. काफ्लेले स्थापित गर्नुभएको मूल्यले गर्दा नै नेपालमा यस आन्दोलनले एउटा निश्चित गति र सुस्पष्ट अवधारणालाई मूर्तरूप दिन सक्यो। म्याग्नाकार्टाबाट शुरू भएको विश्व मानवअधिकारको शंखघोषले विश्वव्यापीरूपमा मानवअधिकारको एउटा स्पष्ट अवधारणा निकै अघि बढी सक्दा पनि हाम्रो देश नेपाल मूलतः यो चेतनाबाट पछाडि नै थियो। यस रीक्ततालाई स्व. काफ्लेसँगै आएका नयाँ पुस्ताले मानवअधिकार आन्दोलनको चक्रपथको निर्माण गरेका थिए।

आज उहाँले निर्माण गर्नुभएको बाटोमा हामीले देखिरहेका छौं, थुप्रै पुलहरू थपिएका छन्। चौतारा निर्माण भएका छन्। अर्थात राजधानीमा सीमित रहेको नेपालको मानवअधिकार आन्दोलन आज देशव्यापीरूपमा फैलिदै गएको छ। यसका कार्यकर्ताहरूले गाउँ-गाउँसम्म यो आवाजलाई दृढताका साथ उठाइरहनुभएको छ। चाहे त्यो छुवाछूतको भेदभाव विरोधी आन्दोलन किन नहोस्, चाहे कमैया र कृषि मजदूर, चाहे हत्या, बलात्कारका घटना किन नहुन्, चाहे महिला र बालबालिकामाथि हुने अन्याय, दुर्व्यवहारका घटना र स्थान किन नहुन्, त्यस ठाउँमा स्व. काफ्लेका अनुयायीहरू निरन्तर आन्दोलन र अधिकारका राँकोहरू लिएर काममा जुटिरहेका छन्।

भन्नेहरू भन्ने गर्छन्- "मानवअधिकारको एउटा पाटो प्रकाश काफ्लेसँगै अवसान भयो", त्यो हात भाँचिएको छैन र त्यो पाटोमा पहिरो लागेको पनि छैन। मात्र दृष्टि भ्रम हो। उहाँले स्थापित गर्नुभएका मानवअधिकारका मूल्य र मान्यता जीवन्त छन्। आज झन् निरन्तर मौलाइरहेका छन्। फैलिरहेका छन्। सयौं कार्यकर्ताहरू उहाँको इच्छा र भावनालाई मूर्तरूप दिन हिजोदेखि आज र आशा गरौं भोलिसम्म जुटिरहने छन्। मानवअधिकारको आस्थाको दूबो बनेर सरिरहेका छन्। जो कहिल्यै नासिंदैनन् र कहिल्यै मासिने छैनन्। भन्नेहरूको यो तर्क किन पनि बेठीक छ भने प्रकाशको भौतिक शरीर हामीबाट टाढा भएको हो, विचार न कहिल्यै मरेको छ, न मर्छ नै, काफ्ले त मानवअधिकारको नयाँ सोचकर्ता न थिए!

कुराकानीका क्रममा उहाँले आफ्ना भावी योजना र परिकल्पनाहरू पनि बताउनुभएको थियो। उहाँका ती योजना र परिकल्पनाहरू सुन्दर मात्र थिएनन्, अत्यन्तै व्यावहारिक र आवश्यक पनि थिए। मानवअधिकार आन्दोलनलाई कोठामा सीमित गर्ने हैन, आमजनतामा पुऱ्याउने र संगठित एवं व्यापक बनाउने उहाँको सोच थियो।

त्यसपछि पनि यदाकदा उहाँसँग भेट त हुन्थ्यो तर त्यति फुर्सदिलो देखिनु हुन्नथ्यो। मानवअधिकार आन्दोलनलाई अगाडि बढाउने आफ्ना नयाँ योजना र कल्पनालाई पूर्णता दिने कुरामा नै उहाँ व्यस्त हुन थाल्नु भएको थियो।

२०४९ साल जेठको अन्तिम हप्ता जस्तो लाग्छ। पत्रकार मित्र कुन्दन अर्याल सम्पादक रहेको बखत "छलफल" को म एउटा स्तम्भकार थिएँ। कामैले म "छलफल" को त्यतिबेला बागबजारमा रहेको कार्यालयमा थिएँ। कुन्दनजी कतै बाहिर जानु भएको थियो। कार्यालयमा म र शायद विनयजी मात्रै थियौं। फोनको घण्टी बज्यो। मैले फोन उठाएँ-

"हेलो,"

"कुन्दनलाई पाउँ न?"

- "कुन्दनजी हुनुहुन्न, को बोल्नु भो?" मैले भनें।

"म प्रकाश काफ्ले बोलेको" उताबाट जवाफ आयो।

- "नमस्कार, म शार्दूल बोल्दैछु।"

केहीबेर सञ्चो बिसञ्चोको औपचारिक कुराकानी भयो। उहाँले पत्रिकासँग सम्बन्धित काम परेर फोन गरेको बताउँदै भन्नुभयो- "मानवअधिकारसम्बन्धी भारतमा भएको गोष्ठीको एउटा सानो समाचार थियो, टिप्न सकिएला?"

"किन नसक्नु, एकदम सकिन्छ," मैले भनें। त्यसपछि आफू समाचार टिप्न तयार भएर बसेको जानकारी गराएँ। उहाँले त्यो समाचारको पहिलो शब्द भन्न नपाउँदै टेलिफोनको लाइन काटियो। धेरै बेरसम्म टेलिफोन लाइन बन्द नै रह्यो। मैले हृदयदेखि नै आदर र सम्मान गर्ने गरेको बौद्धिक, संघर्षशील, त्यागी, सरल र अत्यन्तै मदु एवं शालीन व्यक्तित्व प्रकाश काफ्लेले टिपाउन खोज्नुभएको समाचार टिप्न पाइन।

त्यो दिनदेखि उहाँसँग भेट पनि भएन। फोनमा कुरा गर्ने मौका पनि मिलेन।

२०४९ साउन १६ गते दिउँसो त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गर्नुपर्ने थाइ एयरवेज नेपालकै अज्ञात ठाउँमा दुर्घटनाग्रस्त भएको समाचार आयो। उक्त एयरवेजमा प्रकाश काफ्ले पनि रहनुभएको कुरा त्यसदिन राति मात्र थाहा भयो।

पर्सिपल्ट नुवाकोटको घोप्टेभीरमा उक्त एयरवेज दुर्घटनाग्रस्त भई कोही पनि जीवित नरहेको समाचार सुनेपछि म आदरणीय प्रकाश काफ्लेलाई आफ्नै सम्झनाहरूमा खोज्न थालें।

आफ्नो सम्झनामा मैले उहाँलाई अहिले पनि जीवन्त देख्ने गरेको छु। उहाँले आफ्नो जीवनमा समाज, राष्ट्र र जनतालाई पत्रकार, शिक्षक, राजनीतिक कार्यकर्ता तथा मानवअधिकार योद्धाको रूपमा महत्वपूर्ण योगदान दिनुभयो। तर मैले उहाँको एउटा समाचारसमेत टिप्न पाइन।

●

अब प्रकाशलाई प्रकाशमा खोजिनेछ

– राजव

जसले स्व. प्रकाश काफ्लेलाई देखेनन् र नजिकबाट चिन्ने अवसर पाएनन्, ती भावी पुस्ताहरूले उहाँको नाम सुन्ने हामीसँग भन्न सक्दछन्- स्व. प्रकाश काफ्लेको के छ परिचय? के छ कृति? स्वभाविक हो यसरी नयाँ पुस्ताले उहाँलाई चिन्न, देख्न र बुझ्न खोज्नु। ०४६ सालभन्दा अगाडि देश निसासिदो परिवेशमा गुज्रिरहेको बेला ०४१ सालमा मानवअधिकार संरक्षण मंचको स्थापना गर्न उल्लेख्य योगदान पुऱ्याउनुभएको थियो। साथै त्यसको मियो बनेर पंचायती कालरात्रिमा मानवअधिकारको क्षेत्रबाट संघर्ष गर्नुभएको थियो। यसबाट अझै अगाडि बढेर ०४५ मा मानवअधिकार संगठनको स्थापना गर्नुभएको थियो। साथसाथै राज्यको चौथो अंगको रूपमा स्थापित छापाहरू प्रकाश, छलफल, समाज, ज्वाला, खबर आदि विभिन्न पत्रपत्रिकामा उल्लेख्य योगदान गर्नुभएको थियो। यो प्राची पत्रिकाको संस्थापक/प्रकाशकमा पनि स्व. प्रकाश काफ्ले र सुशील प्याकुरेल नै हुनुहुन्थ्यो। र, यसको नाम पनि उहाँहरूले नै जुराउनुभएको थियो। यसरी हालसम्म उहाँका प्रतिविम्बले सूर्यका किरणझै दर्जनौं छिद्रहरूबाट आफूलाई प्रज्वलित गराउन सफल रहेका छन्।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) संस्थाको संस्थापक शिखर व्यक्तित्वहरूमध्येमा स्व. काफ्ले मुख्यरूपमा हुनुहुन्थ्यो। चौतर्फी रूपमा फैलिंदै गएको यो संस्था र यसले फैलाएको मानवअधिकारको ज्वाला स्तम्भकर्ता उतिखेर उहाँ नै हुनुहुन्थ्यो। इन्सेकको आजको यो सुखद् अग्रगतिको आधार स्तम्भ नै स्व. काफ्ले हुनुहुन्थ्यो भन्दा अत्युक्ति नहोला। यो संस्थाको विकास र विस्तार यसरी हुनुमा र यसलाई योरूपमा अगाडि बढाउनुपर्छ भन्ने सोच उहाँको नैं हो। मानवअधिकारको आवजलाई आन्दोलनको रूपमा अगाडि बढाउनुपर्छ र ग्रामीण जनस्तरसम्मका जनताका आवाजलाई संगठित गरेर मानवअधिकारको आन्दोलनमा समाहित गरेमा मात्र मानवअधिकारको बहाली हुनसक्छ भन्ने मान्यताका संस्थापक पनि स्व. काफ्ले नै हुनुहुन्थ्यो।

इन्सेकको आजको यो सफलता, उचाई र मार्गलाई हामी कसैले पनि काफ्लेसँग अलग गरेर हेर्न सक्दैनौं। यदि हामी जोसुकैले पनि मानवअधिकारको आन्दोलनलाई अनौपचारिकतामा मात्र कैद गर्यौं, शोषित, पीडित जनताका संगठित आवाजलाई प्रकाश काफ्लेको मान्यतासँग जोडेनौं भने स्व. काफ्लेलाई होच्याएको ठहर्छ। इतिहासलाई मिचेको हुन जान्छ। यस्ता ऐतिहासिक पुरूषलाई आजभन्दा ६ वर्षअगाडि हामीबाट घोप्टेभीरको क्रूर घटनाले अन्ततः चपायो। मानवअधिकारको संघर्ष नै संघर्षको आँधीबाट कहिल्यै विश्राम नलिई वाँचुन्जेल निरन्तर लागिरहनुहुने स्व. कफ्लेको आत्माको शान्तिका लागि हामी अझै यस क्षेत्रमा जुट्नुपर्दछ। हाम्रो प्रतिबद्धताको सच्चा श्रद्धाञ्जली पनि यहाँमत्र हुनेछ। ●

यो वर्ष दुःख सुन्ने, आघात महसुस गर्न बाध्य हुनुपर्ने वर्ष नै हुने भयो। अहिले अर्को भयानक संवेदित समाचार सुन्नुपर्दा मलाई यस्तै लागिरहेछ। पीडापूर्ण संस्मरणको चाँग नै लाग्ने भो मेरो मनमा। किनभने यो वर्ष कतिपय आत्मीयहरू सिर्फ स्मरणका व्यक्तित्वहरू मात्र हुन पुगे। तिनलाई सम्झनु तर देख्न नपाउनुको पीडा कत्ति भारी हुन्छ भन्ने अभिव्यक्तिको लागि अथाह शब्दहरू र वाक्यहरूको भण्डारभित्र छिर्दा पनि मलाई पुगेको छैन। किनभने शब्द र वाक्यले मात्र मेरो यस क्षणको पीडा प्रकट गर्न सक्ने स्थिति छैन। पीडाले यसरी बारम्वार कुँडिनुपर्ला भन्ने अड्कल कसरी गर्नु? नत्र ती सब घटना र दुर्घटनाबाट आत्मीय र आत्मीय मात्र हैन, त्यस्ता सबैमा मानव समूहलाई रोक्नुहुन्थ्यो। साँच्चै यस्तो सम्भव भएको भए कोही कसैबाट दुर्घटनाको कारणले छुट्टिनु पर्दैनथ्यो। शायद यही एउटा आविष्कार गर्न नसकेर विज्ञानको चमत्कारिक दम्भ चुर भैरहने छ। र, यसको चमत्कारिक आविष्कारको प्रयोग गरेर मानिसहरूका आफन्तहरूले आफन्तहरूबाट बेला-बेला छुट्टिनुपर्छ। र, कयौं आत्मीयजनहरूले तिनको अचानक र विदारक विछोडको लाख्रौं भोल्टको पीडा सहनुपर्छ। शायद म त्यही सहिरहेछु। र, त्यो पीडादायी समाचार सुनिरहेछु। नसुनौं भने पनि भएन। किनभने रेडियोले त्यही समाचारलाई प्रमुखतासाथ सुनाइरहेछ। र, टि.भी. ले देखाइरहेछ, जसलाई आँखा छोपेर मात्र बिर्सन सकिन्न। बारम्वार त्यही अविचल र आकाश छाम्न तम्सिएको पर्वत सम्झन वाध्य हुनुपर्दछ, जसको शीरमा बज्रन पुग्यो थाइविमान (र, विज्ञानको महानता) र त्यसभित्रका एकसय तेह्र मानिसहरूको काठमाडौंमा छिटै ओर्लन र आफ्नो महत्वकांक्षाको, विश्वासको, अभिलाषाको बाटोमा लाग्ने सुखद तर्कना सदाका लागि चकनाचुर भयो। त्यत्तिका मानिसहरूको बाँकी भविष्य आकाशमै टुंगियो। त्यसै विमानभित्र मानवअधिकार मानवीय समानताको लागि लडिरहेको एउटा प्रकाश पनि फेरि मित्रहरूको अगाडि र आफ्नो अभियानका लागि नफैलिने भयो। त्यो प्रकाश प्रकाशको मार्गमै विलिन भयो। प्रकाशको उद्गम केन्द्रमै मिस्सियो। अब प्रकाशहरूमै (प्रकाशमै) उसलाई हेरिएला। र, सम्झिएला। तर उसको रूप छुट्टै प्रकाशको रूपमा भने नपाइने भइयो। हिजो श्रावण १८ गते दिनको १ बजेको रेडियो नेपालको समाचारले उक्त दुर्घटनाग्रस्त थाइविमानमा सवार यात्रीहरूको नामावली उद्घोषणको क्रममा अब अचानक, एकदम अचानक, एक्कासि उसको नाम प्रकाश काफ्ले भन्ने सुन्नुपर्दा मैले आफू उभिएको भूमि र वरिपरिका वस्तुहरू फनफन्ती घुम्न थालेको महसुस गरें। र, लाग्यो त्यो प्रकाश हामीतिर निभेर अन्तै बल्न गयो। जहाँ पुगे पनि त्यहाँ उज्यालो पारिराख्ला। त्यहाँ यदि मान्छे छन् भने त्यहाँ पनि मान्छेको अधिकारको कुरोमा उत्तिकै सक्रिय होला।

मलाई गतेको एकिन छैन। तर २०३३ साल चैत महिनाको कुरो हो। म मित्रहरू नारायण ढकाल, विमल निभा र अरू एक दुई जना नक्सालतिर लाग्यौं, दिनको एघार बजे। त्यहाँ नागपोखरीअगाडिको सडकबै घरभित्र उक्ल्यौ। तेस्रो तलाको लाम्चो कोठाभित्र सबैसँग हात मिलायौं, हाँस्यौं। त्यहीं साथीहरूले मेरो र प्रकाश काफ्लेबीचको परिचय गराए। त्यसबेला प्रकाशजी र मित्र सुशील प्याकुरेल त्यही डेरा गरेर बस्नुहुन्थ्यो शायद। पछि फेरि उहाँको त्यो डेरामा गइएन। तर बरोबर अरू मित्रहरूको कोठामा, सडकमा भेट हुन्थ्यो। भेट हुँदा संक्षिप्त भलाकुसारी र मिष्ठ मुस्कानले बिदा हुने गरिन्थ्यो। त्यो उज्यालो अनुहारको मुस्कान अहिले स्मरणमा हेर्नुपर्दा मनभित्र वेदनाको भल नै फुट्न थाल्छ। त्यो वेदनाभित्र अचानक ऊसँग सडकमा भेट हुँदा कुशलक्षेम सोध्ने उसको तरिका र बिदाको हात मिलाउने उसको शैली सम्झन्छु।

अब सडकमा त्यो आत्मीय हात र उज्यालो अनुहार भेटिन्न। यसरी अचानक मित्रहरू किन लुप्त गराउँछ प्रकृति?

पोहोर मित्र श्यामलजी र गोपाल गुरागाईजीसँग उसलाई पनि मित्र सुशील प्याकुरेलजीसँग रल्लिंदै आइरहेको भेटेको हुँ। त्यसबेला पनि ऊ मानवअधिकार संरक्षण मंचको कुनै काममा जाँदै थियो। त्यसकारण संक्षिप्त कुशलक्षेममा हामी छुट्टियौ। त्यसपछि उसको उज्यालो अनुहार मेरो सामुन्ने परेन। किनभने मलाई जागीरले काठमाडौंबाट टाढा पुऱ्याइ नै रह्यो। तथापि अखबारका समाचार र तिनमा छापिने उसका लेखहरूसँग भने बरोबर भेट भइरहन्थ्यो।

यस स्तम्भको संक्षिप्त रूप सीमाभित्र लेख्दा ऊबारेका सम्पूर्ण संस्मरण वाक्यबद्धरूपमा प्रकट गर्न सकिन्न। र, यो संस्मरण पनि नभएर त्यस प्रकाश स्तम्भलाई श्रद्धाञ्जली व्यक्त गर्ने पीडापूर्ण बहाना मात्र हो।

मानवीय समानताका लागि सतत् संघर्षशील नेपालको वामपन्थी राजनीतिको लागि उसको यस किसिमको जीवन जगतसंगको विच्छेद निश्चय नै एउटा ठूलो क्षति हो। यो पुनः पूर्ति हुन नसक्ने क्षतिलाई पनि सहनै पर्छ। त्यसकारण उनको विव्हल र शोकाकुल मित्रहरू र अन्य आत्मीयजनहरूलाई त्यो दुःख र पीडा सहने धैर्य मिलोस्।

र, प्रकाशसँग दिवंगत भएका प्रकाशका ती सहयात्रीहरूलाई पनि श्रद्धाञ्जली। र, तिनका परिवार, र आत्मीयजनहरू र मित्रहरूमा आफन्तहरूको त्यस किसिमको विदारक विछोड सहने धैर्य मिलिरहोस् भन्ने कामना!

(प्रतिपक्ष साप्ताहिक, ०४९ साउन २३ गते, शुक्रबार।) ●

प्रकाश काफ्लेको त्यो इच्छा...

– अशेष मल्ल



भर्खरै बहुदल आएको थियो। हामीमा स्वभावतः थुप्रै उत्साहहरू थिए। प्रजातन्त्र र मानवअधिकारको युद्धमा होमिएर पञ्चायती क्रूर काँडामा नाङ्गो पैतला हिडिरहने प्रकाश काफ्ले जस्ताका लागि बहुदल आफूले खोजेको सपनाको एउटा उपलब्धि नै थियो। बारम्बारको भेटमा उनी भनिरहन्थे- बहुदल हाम्रो अन्त्य होइन। साच्ची नै बहुदलको आगमनले सारा सपनाहरू साकार पारेर मानवअधिकारवादीलाई अब आराम गर भनेन। बरू अरू बढी जिम्मा दिएर आइपुग्यो- बहुदल। यात्रा अलग थियो। हिजोको व्यवस्थासँग लड्नुको एउटा यात्रा समाप्त भएको थियो तर बहुदलको आगमनले झन् बढी उत्तरदायित्व थपेको थियो- प्रकाश काफ्लेको छटपटी पनि त्यही उत्तरदायित्वकै कारण थियो।

प्रजातन्त्र आयो, प्रजातन्त्रले थुप्रै अधिकार दिएको त छ तर त्यसको अनुभव सिधै जनतालाई हुनुपर्छ। प्रकाश काफ्लेको त्यही चिन्ता थियो। जस्तो कि मलाई सम्झना छ- पहिलो आमनिर्वाचनको समय थियो। हाम्रो भेटघाटको सन्दर्भमा उनी भनिरहन्थे- के सही रूपमा निर्वाचन होला त? जनतालाई आफ्नो अधिकारबारे ज्ञान छ त? खासगरी अठार वर्ष पुगेका युवाहरूसमेत निर्वाचनमा सहभागी हुन सक्ने अधिकार राष्ट्रका लागि नयाँ कुरा थियो। के युवाहरूमा त्यो ज्ञान छ त? आदि प्रश्नहरूको उत्तर खोज्दै प्रकाशले मलाई एकाबिहानै फोन गरेर भने- "यस्ता विषयमा तत्काल केही टेलीविज्ञापन बनाउन सकिदैन।" मैले पनि तत्कालै जवाफ दिएँ- "किन नसक्नु!" र हामी बस्यौं प्रकाशजी, सुशीलजी र म। अनि दुई तीन दिनभित्रमै केही विज्ञापन फिल्म तयार गऱ्यौं। निर्माणको जिम्मा "सर्वनाम" ले लियो। ती फिल्म देखेर प्रकाशजी खुशी भएको आर्जे जस्तो लाग्छ।

बहुदल आइसकेपछि पनि पुलिसको दमन रोकिएन। व्यवस्था परिवर्तन त भयो तर मानसिकता परिवर्तन हुन सकेन। ०४७ साल असोजको "मधुपर्क" मा प्रकाशजीको एउटा रचना छापिएको थियो। यातनाका बारे उनले केही प्रश्नहरू उठाएका थिए। एक दिनको भेटघाट क्रममा "मधुपर्क" को त्यो रचनाबारे कुराकानी भयो। टेलिफिल्मको माध्यमबाट यस्ता विषयलाई सशक्तरूपमा प्रस्तुत गर्न सकिने सन्दर्भमा हाम्रो कुराकानी भयो। भर्खरै "सर्वनाम" को प्रस्तुतिमा मैले एउटा टेलिफिल्म निर्देशन गरेको थिएँ। वी.पी. कोइरालाको कथा "एक रात" मा आधारित त्यो फिल्म टेलिभिजनबाट प्रशारित भएको थियो। त्यो फिल्म पञ्चायत कालमा भएको एउटा "फाँसी" सँग सम्बन्धित थियो। कुराकानीको क्रममा यस्तै फिल्महरू अब बढी सान्दर्भिक हुने कुरा प्रकाशजीले बताएका थिए। यसपछि हामीले भेटघाटको मिति तोक्यौं र बस्यौं, विश्वकान्त मैनालीजीको ल फर्ममा- म, सुशीलजी र प्रकाशजी। घण्टौं कुरा गऱ्यौं। उहाँहरू प्रहरीको यातना रोक्न नाटक र सिनेमालाई प्रयोग गर्नु पर्ने कुरामा दृढ हुनुहुन्थ्यो। र, त्यो कामको जिम्मा दुवैले मलाई दिन चाहनुभएको थियो। त्यही दिन हामीले तय गऱ्यौं क्रमशः टेलिफिल्महरू निर्माण गर्दै जाने। मानवअधिकारको युद्धमा लागि पर्ने उहाँहरूसँग थुप्रै घटनाहरू थिए। ती घटनाहरू मैले टिप्दै गएँ। यही क्रममा "मधुपर्क" मा छापिएको प्रकाशजीको रचनालाई नै पहिलो फिल्म बनाउने तय भयो। प्रकाशजीको कथा थियो- जुन सत्य घटनामै आधारित थियो। मैले त्यसको पटकथा तयार पारें। पटकथाको तयारीपछि हामी फेरि बस्यौं। अनि फिल्मका सारा तयारी गर्न थालें। फिल्मको सम्पूर्ण जिम्मा "सर्वनाम" ले लिएको थियो। तयारी क्रममा मलाई बारम्बार लागिरह्यो- वैचारिक हिसाबले म प्रजातन्त्रवादी र प्रकाशजी प्रगतिशील विचारका व्यक्ति। प्रगतिशील विचारधाराका लेखक, कलाकार, निर्देशकहरू नभएका होइनन् तर प्रकाशजीले सारा कुरा मलाई जिम्मा दिएर जुन विश्वास गरेका थिए ,त्यो मैले बिर्सनै नसक्ने घटना हो। सैद्धान्तिकरूपमा जे भएता पनि राष्ट्रप्रतिको सचेतता क्रममा सिद्धान्तभन्दा माथि उठ्ने प्रकाश काफ्लेलाई आजका नेताहरू एकपल्ट सम्झून्, मलाई घरी-घरी लागिरहन्छ।

जे होस्, फिल्मको तयारी क्रममा हाम्रो पटक-पटक भेट भइरह्यो। प्रारम्भमा हामीले दुई वटा तीस-तीस मिनेटका फिल्म बनाउने योजना बनायौं। दुवै पुलिसको यातनासँग सम्बन्धित थियो। एउटा थियो- यातनाका क्रममा प्रहरीले कुन हदसम्म दमन गर्छ भन्ने विषय र अर्को थियो- विना यातना पनि अपराधीलाई दण्ड दिन सकिन्छ भन्ने विषय। पहिलो फिल्म "तेह्र वर्ष" जसमा आफ्नी श्रीमतीलाई हत्या गरेको अपराधमा लोग्ने जेल जान्छ। ऊ पटक-पटक "मैले हत्या गरेको छैन" म निर्दोष छु भनेर सफाइ दिन खोज्छ तर पुलिसको यातना सहन नसकेर उसले गर्दै नगरेको हत्या गरें भनेर कबुल गर्छ। तेह्र वर्षको जेल जीवनपछि उसले के थाहा पाउँछ भने उसकी श्रीमती ज्यूँदै छिन्। ज्यूँदै महिलाको हत्या अभियोगमा तेह्र वर्ष जेल जीवन भोग्नुको यातना प्रमुख विषय थियो पहिलो फिल्मको, र दोस्रो फिल्म "आवेश" को एउटा व्यक्तिको आवेशले गरेको हत्यालाई पुलिस यातना नै दिंदैन। अनेक प्रकारले त्यो व्यक्तिलाई हत्या गरेको हुँ भन्ने कुरा बकाउने वातावरण तयार हुन्छ। अपराध बकाउन यातना नै दिनुपर्छ भन्ने केही छैन भन्ने विषय प्रमुख थियो दोस्रो फिल्मको। दुवैको कथा प्रकाशले लेखेका थिए। मैले फिल्मको निर्देशन गरेको थिएँ। "सर्वनाम" का कलाकारहरू अभिनयमा जुटेका थिए। झण्डै दश दिनमा दुईवटा फिल्म तयार भयो।

फिल्म तयार भयो। प्रकाशजीसँग फिल्मको बारेमा फोनमा कुरा भइरहन्थ्यो तर सुटिङ्ग हेर्न पाइएन। फिल्म सम्पादन गर्ने क्रममा म व्यस्त भएँ। सम्पादन हेर्न पनि पाएनन् प्रकाशले। म "आउनुस् न हेरौं, भन्थें, उनी भन्थें-. "पुरै सक्नोस न अनि हेरौंला नि।" म भन्थे- "हैन केही थपघट गर्नु पर्ने हो कि?" "तपाईले गरेपछि मैले किन हेर्नुपर्‍यो।" यसरी नै सम्पादन सकियो। ठीक त्यही बेला उनी बैंकक गए। उनी आएपछि फिल्म हेर्ने कुरा भयो। फिल्म तयार हुने क्रममा नै थियो। एकाएक प्लेन दुर्घटनाको डरलाग्दो खबरले सारा राष्ट्र नै स्तब्ध भयो। प्रकाश रहेनन्, यो दुःखद् सत्यलाई नचाहेरै पनि स्वीकार्न बाध्य हुनुपर्‍यो।

फिल्म तयारको क्रममा रहेको खुशी र उमङ्ग सिसा टुक्रिएझैं चकनाचुर भएको अनुभव गरें। जसको इच्छाले त्यो फिल्म बनाएँ, फिल्म हेर्ने नपाई उनी गए। फिल्मको शुरूवातमा प्रकाश काफ्लेलाई श्रद्धाञ्जली लेख्नुपर्ने दुःखद् स्थिति आउला भन्ने के थाहा? तर भयो त्यस्तै।

उनले बैंकक जाने बेलामा भनेका थिए- "अशेषजी यो फिल्म सकेपछि तपाई र म भूटान जानुपर्छ अनि बनाउनुपर्छ त्यहाँको यातनाको बारेमा ....।"

प्रकाशको त्यो अधुरो इच्छा अझै अधुरो छ तर प्रकाश मेरो मनमा नबिर्सने मित्रका रूपमा भने अझै पनि छँदैछन्।

"नेपथ्य"
रातोपुल, ज्ञानेश्वर
काठमाडौं।

स्व. प्रकाश काफ्लेलाई सम्झँदा

– कविता अर्याल

२०३०-०३१ साल तिरको कुरा हो। हामी त्यतिखेर वुवाको जागीरको शिलशिलामा विरगञ्जमा बस्थ्यौं। म करीव ५ वर्षको थिएँ। हाम्रो घरमा मामाहरू आउनु भयो मलाई दुईजनाको नाम मात्र थाहा थियो सुशील-प्रकाश। तर भौतिक रूप र नाम मात्र फरक भए पनि उहाँहरूको वोलाई देखि हरेक कृयाकलाप सवै एकै हुन्थ्यो। उहांहरू दुई रूप भएपनि आत्मा एउटै थियो। म छुट्याउन सक्दिन थिएँ को सुशिल, को प्रकाश। त्यस दिन पनि म आमाकहाँ दौडेर गएर सोधें- आमा कुन सुशील दाजु र कुन प्रकाश दाजु। आमाले हाँसेर छुट्याईदिनु भयो। फेरी अर्को पल्ट उही समस्या। प्रकाश दाजु हाम्रो जेठो मामा सुशील दाजुको साथी हुनुहुन्थ्यो। तर हामीले केटाकेटी देखि नै दुवैलाई संगै देख्थ्यौं। पूकाश दाजुलायू हाम्री आमा सुशील दाजुभन्दा कुने कुरामा भेद गर्नु हुन्नथियो। उहाँहरू र आमामा निकै आत्मियता थियो। उहाँहरूको प्रत्येक कठोर यात्रामा आमाले सहयोग गर्नु भएको छ। हामीकहाँ आउँदा दुवैजना संगसंगै आउनु हुन्थ्यो। यसरी ने वेला वेलामा हाम्रो भेट भइरहन्थ्यो। हामी उहाँहरूका कुरा निकै गम्भिर भएर सुन्ने गथ्यौं। र निकै उत्साहित बनाउँथ्यो उहाँहरूको कुराले। दिन वित्दै गयो हामी ठूलो हुँदै गयौं।

जनआन्दोलनको वेला म आई कम को जाँच दिएर त्यसै बसेकी थिएँ। प्रकाश दाजु कहीले विदेश र कहिले नेपालमा वसेर आन्दोलनलाई अगाडि बढाउने क्रममा हुनुहुन्थ्यो। सुशील दाजु पनि जनआन्दोलनलाई अग्रगति दिने काममा लाग्नु भएको थियो। त्यतिबेला जनआन्दोलन सम्बन्धी समाचार विदेशमा पठाउनुपर्ने र फोटोकपी गर्न जान भुमिगतको कारणले कठिनाई पर्ने भएकोले उहाँले मलाई त्यतिबेलाको समाचार खालि कागजमा सार्ने काम अह्राउनु भएको थियो। कहिले काहीं यति धेरै हुन्थ्यो कि म रातभरि सारेर बस्थे। पछि प्रजातन्त्र आयो। इन्सेक खुला रूपमा वाहिर आयो। भस्वैरै स्थापित र कम बजेट भएकोले इन्सेकलाई एउटा इमान्दार कार्यकर्ताको खाँचो थियो जो विना पारिश्रमिकमा काम गरोस। म त्यसवेला देखि इन्सेक जान थालें। इन्सेकले त्यतिवेला असंगठित रूपमा रहेका मजदुरहरूलाई संगठित गर्दै लैजाने र उनीहरूलाई आफ्नो अधिकारको रक्षार्थ उभिनसक्ने बनाउने उद्देश्यका साथ ठेलागाडावालाहरूलाई अनौपचारिक कक्षा सुरू गऱ्यो। मलाई निकै रमाइलो लाग्थ्यो त्यतिबेला म ठेलावालाहरूलाई पढाउँथे तर म मा पढाउने कुनै कला थिएन र उमेरमा पनि म निकै सानि थिएँ। कहिले काही म हतास भएर गर्न नसक्ने जस्तो हुन्थे त्यतिबेला मलाई सुशील दाजु, प्रकाश दाजु दुवैले संझाउनु हुन्थ्यो। मलाई त्यतिबेला मानवअधिकार भनेको के हो भन्ने थाहा थिएन। मलाई विभिन्न मानवअधिकारका किताबहरू ल्याएर पढ्न दिनुहुन्थ्यो उहाँहरूले अझ प्रकाश दाजु त अघिल्लो दिन एउटा पाठ दिएर भोलीपल्ट त्यस विषयमा सोध्नु हुन्थ्यो। र नबुझेका कुरालाई बुझाउने गर्नु हुन्थ्यो। समय बिन्दै गयो जनआन्दोलनको शहीदहरूको छोरा छोरीको विच्चल्ली देखेर इन्सेक र मासमबाट उनीहरूलाई स्कुलमा पढाउने पहल गऱ्यो। यसरी बच्चाहरूलाई विद्यालयमा भर्ना गर्ने देखि लिएर उनीहरूको अन्य आवस्यकताका लागि शहीद परिवालराई पर्ने विभिन्न सहयोगको लागि हामी काम गर्न थाल्यौं। विशेष बच्चाहरूको लागि हेर्नु पर्ने काम म गर्थे त्यति वेला। हामी इन्सेकमा प्रकाशदाजु, सुशील दाजु, कृष्ण दाई र सन्तोष भाभी मात्र थियौं। हामीका एउटा सानो अंग्रेजी टाइपराइटर थियो। त्यो पनि मलाई आउँदैनथियो। त्यैपनि म विस्तारै विस्तारै गर्दै चिठ्ठी टाइप गर्ने काम गर्थे।

त्यतिवेला त्याहाँ कुनै भेदभाव थिएन। निश्चित रूपमा म उमेरमा सानो र कामको हिसावले पनि म सिकारू भएको नाताले म उहाँहरूलाई सम्मान गर्थे। उहाँहरू मलाई मार्गनिर्देशन गर्नु हुन्थ्यो। तर उहाँहरूमा कुनै घमण्ड थिएन। हामी जो पहिले अफिस पुग्थ्यौं उस्ले कुचो लागाउँथ्यौं। चिया पकाउने र भाँडा माझ्ने कुरामा पनि त्यस्तै हुन्थ्यो। एक दिन हाम्रो अफिसमा पनि एउटा ट्याकटरमा ठूलो दराज लिएर सुशील दाजु प्रकाश दाजु आउनु भयो। म निकै खुशी थिएँ। अब हाम्रो अफिसमा किताव राख्ने एउटा ठूलो दराज भएको थियो। मेरो खुसी देखेर उहाँहरूले दङ्ग पर्दै भन्नु भएको थियो। किताबहरू मिलाएर राख पछि हामीले पनि ठूलो लाइब्रेरी बनाउनु पर्छ। त्यसपछि मैले किताबहरूमा नम्बर गर्दै दराजमा थन्काउन थाले । त्यतिवेला करीव ५०, ६० वटा मात्र किताव भएको थियो होला। मलाई कहिले धेरै किताब होला जस्तो भएको थियो।

विस्तारै विस्तारै किताबहरू बढ्दै गए। हामीकहाँ अरू दराजहरूपनि आउन थाले। त्यसपछि म लाइब्रेरी कसरी व्यवस्थित गर्ने भनेर ब्रिटिस काउन्सिल देखि लीएर थ्रेप्रे लाइब्रेरीमा पुगें र विस्तारै विस्तारै "हुरिडकस फरम्याट" किताबहरू पोस्टीङ्ग गर्न थालें। यतिबेला सम्म इन्सेक परिवारमा पनि वृद्धि भैसकेको थियो। ठाकुर ढकाल, शिवहरी दाहाल, मिना शर्मा आदी। हामी सबैमा एकदमै सुमधुर सम्बन्ध थियो। हामीलाई सुझाव र सरसल्लाह दिने विषयमा सुशील दाजु प्रकाश दाजु सँधै लागिरहनु हुन्थ्यो। उहाँहरू सँधै काम भनेको गर्दै जाँदा सिकिने कुरा हो मुख्य कुरा मानवमा लगनशीलता र इमान्दारिता हुनुपर्छ भन्ने कुरामा विश्वास गर्नु हुन्थ्यो। यस कुराले हामी कार्यकर्तामा उर्जाको रूपमा काम गरेको थियो। प्रकाश दाजु बेला वेलामा हामी सबैलाई बोलाएर वरिपरि राख्नु हुन्थ्यो र विभिन्न नीति कथाहरू भन्ने गर्नु हुन्थ्यो र त्यस कथावाट विभिन्न निश्कर्षहरू निकाल्न लगाउनु हुन्थ्यो। त्यसरी उहाँ हामीमा भएको प्रतिभालाई बढाउने प्रयत्न गर्नु हुन्थ्यो। त्यस्तै कहिले विगतमा रहेका कुराहरूलाई वडो रमाईलो ढंगले सुनाउनु हुन्थ्यो। एक दिन प्रकाश दाजुले मलाई र मीनालाई एउटा जातीय भेदभावको विरोध गर्दै नाटक लेखेर ल्याओ भन्नु भयो। मैले भोलिपल्ट अफिस आउँदा नाटक लिएर आएँ र प्रकाशदाजुलाई देखाए पनि उहाँले त्यसमा केही थपघट गर्दै राम्रोसंग राख्न, पछि नेपाल टेलिभिजनको लागि फिल्म बनाउनु पर्छ भन्नुभयो। यसरी उहाँ हरेक कुरामा हामीलाई अगाडि बढाउन चाहनु हुन्थ्यो। प्रकाश दाजु महिलाहरूको विषयमा निकै संवेदनशील हुनुहुन्थ्यो। एक दिन उहाँले हामी दुई मीना र मलाई बोलाएर विभिन्न क्षेत्रबाट उत्पीडित वन्न पुगेका महिलाहरूको माझमा भेला गराउने भन्नुभयो, उनीहरू बीच समस्या आदान प्रदान गर्दै समाधानको प्रयास गर्ने भन्ने कुरामा निर्णय गऱ्यौं। मीना र म त्यसको तयारीमा धमाधम जुटेन थाल्यौं। सर्भेक्षण फारम पनि आँफै वनायौं र केही ठाउँको सर्वेक्षण पनि गरिसकिएको थियो।

०४९ सालको शुरूमै मेरो विवाहको कुरा भयो। आमाले सुशील दाजु र प्रकाश दाजुसंग कुरा गर्नु भएछ। उहाँहरूले केटापि)हरूसंग काम नछुटाउने शर्तमा विवाहको लागि मन्जुरी दिनु भयो। तर उहाँहरू र हाम्रो आमाहरूमा एउटा कुरामा निकै विवाद भयो। सुशील-प्रकाश परम्परागत खर्चालु विवाहको ठूलो विरोधी हुनुहुन्थ्यो तर हाम्रो घरको हजुरआमा लगायत सबैजना त्यस कुरामा पटक्कै सहमत हुनुभएन। म मा पनि त्यस कुरामा प्रतिरोध गर्ने हिम्मत भएन। त्यस सम्बन्धमा सुशील-प्रकाश मसंग खिन्न हुनु भएको थियो। अहिले मलाई प्रकाश दाजुलाई संझदा त्यस कुराले पिरोल्छ। यतिबेलाको अवस्थामा भएको भए म पनि सुशील-प्रकाशको कुरामा अडिग रहन सक्ने थिएँ होला।

२०४९ साउन १६ गतेका दिन हामी प्रकाश दाजुको पर्खाइमा थियौं। निकै वेर भएपछि ३.४ बजेतिर सुशीलदाजुको एयरपोर्टबाट फोन आयो प्रकाश चढेको प्लेन आएन। पानी पर्दै थियो। हामी सन्तोष भावी र म ट्याफ्फोमा चढेर एयरपोर्ट तिर लाग्यौं। बाटोभरी हामी एयरपोर्ट पुग्दा प्रकाशदाजुलाई भेट हुन्छ भन्ने आशामा गयौं। हामीलाई देख्ने बित्तिकै सुशील दाजु रून थाल्नु भयो। हामी केही वेर बसेर मन्डिखाटार तिर लाग्यौं। त्यहाँको स्थिति झनै खराव थियो। म त्यहाँ बस्न सकिन घर फर्केर आएँ। त्यसपछि पनि पालङदेखि लिएर घ्याङफेदी सबैतिर प्लेनको खोजि गरियो। म घरमा बसेर प्लेन भेटिने आशामा थिएँ। अहिले पनि कुनै विशेष दिनहरूमा प्रकाश दाजुहामी माझमा आउनु हुन्छ कि जस्तो लाग्छ। प्रकाश दाजु यस संसारवाट विदा हुनु भएको ६ वर्ष बितेर ७ वर्ष लागिसकेको छ। उहाँले छोडेर जानु भएको इन्सेक र अहिलेको इन्सेकमा धेरै परिवर्तन आइसकेको छ। त्यस परिवर्तनका बिचमा इन्सेक अन्य संस्थाभैं विभिन्न आरोपबाट अल्लगीन सकेको छैन। तर हामी गर्वसंग भन्न सक्छौं- इन्सेक सुशील-प्रकाशको सपना थियो। र यो सपना साच्चि नै पुरा हुँदैछ। र प्रकाश दाजुले छोडेर जानु भएको अधुरो काम सुशीलदाजुको नेतृत्व र अन्य सबै साथीहरको सहयोगमा अझ विस्तारित रूपमा केन्द्रमा मात्र नभई गाउँ-गाउँमा फैलिएको छ। र हामी सबै मानवअधिकार कार्यकर्ताले उहाँलाई दिने साँचो श्रद्धाञ्जलि यहि नै हो।

●

प्रकाश काफ्लेः शब्दचित्रमा



नेपालको मानवअधिकार आन्दोलनका अथक योद्धा प्रकाश काफ्लेको दुःखद् निधन भएको छ वर्ष बितेको छ। भारतको सर्वोच्च अदालतका भूतपूर्व प्रधानन्यायाधीश पी.एन. भगवतीको अध्यक्षतामा गठित साउथ एशियन टास्क फोर्स अन जुडिसियरी फर ह्युम्यान राइट्सको श्रीलंकामा भएको बैठकमा भाग लिएर ०४९ साउन १६ गते स्वदेश फर्किंदा उहाँ चढ्नुभएको थाई एयरलाइन्सको विमान नुवाकोटको घोप्टेभीरमा दुर्घटनाग्रस्त हुन पुगी उहाँको दुःखद् निधन भएको थियो।

प्रकाश काफ्लेको जन्म २६ डिसेम्बर १९५२ मा सिन्धुली जिल्लाको नांगेडाँडामा भएको थियो। १९६७ मा काठमाडौंको पद्मोदय माध्यमिक विद्यालयबाट एस.एल.सी. पास गरेपछि उहाँले बी.ए. सम्मको अध्ययन पूरा गर्नुभएको थियो।

उहाँले आफ्नो सार्वजनिक जीवनको शुभारम्भ पत्रकारिताबाट गर्नुभयो। १९७३ मा प्राची साहित्यिक पत्रिकाको सम्पादन सँगसँगै लेखनतिर पनि लाग्नुहुने उहाँ स्वतन्त्र पत्रकारको रूपमा "दैनिक समाज" सँग पनि सम्बद्ध रहनुभयो। १९८२ मा हेटौंडाबाट आफ्नै सम्पादनमा उहाँले "साप्ताहिक खबर" संचालन गर्नुभयो। पंचायती निरंकुशताविरूद्ध जनचेतना अभिवृद्धि गर्न सदा समर्पित रहेर पत्रकारितामा लाग्नुभएका प्रकाश काफ्लेले प्रकाश, छलफल, ज्वाला आदि पत्रिकाहरूको सम्पादन र संचालनमा समेत महत्वपूर्ण योगदान पुऱ्याउनुभयो। त्यस क्रममा उहाँ गिरफ्तारीमा पनि पर्नुभयो।



निरंकुशताविरूद्ध विभिन्न न्यायिक आन्दोलनहरूलाई प्रभावित पार्ने र विविध ठाउँमा विस्तारित गर्ने उद्देश्यले उहाँले आफूलाई मानवअधिकारप्रति समर्पित गर्ने निर्णय गर्नुभयो। १९८४ मा मानवअधिकार संरक्षण मंचको स्थापना भयो र प्रकाश काफ्ले त्यसको महासचिव चुनिनुभयो। उहाँकै सक्रियतामा सोही वर्षदेखि १० डिसेम्बरका दिन नेपालमा मानवअधिकार दिवस मनाउन थालियो भने राजबन्दी रिहाई अभियान संचालनमा समेत उहाँको भूमिका महत्वपूर्ण रहन गयो।

पंचायती हिंसा, दमन र उत्पीडनका विरूद्ध मानवअधिकारको बहालीका लागि मानवअधिकार संरक्षण मञ्चको तर्फबाट सक्रिय रहँदै आउनुहुने प्रकाश काफ्ले २०४६ सालको संयुक्त जनआन्दोलनलाई सफल बनाउन निकै नै सक्रिय रहनुभयो। युरोप पुगेर नेपाल सहयोग समूह गठन गरी आन्दोलनको पक्षमा प्रचार अभियान चलाउनमा उहाँ सफल हुनुभयो।

बहुदलीय व्यवस्थाको स्थापनापश्चात उहाँ ०१७ सालपछि बेपत्ता पारिएकाहरूको खोजविन गर्ने आयोग, मानवअधिकार हनन तथ्य संकलन समिति, जनआन्दोलनपीडित उच्चस्तरीय समिति र प्रजातन्त्रका सेनानीहरूको नामावली संकलन समितिको सदस्य रहेर आफ्नो जिम्मेवारी सक्रियतापूर्वक पूरा गर्दै आउनुभएको थियो। २०४३ सालमा जनपक्षीय व्यक्तिहरूसमेत उम्मेदवार भएको राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचन र २०४८ सालको संसदीय आमनिर्वाचनलाई निष्पक्ष र धाँधलीरहित बनाउन पर्यवेक्षण टोलीका तर्फबाट उहाँले खेल्नुभएको भूमिका अत्यधिक प्रशंसित रहन पुगेको थियो।

मानवअधिकार आन्दोलनलाई नयाँ ढंगले अगाडि बढाउने उद्देश्यले स्थापित अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को उहाँ निर्देशक हुनुहुन्थ्यो। इन्सेकद्वारा संचालित मानवअधिकार सचेतन अभिवृद्धि कार्यक्रमका श्रष्टा प्रकाश काफ्ले नै हुनुहुन्थ्यो। उहाँले





नेपालमा मानवअधिकारको स्थितिलाई व्यापकरूपमा समेटेर प्रत्येक वर्ष मानवअधिकार वर्ष पुस्तक प्रकाशित गर्ने र बँधुवा मजदूरसम्बन्धी अध्ययन-अनुसन्धान गर्ने योजनाको निर्माण पनि गर्नुभएको थियो। उहाँको यो सोचाइलाई मूर्तरूप दिएर इन्सेकले मानवअधिकार वर्ष पुस्तकको प्रकाशन शुरू गरी हालसम्म १९९२ देखि ९७ सम्मका छ वटा वर्ष पुस्तक प्रकाशित गरेको छ भने बँधुवा मजदूर सम्बन्धी प्रतिवेदन पनि प्रकाशित भैसकेको छ। त्यस्तै बँधुवा मजदूर मुक्ति मोर्चा र पीडित महिला मंचको गठन गर्नुपर्ने सोचाइलाई पनि उहाँले अगाडि बढाउनुभएको थियो। दक्षिण एशियाली मानवअधिकार मंच पनि उहाँकै सोचाइअनुरूप स्थापना हुन पुगेको छ।

मानवअधिकार आन्दोलनलाई अगाडि बढाउँदै जाने क्रममा उहाँको जिम्मेवारी नेपाललाई केन्द्र बनाएर दक्षिण एशियाली क्षेत्रमा विस्तारित हुन पुग्यो। उहाँले नेपालको राजनीति र मानवअधिकारको स्थितिलाई विश्वसामु परिचित गराउने कुरामा समेत योगदान पुऱ्याउनुभयो।

प्रकाश काफ्ले एशियन कल्चरल फोरम अन डिभलपमेण्ट, एशिया प्यासिफिक ब्युरो अफ एडल्ट एजुकेशन, साउथ एशियन जुडिसियरी टास्कफोर्स, मानवअधिकारसम्बन्धी एशिया फोरम जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूको सदस्य हुनुहुन्थ्यो। उहाँले पत्रकारको रूपमा बंगलादेश, पाकिस्तान, चीन, उत्तर कोरिया, भारत र हङ्गकङ्गको भ्रमण गर्नुभएको थियो। मानवअधिकारवादी कार्यकर्ताको रूपमा प्रकाश काफ्लेले थाइल्याण्ड, फिलिपिन्स, स्वीट्जरल्याण्ड, जर्मनी, हल्याण्ड, श्रीलंका, भारत, बंगलादेश, पाकिस्तान, हङ्गकङ्ग, ताइवान, कोलम्बिया र मेक्सिकोको भ्रमण गर्नुभएको थियो।

सुशील-प्रकाश, रूपेशकुमार र स्मृतिको नामबाट लेख्नहरू लेख्नुहुने प्रकाश काफ्लेले मानवअधिकारसम्बन्धी थुप्रै पुस्तकहरूको सम्पादन गर्नुभएको छ। साउथ एशियन एक्स्चेञ्ज बुलेटिनको नियमित प्रकाशन उहाँकै सम्पादनमा शुरू भएको थियो।

आफ्नो जीवनको अन्तिम समयमा उहाँ भूटानको प्रजातान्त्रिक आन्दोलनलाई सहयोग पुऱ्याउन सक्रिय रहनुभएको थियो। उहाँले भूटानमा मानवअधिकारको स्थितिबारे अध्ययन गर्ने साउथ एशियन जुडिसियरीको संयोजन मात्र गर्नुभएन, भूटानी प्रजातान्त्रिक आन्दोलनको इतिहासलाई समेट्ने "दि भूटान ट्रेजेडी ह्वेन वील इट इण्ड" नामको पुस्तक प्रकाशनमा समेत ठूलो भूमिका खेल्नु भएको थियो।

उहाँको सपना थियो- पिपुल्स सार्कको गठन गर्ने। त्यस्तै उहाँको अर्को सपना पनि थियो- नेपालमा इन्टरनेशनल कांग्रेस अन डेमोक्र्याटिक अल्टरनेटिभ फर डेभलेपमेन्ट, ह्युमन राइट्स जस्टिस एण्ड पिस् आयोजना गर्ने। यो सपनालाई उहाँले पूरा गर्न पाउनु भएन। हामीले उहाँको यो सपनालाई हृदयमा साँचेका छौं र त्यसलाई पूरा गर्ने प्रण गर्नुपर्ने आवश्यकता भएको महसूस पनि गरेका छौं।

"मानवअधिकारको रक्षा र विकास जनताको सचेतन, जागरण र संगठित आवाजबाट मात्र सम्भव छ।" नेपालको मानवअधिकार आन्दोलनका अथक योद्धा प्रकाश काफ्ले यसो भन्नुहुन्थ्यो। जनताको त्यही सचेतन जागरण र संगठित आवाजप्रति प्रतिबद्ध हुँदै



सामाजिक न्याय र मानवअधिकारको निम्ति अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) कार्यरत् छ। मानवअधिकार अथक योद्धा प्रकाश काफ्लेको स्मृतिमा ०५१ सालमा इन्सेकद्वारा एक पुरस्कारको स्थापना गरियो। पुरस्कारको रकम रू. २५ हजार, अभिनन्दनपत्र तथा इन्सेकको कलात्मक प्रतीक चिह्न (लोगो) रहेको छ। मानवअधिकारको सवाललाई जनताको प्रत्यक्ष सरोकारको विषय बनाउने अभियानमा निरन्तर लाग्नुभएका प्रकाश काफ्लेको स्मृतिलाई चिरस्मरणीय बनाउँदै उहाँकै नाममा स्थापित यो पुरस्कार मानवअधिकारका विविध पक्षमा उल्लेखनीय योगदान पुऱ्याउने विशिष्ट व्यक्तित्वको छनौट गरी हरेक वर्ष एक जनालाई प्रदान गर्ने गरिएको छ। त्यस्तो विशिष्ट व्यक्तिको छनौट गरी हरेक वर्ष चैत २७ गते प्रजातन्त्र पुनर्स्थापना दिवस तथा मानवअधिकार वर्ष पुस्तकको विमोचनका अवसरमा घोषणा गरिन्छ र प्रकाश काफ्लेको स्मृति दिवस (साउन १६ गते) का अवसरमा आयोजित विशेष समारोहमा प्रदान गरिन्छ। यो पुरस्कार ०५१ मा पहिलो पटक ग्रामीण क्षेत्रमा पत्रपत्रिकामार्फत् मानवअधिकार चेतना निर्माणमा उल्लेख्य योगदान पुऱ्याउनुहुने पाल्पाका पत्रकार विनयकुमार कसजूलाई पुरस्कृत गरिएको थियो।

०५२ सालको प्रकाश मानवअधिकार पुरस्कार सामाजिक सेवाको क्षेत्रमध्ये विपन्न वर्गका जनताको

स्वास्थ्य उपचारमा निःस्वार्थ सेवा र योगदान पुऱ्याउँदै आउनुभएका वीरगञ्ज निवासी गजेन्द्रबहादुर बस्नेतलाई प्रदान गर्ने निर्णय गरिएको छ। श्री बस्नेत विगत ३३ वर्षदेखि निरन्तररूपमा असहाय र अशक्त मानिसहरूलाई औषधी उपचारको निम्ति सबै प्रकारको सहयोग जुटाउनमै तल्लीन रहनुभएको छ। यस क्रममा उहाँले ०१९ सालदेखि ०३० सालसम्म वीरगञ्जको रेशम कोठीस्थित आफ्नो घरमा असहाय र अशक्तहरूलाई बस्ने/सुत्ने सुविधासमेत उपलब्ध गराउनुभएको थियो। आर्थिक संकटका कारण उक्त कार्यलाई निरन्तरता दिन नसके पनि त्यसपछिका दिनहरूमा उहाँ वीरगञ्ज अस्पताललाई नै आधार थलो बनाएर यस पवित्र ध्येयमा जुटिरहनुभयो। विक्रम संवत १९७० सालमा जन्मनुभएका बस्नेत ८२ वर्षको वृद्ध उमेरमा पनि हरेक बिहान रोगी बिरामीहरूका बीचमा सेवा सद्भाव पुऱ्याइरहनुभएको छ।

कमैया प्रथाविरूद्ध विगत ४६ वर्षदेखि निरन्तर रूपमा सक्रिय रही कमैया किसान मुक्ति तथा दासदासी प्रथाविरूद्ध सक्रिय भएर काम गरिरहनुभएका ५९ वर्षीय ऋषिराम चौधरी (थारू) लाई ०५३ सालको "प्रकाश मानवअधिकार पुरस्कार" प्रदान गरियो। श्री ऋषिराम चौधरी (थारू) वि.सं. १९९५ सालमा दाङ जिल्लाको त्रि.न.न.पा-२ गुलरियामा जन्मनुभएको हो। स्थानीय रात्रि पाठशालाबाट कक्षा ४ उत्तीर्ण गर्नुहुने श्री चौधरीले बाल्यकालदेखि नै कमैयाको तीतो अनुभव महसुस गर्नुभयो। उहाँमा चेतना बढ्दै जाने क्रममा उहाँ उक्त अमानवीय प्रथाको विरूद्ध संगठित तथा व्यक्तिगत रूपमा समेत सक्रिय भएर काम गर्न थाल्नुभयो। सामन्ती शोषण, उत्पीडन तथा जमिन्दारी प्रथाको विरूद्धमा आवाज उठाउँदा उहाँले कठोर जेल जीवनको समेत सामना गर्नुपरेको थियो।

०५४ सालको प्रकाश मानवअधिकार पुरस्कार वि. सं. २००१ साल देखि परोपकारी कार्य आरम्भ गरी निरन्तर सामाजिक सेवामा समर्पित ८७ वर्षीय वृद्ध तथा अग्रणी समाजसेवी श्री दयावीर सिंह कंसकारलाई प्रदान गर्ने निर्णय गरिएको छ। श्री कंसकार वि. सं. १९६८ साल वैशाख २२ गते पिता स्व. भवानीवीर कंसकार र माता स्व. लक्ष्मीदेवी कंसकारका जेष्ठ सुपुत्रका रूपमा काठमाडौंस्थित केलटोलमा जन्मिनुभएको हो। उहाँ नेपालको प्रथम रक्तदानकर्ता, नेपालकै पहिलो कल्याणकारी परोकार संस्था (स्था. २००४ साल) को संस्थापक र सञ्चालक तथा नेपाल रेडक्रस सोसाइटीका संस्थापक सदस्य हुनुहुन्छ।

आठ कक्षासम्म मात्र औपचारिक शिक्षा लिनुभएका दयावीरसिंह राणाकालीन जर्जर युगमा पनि व्यक्तिगत सुख-सुविधा त्यागेर दीनहीन तथा गरीब र रोगीहरूको सेवा र परोपकारमा समर्पित हुने एउटा आदर्शको धरोहर हुनुहुन्छ। सेवालाई परोपकार भन्दा आफ्नै स्वार्थपूर्तिको साधन बनाउने प्रवृत्तिकै हालीमुहाली भइरहेको यो बेला- "यस्तो काम गर, जसबाट धेरै मानिसको जीवन रक्षा होस्" भन्ने आदर्शलाई आजीवन आत्मसात गरिरहने कंसकारको जीवन र व्यक्तित्व आफैंमा एउटा सबल आदर्श हो। वि. सं. २००० सालअघि र पछि आफ्नो सानो पसलमा प्राथमिक उपचारका केही औषधीहरू राखी दीनदुःखी र गरीबहरूलाई निःशुल्क वितरण गरी सेवा कार्य थाल्नुभएका कंसकारले २००४ साल असोज १० गते

तत्कालीन राणा सरकारबाट "खड्ग निशाना" प्राप्त गरी परोपकार औषधालय स्थापना गर्नुभयो। यही औषधालय २००७ सालमा प्रजातन्त्र स्थापनाको लगत्तै पछि परोपकार संस्थाको नाममा रूपान्तरित भएर आजपर्यन्त सामाजिक सेवामा डटिरहेको छ। २००७ सालको राणा विरोधी सशस्त्र आन्दोलको क्रममा घाइते भएकाहरूलाई उपचार गर्ने कार्यमा समेत परोपकार संस्था परिचालित भएको थियो भन्ने कुरा इतिहासमा उल्लेखित छ। तत्कालीन समयमा देशका विभिन्न भागमा खुलेका यसका ४५ वटा डिपोबाट क्रान्तिकारीहरूले सेवा सुविधा प्राप्त गरेका थिए। परोकार संस्थाको सेवा कार्य विस्तारका क्रममा वि. सं. २००९ सालमा परोपकार अनाथालयको स्थापना, वि. सं. २००९ सालमा परोपकार आदर्श हाइस्कूलको स्थापना, २०१० सालमा नेपालमै सर्व प्रथम परोपकार एम्बुलेन्स सेवाको सञ्चालन, २०१५ सालपछि अभियानकै रूपमा परोपकार रक्तदान कार्यको शुभारम्भ, २०१६ सालमा परोपकार श्री ५ इन्द्रराज्य लक्ष्मी देवी प्रसूति गृहको स्थापनालगायत् विविध परोपकार कार्यमा दयावीरसिंह कंसकारको महत्वपूर्ण योगदान रहेको छ। यसरी परोपकार जस्तो विविध सेवा क्षेत्रहरूको स्थापना, सञ्चालन र विकासमा परोपकार संस्थाका जन्मदाता श्री दयावीरसिंह कंसकारले अग्रणी भूमिकाको निर्वाह गर्नुभएको छ र उहाँ स्वयं एउटा आदर्श संस्था बन्नुभएको छ। उहाँको यही उच्च व्यक्तित्वको कदर गर्दै यस वर्षको प्रकाश मानवअधिकार पुरस्कारले उहाँलाई यही साउन १६ गते सम्मानित गर्ने निर्णयमा हामी पुगेका छौं।

हामीलाई लाग्छ, यो पुरस्कारले उहाँमात्र सम्मानित हुनुभएको छैन, दीनहीन र दुःखी गरीबहरूप्रति सधैं सेवा भाव राख्नुपर्दछ भन्ने धेय र भावना पनि सँगसँगै सम्मानित भएको छ।

मानवअधिकार आन्दोलनका अथक योद्धा प्रकाश काफ्ले यिनै भावना र कामले आज अमर हुनुहुन्छ। नामका लागि हैन, कामका लागि सदैव क्रियाशील रहनुहुने स्वर्गीय काफ्लेलाई उहाँकै योगदानहरूले अमरता प्रदान गरेका छन्।



तस्वीरमा प्रकाश काफ्ले











प्रकाश काफ्लेले निर्देशन गर्नु भएको मार्ग

इन्सेकका तत्कालीन निर्देशक तथा सुपरिचित मानवअधिकारवादी कार्यकर्ता प्रकाश काफ्ले भौतिक रूपमा यस संसारमा हुनुहुन्न भन्ने कुरालाई अब साँचो मान्नै पर्छ। यस नमिठो सत्यले अचानक धेरै कल्पनाहरूलाई भत्काई दिएको छ, धेरै सपनाहरूलाई उडाई दिएको छ। परन्तु, हरेक कुरोको एउटा सीमा हुन्छ। साउन सोह्रको महाकालले पनि भत्काउन नसकेको एउटा राजपथ छ, प्रकाश काफ्लेले देखाउनु भएको, निर्देशन गर्नु भएको एउटा राजमार्ग। उहाँले स्थापित गर्नु भएको एउटा मूल्य, एउटा आदर्श-जसलाई काललेपनि खोस्न सकेको छैन।

मानव अधिकारको क्षेत्रमा उहाँले स्थापित गर्नु भएको मूल्यले गर्दा नै नेपालमा मानवअधिकारको सुस्पष्ट अवधारणा विकसित हुन सक्यो। वाद र विवादको घेराभन्दा माथि उठेर उहाँले यस क्षेत्रमा एउटा ध्वजा नै गाड्नु भएको छ। त्यस क्रममा उहाँ कतिपल्ट माँचिनु भयो तर दोब्रिनु भएन।

निर्भिक र निष्पक्ष दृष्टिले गर्दा नै आज उहाँ समयले साथ नदिए पनि आफ्नै कीर्तिको उज्यालोमा चम्किरहनु भएको छ। मृत्युले उहाँमाथि असमयमा धावा बोल्यो तर उहाँ अमर हुनुहुन्छ।

विश्व मानवअधिकारको आन्दोलनमा म्याग्नाकार्टालाई नै आदि अभियान मानिन्छ। नेपालमा मानवअधिकारको दिशा निर्दिष्ट आन्दोलनको शुरूवातकर्ताहरूको चर्चा गर्ने हो भने प्रकाश काफ्ले नै अग्रीम पंक्तिमा पर्नु हुन्छ। म्याग्नाकार्टा जारी भएपछिका दिनहरूमा बेलायती संसदद्वारा पारित वील अफ राइट्स, अमेरिकी संविधान र फ्रान्सको विधान सभाद्वारा पारित नागरिक अधिकारको घोषणापत्र आदिले विश्व जनसमुदायलाई यस दिशामा सचेत बनाउँदै लग्यो। उन्नाइसौं शताब्दीको उत्तरार्धमामात्र विश्वका जनताले लिखित अवधारणामा मात्र भए पनि आफ्नो पंक्तिलाई प्रजाबाट जनताको स्तरमा उकास्न सके। तर यसै धर्तीका हामी नेपालीले त्यसपछि पनि धेरै पर्खनु पऱ्यो।

विश्वमा मूलतः मार्क्सवादको जन्म र प्रसार पश्चात मानवअधिकार सम्बन्धी अवधारणाले फरक धरातल खोज्न थाल्यो। रूसको अक्टुवर क्रान्तिपछि त यस सम्बन्धी अवधारणामा व्यावहारिक प्रभाव पार्न थाल्यो। शोषित वर्ग र अल्पसंख्यक जातिको आत्म निर्णयको अधिकार एवं आर्थिक समानताको अधिकारप्रति आँखा चिम्लिएर साँचो मानवअधिकारको रक्षा गर्न सकिदैन भन्ने त्यस क्रान्तिले अघि सारेको मान्यताले दोस्रो विश्व युद्धको समाप्ति संगै ठूलो महत्व पनि पाएको थियो।

आजभन्दा चैवालीस वर्ष पहिले संयुक्त राष्ट्र संघले मानवअधिकारको विश्वव्यापी घोषणा अघि सारे पश्चात् पहिलो चोटी मानवअधिकारका सम्बन्धमा सापेक्षित सर्वमान्य अवधारणाको अस्तित्व देखापरेको थियो। राष्ट्रसंघले सोह्र वर्ष पछि नागरिकको राजनैतिक अधिकार र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी दुई छुट्टाछुट्टै संविदाहरू जारी गरेर *मानवअधिकारलाई अझ आधारभूत ढंगले लागु गर्नुपर्ने* आवश्यकता दर्शाएको थियो। तर नेपालको सरकारले बिगत जनआन्दोलन पश्चातमात्र त्यसमा हस्ताक्षर गऱ्यो।

विश्वव्यापी रूपमा मानवअधिकारको एउटा स्पष्ट अवधारणा निकै अघि बढी सक्दा पनि हाम्रो देशको स्थिति बेग्लै थियो। राष्ट्रिय चेतना लामो समयसम्म त्यस्तै रह्यो। स्व. काफ्ले सहितको नयाँ पुस्ताले त्यो सुन्यता तोड्न सक्रियताको आँधी चलाउनु परेको थियो। चेतनाको अभाव र अशिक्षाको पासोमा परेका नेपाली वास्तवमा ०४६ सम्म नै "प्रजा" रहेका थिए। गोरखाका लखन थापाले जंगबहादुरकै पालामा नागरिक हकको कुरा उठाएर शहादत प्राप्त गरेको भएपनि नेपालीले धेरैपछिसम्म नागरिकहरूको अधिकार पनि हुन्छ भन्ने कुरा थाहा पाउनै पाएनन्। राजनैतिक अधिकारको कमी सम्बत् १९९३ मा राजधानीका केही अगुवा युवाहरूले महसुस गरेर प्रजापरिषद्को गठन गरेका थिए। ००३ सालमा नेपाली राष्ट्रिय कांग्रेस पनि राजनीतिक अधिकार खोस्नकै निम्ति अघि सरेको थियो। त्यस्तै ००६ सालमा गठित नेपाल कम्युनिष्ट पार्टीको पहिलो घोषणापत्रमा पनि "पूर्ण नागरिक स्वतन्त्रता" लाई छुट्टै बुँदामा समावेश गरी त्यसमा जोड दिइएको थियो। तर चार दशकपछि, नागरिक हकको कुरा उठाउने आदि पुरूष टंक प्रसाद आचार्यलाई साथलिंदै प्रकाश काफ्ले र अन्य युवाहरू नै अघि बढ्नु पऱ्यो। विविध राजनीतिक पार्टीहरू माझ राजनैतिक स्वतन्त्रताको निम्ति साझा सहमति हुन सके पनि मानवअधिकार सम्बन्धमा सबैमा तादात्मयता हुन सकेन। आफ्नो मानवअधिकार मात्र हनन भइरहेको देख्ने प्रवृत्ति सबै कोणमा आज पनि बलशाली छ। यस दृष्टिले हेर्दा संवत १९९४ मा शुक्रराज शास्त्रीको अध्यक्षतामा गठित नागरिक अधिकार समितिलाई नै नेपालको पहिलो मानवअधिकार संगठन मान्नु पर्ने पनि देखिन्छ। तर अत्यन्त छोटो अवधिमै त्यो संस्थाको अस्तित्व हराए पश्चात् अति लामो समयसम्म नेपालमा विशुद्ध मानवअधिकार संगठन नै देखा परेन। त्यतिबेलाको चेतनाको धरातलममा उभिएको त्यो संस्था मूलतः मानवअधिकारको कुरो उठाउने संस्था नै थियो भन्नु अत्युक्ति नहोला। तर त्यसको उद्देश्य सफलिभूत तुल्याउन, मासमले मात्र सक्यो, त्यसका निम्ति प्रकाश काफ्ले नै चाहियो।

०१२ सालमा नेपालले संयुक्त राष्ट्र संघको सदस्यता प्राप्त गऱ्यो, तर नागरिक हकका सवालमा भने सरकारले अलिकति पनि उदारता देखाउनु आवश्यक ठानेन। सत्र सालमा सात सालले दिएको सीमित नागरिक हकमाथि पनि कुठाराघात भएपछि त विश्वका मानवअधिकारवादी संघसंस्थाहरूको कालो खातामा नेपालको नाम वारम्बार चढ्न थाल्यो।

देशको त्यस्तै निस्सासिंदो परिवेशमा मानवअधिकारको सुस्पष्ट अत्याधुनिक र वैज्ञानिक अवधारणाका साथ संवत ०४१ मा मानवअधिकार संरक्षण मंचको स्थापना भएको थियो र त्यसको धुरीमा हुनुहुन्थ्यो स्व. प्रकाश काफ्ले। त्यो यस्तो कालरात्रीको समय थियो जति बेला मानवअधिकारको पंचायती सूत्रहरू घोकाउन मै सारा राज्ययन्त्र व्यस्त थियो। त्यतिबेला विश्व मानवअधिकार दिवसका दिन गृहमन्त्रीले रेडियोबाट वक्तव्य त दिन्थे तर जनताले *कहिले टंकप्रसाद आचार्यको प्राङ्गणमा त कहिले क्याम्पस प्राङ्गणमा खुम्चिएर मानवअधिकारको कुरा* गर्नु पर्थ्यो।

राजधानीमा ०४६ को मानवअधिकार दिवस त्रि-चन्द्र क्याम्पसमा मनाइएको थियो। त्यहाँ बोल्दै वरिष्ठ अधिवक्ता लक्ष्मण अर्यालले भन्नुभएको थियो- "मुलुकको संविधान नै यस्तो छ कि ११ देखि १६ सम्मको धाराले जनतालाई अधिकार दिए जस्तो देखिन्छ तर धारा १७ ले ती सबै अधिकारलाई खोसेको छ।" त्यतिबेलासम्म धेरै जागरूक नागरिकहरूले संविधानको चिरफार गरेर यस प्रकार आलोचना गर्न थालिसकेका थिए। ऋषिकेश शाहले पनि पंचायतद्वारा मानवअधिकारको तीव्र उल्लंघन भएको कुरा महसुस गरी ०४५ मा नेपाल मानवअधिकार संगठनको स्थापना गर्नु भएको थियो। तर नेपालमा मानवअधिकार दिवस मनाउने परम्पराको सुरूवात सम्वत ०४१ देखि मनवअधिकार संरक्षण मंचले नै गरेको थियो र त्यस मंचको न्युक्लियसमा हुनुहुन्थ्यो स्व. काफ्ले।

चाहे झापाको मेची किनारमा दश कदम परबाट प्रहरीद्वारा विद्यार्थी लक्ष्मी पाण्डेको हत्या हुँदा होस्, चाहे भक्तपुरका कामरेड रोहित र उहाँका सहयोगीहरूमाथि कर्ण हयोजुको हत्या पश्चात् भएको सरकारी ज्यादती होस् स्व. काफ्लेले तत्कालीन सत्ताद्वारा भएका अमानवीय कामहरूको अग्रीम पंक्तिमा उभिएर, तथ्यगत भर्त्सना गर्नु भएको थियो। जनआन्दोलनमा उहाँले खेल्नु भएको अविस्मरणीय भूमिकाको त राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरमै मूल्यांकन भइरहेकै छ।

जनताको अनुमोदनलाई सदैव उच्च सम्मान प्रदान गर्न सकेमात्र प्रजातन्त्र बलियो हुन सक्छ भन्ने मान्यता राख्ने स्व. काफ्ले पंचायती कालदेखि हालै सम्पन्न स्थानीय निर्वाचनसम्मको प्रत्यक्ष र परोक्ष पर्यवेक्षण गर्नु भएको थियो। र उहाँ सधैं यस क्षेत्रमै हुने चुनावी धाँधलीहरूबाट चिन्तित हुनुहुन्थ्यो। बंगलादेशको गत आम चुनावमा पनि उहाँले सक्रियताकासाथ अन्तर्राष्ट्रिय पर्यवेक्षकको हैसियतले पर्यवेक्षण कार्यमा भाग लिनु भयो। नेपालको संविधानलाई सक्दो प्रगतिशील बनाउन उहाँले तत्कालीन संविधान सुझाव आयोगलाई राष्ट्रिय अन्तर्राष्ट्रिय र व्यक्तिगत सल्लाह समेत जुटाई दिएर सहयोग गर्नु भएको थियो।

पछिल्लो समयमा उहाँ मानवअधिकारका निम्ति आफैमा संस्था बनिसक्नु भएको थियो। उहाँलाई मानवअधिकारका अर्थमा राजनीतिक बन्धन भन्दा पृथक तर प्रतिबद्धता र आदर्शका हिसाबले अत्यन्त अनुशासित मानिन्थ्यो। मानवअधिकारका निम्ति प्रजातान्त्रिक विकल्पको खोजी गर्न उहाँले जीवनको अन्त्यतिर विश्वका वरिष्ठतम मानवअधिकारवादीहरूलाई एउटै थलोमा भेला भई वृहद छलफल चलाउन घच्घच्याइरहनु भएको थियो।

म्याक्सिम गोर्कीले कुनै ठाउँ भनेका छन्- "आज भन्दा अढाई हजार वर्ष अगाडि जुन मुर्दाको दर्शनले सिद्धार्थलाई बुद्ध बनाएको थियो त्यो मुर्दा के साँच्चै निर्जिव थियो। त्यो मुर्दा थिएन, त्यो त कपिलवस्तुका हज्जारौं प्राणीहरूभन्दा सजिव थियो।" प्रकाश काफ्ले पनि भौतिक रूपमा निर्जिव हुनु भएको छ तापनि आफ्ना कीर्तिहरूमा उहाँ हाँसिरहनु भएको *हामी देख्नेछौं। हामीले केवल उहाँले छोडेर जानु भएका* ज्यावलद्वारा उहाँले बाँकी राखी दिनु भएको रोडा फुटाउन थाल्नु पर्दछ। हामी उहाँका सहयोद्धाहरूले यतिखेर यही प्रण गर्नु परेको छ।

(प्रकाश काफ्लेको देहान्त पछि पुनरप्रकाशन शुरू गरिएको प्राचीको पहिलो अंकको सम्पादकीयसाभार।)

का.जि.का.द.नं. २१/४९/५०



















मानवअधिकार सम्बन्धी चेतना उन्नत बनाउन

मानवअधिकार साहित्यको अध्ययन गर्नु